# नेपालमा मधेशी समुदायको वस्तुस्थिति विवरण

(द्वितीय स्रोतका तथ्याङ्कमा आधारित रही तयार गरिएको प्रतिवेदन)


**मधेशी आयोग**

ज्वागल, ललितपुर,
नेपाल

☎ टेलिफोन नम्बर : ०१-५२६९१८५

फेसबुक पेज : मधेशी आयोग-Madheshi Commission

ट्वीटर पेज : मधेशी आयोग

✉ ईमेल : madheshicommission@gmail.com

वेबसाइट : madheshicommission.gov.np

सेन्टर फर रिजिलियन्स एण्ड डिभेलपमेन्ट प्रा.लि.

मध्यपुर थिमि, भक्तपुर

चैत, २०८०

# आयोगका पदाधिकारी



**डा. विजय कुमार दत्त**
माननीय अध्यक्ष



**जीवछ साह**
माननीय सदस्य



**रेणु देवी साह**
माननीय सदस्य



**विजय कुमार गुप्ता**
माननीय सदस्य



**आभा कुमारी**
माननीय सदस्य

# अध्यक्षीय मन्तव्य

जीवस्य जीवो जीवनको मुलमन्त्र नै मानवको मानवमैत्री र मानवीय मुल्यलाई अंगीकार र स्वीकार गर्न उत्प्रेरकको काम गरेको छ । मानवलाई मानवताको लागि सहि मार्ग र चित्र वनाउनका लागि सहि र तथ्यपरक तथ्यांकको आवश्यकता हुन्छ र यसले रोग अनुसारको औषधी८ जस्तै सामाजिक न्याय निरूपणमा प्रभावकारी भई काम गर्छ । जात भित्रका वर्ग र वर्गभित्र रहेका जातहरूको यथार्थपरक समीचिन निदान गर्न सहजता प्रदान गर्छ ।

तथ्यपरक कार्य सम्पादनार्थ मधेशी आयोग अहोरात्र कार्यमा जुटेको छ ! अति न्युन स्रोत र साधनका बावजुद पनि स्थापनाकाल देखि नै यसले परिभाषित जिम्मेदारी अनुसार समस्या पगिचान, वर्ग पहिचान,लोगो निर्माण,प्रविधियुक्त प्रयोग पदाधिकारीदेखि कर्मचारी सम्म,पन्चबर्षिय रणनितिक योजना, निर्माण, उजुरी संकलन तथा कार्वाहीको सिफारिश, मधेशको परिभाषा र जातजातिको थरको निरूपण,खण्डीकृत तथ्यांकको प्रकाशन, राजयमा समुदायको पहुंच र २०७८ सालको जनगणनानुसार मधेश प्रोफाइलको अद्यावधिक गरिकको प्रकाशन आयोगले गरेको छ ।

प्राप्त कानुनी अधिकार अनुसार,आयोगले नीति निर्माणमा सहयोगी र जनचेतनामुलक कार्यक्रम सम्पादन गर्दै आएको छ । आयोगले जनअपेक्षा अनुसार अझै धेरै गर्नु पर्ने छ तर,दक्ष मानवस्रोतमा विपन्नता रहेको छ । जनताको माग र सेवा प्रवाह भएको आपुर्तिमा ठुलो खाडल रहेको छ ।

यि सबै चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्नु नै र्निविकल्प विकल्प हुन । यसै पथका अथकित पथिक भई आयोगले यो प्रोफाइल प्रकाशन गरेको छ । निसन्देह यो चतुर्दिक रूपमा समाजोपयोगी र राष्ट्रोपयोगी हुनेछ । यस प्रकाशनमा प्रत्यक्ष र परोक्ष सहयोग गर्ने सम्पुर्ण प्राज्ञजनमा कोटीकोटी नमन र नमस्कार अर्पण गर्दछु ।

भवदीय
डा. विजयकुमार दत्त
अध्यक्ष, मधेशी आयोग
vijay.dutta2011@gmail.com

# विषय सूची


परिच्छेद १ : परिचय ६

१.१ पृष्ठभूमि ६

१.२ उद्देश्य ६

१.३ औचित्य ६

१.४ कार्यक्षेत्र ६

१.५ अध्ययन विधि तथा प्रक्रिया ७

१.६ सीमा र प्रष्टीकरण ७

परिच्छेद २ : मधेश र मधेशी समुदाय ९

२.१ मधेश ९

२.२ मधेशी समुदाय १०

२.३ पहिचान भएका मधेशी जात थरहरु ११

२.३.१ नेपाल सरकारद्वारा सूचीकृत मधेशी समुदायका जात थर १२

२.३.२ थर सूचीकरण अध्ययन प्रतिवेदनले पहिचान गरेका जात थर १३

२.३.३ नेपाल सरकार र मधेशी आयोगले पहिचान गरेका जात थरमा अन्तर१४

परिच्छेद ३ : तराई मधेशको राजनीतिक प्रशासनिक संरचना र जनसङ्ख्या १५

३.१ पृष्ठभूमि १५

३.२ प्रदेश अनुसार तराई मधेशका जिल्लाहरु १५

३.३ जिल्ला अनुसार तराई मधेशका स्थानीय तहहरु १५

३.४ तराई मधेशअन्तर्गतका स्थानीय तहहरुको विवरण १६

३.५ तराई मधेशमा जनसाङ्ख्यिक वृद्धिको प्रवृत्ति २१

३.६ तराई मधेशको आधारभूत जनसाङ्खिक अवस्था २१

परिच्छेद ४ : मधेशी समुदायको जनसङ्ख्या २३

४.१ पृष्ठभूमि २३
४.२ नेपालमा मधेशी समुदायको जनसङ्ख्या २३
४.४ अध्ययन क्षेत्रमा जिल्लागत रुपमा मधेशी समुदायको जनसङ्ख्या २८
४.५ मधेशी समुदायसँग सम्बन्धित भाषाभाषी ३०
४.६ मातृभाषाअनुसारको जनसाङ्ख्यिक वृद्धि प्रवृत्ति ३२

परिच्छेद ५ : नेपालमा समावेशी नीति र मधेशी समुदायको स्थान ३३
५.१ पृष्ठभूमि ३३
५.२ सङ्घीय कानुनी व्यवस्थाहरु ३३
५.२.१ संवैधानिक व्यवस्थाहरु ३३
५.२.२ निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति ३४
५.२.३ निजामति सेवा ऐन ३५
५.२.४ सशस्त्र प्रहरी नियमावली ३५
५.२.५ प्रहरी नियमावली ३६
५.२.६ शिक्षक सेवा नियमावली ३६
५.२.७ स्वास्थ्य सेवा नियमावली, २०५३ ३६
५.२.८ छात्रवृत्ति नियमावली ३६
५.३ प्रदेशस्तरीय कानुनी व्यवस्थाहरु ३६
५.३.१ कोशी प्रदेश ३७
५.३.२ मधेश प्रदेश ३७
५.३.३ बागमती प्रदेश ३७
५.३.४ गण्डकी प्रदेश ३८
५.३.५ लुम्बिनी प्रदेश ३८
५.३.६ कर्णाली प्रदेश ३९
५.३.७ सुदूर पश्चिम प्रदेश ३९

परिच्छेद ६ : मधेशी समुदायसँग सम्बन्धित संस्कृति भाषा, कला र परम्परा ४०

६.१ पृष्ठभूमि ४०

६.२ मिथिला ४०

६.३ बज्जिका ४१

६.४ भोजपुरी ४१

६.५ अवधि ४२

६.६ राजवंशी ४२

६.७ सन्थाल ४३

परिच्छेद ७ : नेपालको मूल प्रवाहमा मधेशी समुदायको स्थान ४५

७.१ पृष्ठभूमि ४५

७.२ निजामती सेवामा मधेशी समुदायको प्रतिनिधित्व ४५

७.३ सङ्घीय कार्यालयहरुमा मधेशी समुदायको प्रतिनिधित्व ४६

७.४ स्थानीय योजना तर्जुमामा मधेशी समुदायको सहभागिता ४६

७.५ वित्तीय संस्थामा मधेशी समुदायको पहुँच ४७

७.६ शिक्षामा मधेशी समुदायको पहुँच ४८

७.७ स्वास्थ्यमा मधेशी समुदायको पहुँच ४८

७.८ आर्थिक साधनहरुमा मधेशी समुदायको पहुँच ४९

७.९ जीवनस्तरका दृष्टिकोणले मधेशी समुदाय ५०

७.१० विभिन्न जातजातिको नगद आम्दानीको स्रोत अनुसार घरपरिवार ५१

७.११ राजनीतिक दलमा मधेशी समुदायको सहभागिता ५४

७.१२ सार्वजनिक संस्थानमा ५४

७.१३ राजनीतिक नियुक्ति हुने पदमा ५४

परिच्छेद ८ : अध्ययन क्षेत्रको आर्थिक अवस्था ५६

८.१ व्यावसायिक/आर्थिक एकाइ ५६

| | | |
|---|---|---|
| ८.२ | सम्लग्न जनशक्तिको आकार अनुसार व्यावसायिक प्रतिष्ठान | ५७ |
| ८.३ | भोगचलनमा रहेका जग्गाको सङ्ख्या आकार खण्डीकरण र सिंचाइ सुविधा | ५८ |
| ८.४ | घरधुरीको आम्दानीको मुख्य स्रोत र कुल आम्दानीमा कृषी क्षेत्रको हिस्सा | ५९ |
| परिच्छेद ८ : निष्कर्ष एवम् सुझाव | | ६१ |
| ८.१ | निष्कर्ष | ६१ |
| ८.२ | सुझाव | ६२ |


## तालिका सूची


| | | |
|---|---|---|
| तालिका त्रेक्ष नययध्अ रासनुअ लोगभू : १ | | ७ |
| तालिका रथ ताज ाकयादमुस ीशधेम ाकरेग नाचहपि लेराकरस लापने : २ | | १२ |
| तालिका ाकयादमुस ीशधेम ाकरेग नाचहपि लेनदवेतप्रि नययध्अ णरकीचसू रथ : ३ राथ ताज | | १३ |
| तालिका ४: | प्रदेश अनुसार तराई मधेशका जिल्लाहरु | १५ |
| तालिका ५: | जिल्लाअनुसार तराई मधेशका स्थानीय तहहरूको सङ्ख्या | १६ |
| तालिका ६: | तराई मधेशअन्तर्गतका स्थानीय तहहरु | १६ |
| तालिका ७: | विगत पचास वर्ष अवधिमा तराई मधेशका जिल्लाहरुमा जनसङ्ख्या वृद्धि | २१ |
| तालिका ८: | तराई मधेशका जिल्लाको आधारभूत जनसाङ्खिक अवस्था | २२ |
| तालिका ९: | नेपालको कुल जनसङ्ख्यामा मधेशी समुदायको हिस्सा | २३ |
| तालिका १०: | नेपालको जातीय जनसाङ्खिक संरचनामा मधेशी समुदायको हिस्सा | २४ |
| तालिका ११ | नययध्अ : ायख्ङ्सनज ोकयादमुस ीशधेम ामपरु तगालल्जा ामित्रेक्ष | २९ |
| तालिका १२: | मधेशी समुदायसँग सम्बन्धित भाषाभाषी | ३० |
| तालिका १३: | नेपालमा बोलिने भाषाभाषीमा मधेशी समुदायका भाषाभाषी | ३० |
| तालिका १४: | मातृभाषाअनुसारको जनसङ्ख्या २०१८८७०२ | ३२ |

तालिका १५: निजामती सेवामा मधेशी समुदायको प्रतिनिधित्व ४५
तालिका १६: सङ्घीय कार्यालयहरुमा मधेशी समुदायको प्रतिनिधित्व ४६
तालिका १७: स्थानीय योजना तर्जुमामा मधेशी समुदायको सहभागिता ४७
तालिका १८: आधारभूत विद्यालय सूचकाङ्कमा मधेशी समुदाय ४८
तालिका १९: स्वास्थ्य क्षेत्रको सूचकाङ्कमा मधेशी समुदाय ४९
तालिका २०: आर्थिक पहुँच सूचकाङ्कमा मधेशी समुदाय ५०
तालिका २१: जीवनस्तरका दृष्टिकोणले मधेशी समुदाय ५०
तालिका २२: नगद आम्दानीको स्रोत अनुसार घरपरिवार प्रतिशत ५१
तालिका २३: राजनीतिक दलमा मधेशी समुदायको सहभागिता ५४
तालिका २४: व्यावसायिक प्रतिष्ठान सङ्ख्या र सङ्लग्न जनशक्ति ५६
तालिका २५: सङ्लग्न जनशक्तिको आकार अनुसार व्यावसायिक प्रतिष्ठान सङ्ख्या ५७
तालिका २६: सङ्लग्न जनशक्तिको आकार अनुसार व्यावसायिक प्रतिष्ठान सङ्ख्या ५८
तालिका २७: आम्दानीको मुख्य स्रोत र कुल आम्दानीमा कृषि क्षेत्रको हिस्सा ५९

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २६२ ले नेपालमा एक मधेशी आयोग रहने व्यवस्था गरेको छ । आयोगमा अध्यक्ष एवम् अन्य चारजनासम्म सदस्य रहने व्यवस्था गरेको छ । यस संवैधानिक व्यवस्था अनुसार गठित मधेशी आयोगलाई मधेशी आयोग ऐन, २०७४ को दफा (७) को खण्ड (ङ) मा भएको "मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिश गर्ने" भन्ने जिम्मेवारी दिइएको छ । यस अख्तियारीका आधारमा मधेशी आयोगले सिफारिश गरेका तथा नेपाल सरकारले सूचीकृत गरेका थर/जातजाति, यी जातजातिका संस्कृति, भाषा, कला, परम्परा, इतिहास सहित नेपालमा मधेशी समुदायको समग्र सामाजिक–आर्थिक अवस्था झल्काउने गरी द्वितिय तथ्याङ्कमा आधारित रहि **नेपालमा मधेशी समुदायको वस्तुस्थिति विवरण** नामक यो अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## १.१ उद्देश्य

नेपालमा मधेशी समुदायको वस्तुस्थिति विवरण नामक यस प्रतिवेदनको मुख्य उद्देश्य नेपालभर छरिएर रहेका मधेशी समुदायको जनसाङ्ख्यिक, सामाजिक, आर्थिक अवस्थाको विश्लेषण गरी नेपालको समग्र सामाजिक–आर्थिक मूल प्रवाहमा मधेशी समुदायको अवस्था प्रस्तुत गर्नु हो । यसका उद्देश्यहरु देहायअनुसार रहेका छन् :

- मधेश र मधेशी समुदायको समग्र स्थितिको अध्ययन गर्नु ।
- नेपालको समग्र परिदृश्यमा मधेश र मधेशी समुदायको स्थिति प्रस्तुत गर्नु ।
- मधेशी समुदायसँग सम्बन्धित नीतिगत, कानुनी र संस्थागत सुधारका विषयको अध्ययन गर्नु ।
- मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्ग र ठाउँको पहिचान गर्नु ।
- मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन गर्नु ।

- ♦ मधेशको भौगोलिक, प्राकृतिक, आर्थिक, सामाजिक, राजनीतिक झलक दिने वस्तुस्थितिको तयार गर्नु ।
- ♦ मधेशी समुदायको हक, अधिकारको पैरवीका लागि आवश्यक आधार दस्तावेज तयार गर्नु ।

## १.१ औचित्य

मधेशी आयोग ऐन, २०७४ प्रदत्त अख्तियारी बमोजिम मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गर्नु मधेशी आयोगको एक प्रमुख दायित्व हो । समग्रमा मधेशी समुदायको ठूलो हिस्सा सामाजिक आर्थिक रूपमा पिछडिएको भए पनि मधेश र मधेशी समुदायको समग्र स्थितिको चित्रण गर्ने आधिकारिक दस्तावेज भएकाले मधेशी समुदायको हक, हितको पैरवी र प्रवर्द्धन गर्न यस अध्ययनले महत्वपूर्ण आधार प्रदान गर्नेछ । साथै यस अध्ययनले मधेशी समुदायसँग सम्बन्धित नीतिगत, कानुनी र संस्थागत सुधारका लागि सान्दर्भिक सूचना एवम् जानकारीहरु प्रदान गर्ने भएकाले आयोगका लागि यो अध्ययन महत्वपूर्ण रहेको छ । मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्ग र ठाउँको पहिचान गर्न सहयोग गर्ने भएकाले यस अध्ययनले मधेशी समुदायको हक हितका लागि योजना तर्जुमा र कार्यान्वयनका साथै समग्र नेपालको सन्तुलित विकासका लागि सम्भाव्य लक्षित वर्ग पहिचान गर्न महत्वपूर्ण सहयोग गर्नेछ ।

## १.१ कार्यक्षेत्र

मूलतः मधेशी समुदाय केन्द्रित जिल्ला तथा स्थानीय तहहरु यस अध्ययनका मुख्य अध्ययन क्षेत्र निर्धारण गरिएको छ । जसअन्तर्गत कोशी प्रदेशको झापा, मोरङ, सुनसरी र उदयपुर जिल्ला; मधेश प्रदेशका सप्तरी, सिराहा, धनुषा, सर्लाही, महोत्तरी, रौतहट, बारा र पर्सा जिल्ला; बागमती प्रदेशका काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर र सिन्धुली जिल्ला; गण्डकी प्रदेशका नवलपरासी पूर्व र कास्की जिल्ला; लुम्बिनी प्रदेशका नवलपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया जिल्ला; कर्णाली प्रदेशको सुर्खेत जिल्ला र सुदूर पश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्ला गरी कुल २९ जिल्ला रहेका छन् । नेपालको भूगोल अनुसार उक्त जिल्लाहरु देहायअनुसार रहेका छन् :

**तालिका १ः भूगोल अनुसार अध्ययन क्षेत्र**

| क्र.सं. | भूगोल | जिल्लाको नाम/अध्ययन क्षेत्र | जिल्ला सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| | तराई-मधेश | झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर | १८ | दाङ भित्री मधेश अन्तर्गत पनि पर्ने |
| | भित्री मधेश | उदयपुर, सिन्धुली, मकवानपुर, सुर्खेत, चितवन, दाङ, नवलपुर | ७ | |
| | उपत्यका | काठमाडौं उपत्यका- काठमाडौं, ललितपुर, भक्तपुर<br>पोखरा उपत्यका- कास्की | ४ | |
| कुल | | | २९ | |

## १.१ अध्ययन विधि तथा प्रक्रिया

यो अध्ययन मूलतः द्वितीय स्रोतका तथ्याङ्कमा आधारित सूचनाहरु सङ्कलन गरी तयार गरिएको छ । यसका लागि प्रारम्भमा मधेशी आयोग ऐन, समावेशीकरण तथा मूलप्रवाहीकरण सम्बन्धमा विद्यमान संवैधानिक एवम् अन्य कानुनी व्यवस्थाहरु, मधेशी समुदायसँग सम्बन्धित अध्ययन प्रतिवेदन तथा लेख रचनाहरु सङ्कलन गरी अध्ययन पश्चात् अध्ययनको उद्देश्य तथा कार्यक्षेत्रमा आधारित रही उपयुक्त अध्ययनविधि तथा प्रक्रिया पहिचान गरी प्रतिवेदनको प्रारम्भिक खाका तयार गरिएको छ । यसपश्चात् सिङ्गो नेपालको जनसाङ्ख्यिक, सामाजिक, आर्थिक, प्रशासनिक सूचनाहरु सङ्कलन गरी आवश्यकताअनुसार कम्प्युटर सफ्टवेयरहरूमा प्रविष्टि गरी मधेशी समुदायको स्थिति पहिचानका लागि सङ्कलित तथ्याङ्क प्रशोधन र विश्लेषण गरिएको छ । यससँगै संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न संघ, संस्था तथा कार्यालयहरूबाट प्रकाशित समावेशीकरण, मूलप्रवाहीकरणलगायत मधेशी समुदायसँग सम्बन्धित विभिन्न सूचना, तथ्याङ्क तथा र सन्दर्भ सामग्रीहरु सङ्कलन अध्ययन गरी मधेशी समुदायको अवस्था पहिचान र विश्लेषण गरिएको छ ।

यस अध्ययनमा प्रयोग गरिएका द्वितीय स्रोतका तथ्याङ्कहरूमा मूलतः केन्द्रीय तथ्याङ्क कार्यालयबाट प्रकाशित राष्ट्रिय जनगणना, २०७८ को अन्तिम प्रतिवेदन, मधेशी आयोगलगायत विभिन्न कार्यालयका अभिलेख एवम् प्रतिवेदनहरू, त्रिभुवन विश्वविद्यालय समाजशास्त्र तथा मानव शास्त्र केन्द्रीय विभागका अध्ययन प्रतिवेदनहरू, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका अध्ययन प्रतिवेदनहरू, विभिन्न पुस्तक तथा लेख रचनाहरू प्रमुख रहेका छन् ।

## १.१ सीमा र प्रष्टीकरण

द्वितीय स्रोतका तथ्याङ्कमा आधारित रही तयार गरिएको यस प्रतिवेदनमा मधेशी ब्राह्मण, मधेशी क्षत्रीलगायत अन्य समुदायको वर्गीकरण प्रस्तुत गर्दा सम्बन्धित अध्ययन प्रतिवेदनको अध्ययनलाई नै आधार बनाइएको छ । मधेशी समुदायको जनसङ्ख्या र भाषासम्बन्धी सूचनाहरू राष्ट्रिय जनगणना, २०७८ का नतिजाहरूबाट लिइएको छ भने अन्य तथ्याङ्कहरू विभिन्न समयमा विभिन्न राष्ट्रियस्तरका आधिकारिक/प्रतिष्ठित र अध्ययन अनुसन्धानमा आधारित/आधिकारिक/विश्वसनीय संस्था निकायहरूका अध्ययनमा आधारित प्रतिवेदनबाट लिइएको छ । यस प्रतिवेदनमा मधेशी समुदायअन्तर्गत थारू र मुसलमान समुदायलाई समावेश गरिएको छैन । गणतान्त्रिक शासन व्यवस्था कार्यान्वयनमा आएपश्चात्का तथ्याङ्कहरू समेटिएका छन् । विभिन्न समयका अध्ययनका निचोडहरू प्रस्तुत गर्दा यसबीचमा सम्बन्धित क्षेत्रमा हुनसक्ने सम्भाव्य परिवर्तनलाई ख्याल गरिएको छ अर्थात् मोबाइल फोन, इन्टरनेट पहुँचजस्ता तीव्र गतिमा परिवर्तन भइरहेका तथ्याङ्क उक्त अध्ययनबाट प्रस्तुत गरिएको छैन ।

राष्ट्रियस्तरका प्रतिष्ठित स्रोतका अध्ययन अनुसन्धानमा आधारित भएकाले स्थलगत अध्ययन भ्रमण नगरिएको भए पनि अध्ययन विधिले समग्र अध्ययनलाई न्यूनतम बजेट सीमाभित्र तयार गर्न सहज भएको छ । प्रदेशको नाम नै मधेश प्रदेश रहेकाले नाममा दोहोरोपन नहोस् भन्ने उद्देश्यले मधेश प्रदेश अन्तर्गतका जिल्ला/भौगोलिक क्षेत्रलाई उल्लेख गर्नुपर्दा मधेश र पूर्वदेखि पश्चिम महाकालीसम्म रहेका १८ वटा जिल्लाहरूलाई तराई–मधेश भनी उल्लेख गरिएको छ । उदयपुर, सिन्धुली, मकवानपुर, सुर्खेत, चितवन, नवलपुर र दाङ गरी सात जिल्लाहरूलाई भित्री मधेश भनिएको छ । काठमाडौं, ललितपुर, भक्तपुरलाई काठमाडौं उपत्यका र कास्कीलाई पोखरा उपत्यका भनिएको छ । स्वीकृत कार्यशर्त अनुसार तराई–मधेशका १८ जिल्ला, भित्री मधेशका रात र उपत्यकाका चार गरी जम्मा २९ जिल्लामा अध्ययन केन्द्रित रहेको छ ।

मधेशी समुदायको इतिहास तथा संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन गर्नु मधेशी आयोगको मुख्य उद्देश्य भएको सन्दर्भलाई मध्यनजर गर्दै यस प्रतिवेदनमा मधेशी समुदायको वस्तुस्थितिको पहिचान र विश्लेषण गर्ने कार्यलाई जोड दिइएको छ । यसले गर्दा आयोगलाई मधेशी समुदायको सशक्तीकरणका लागि रणनीति तथा कार्यक्रम तर्जुमा गर्न एवम् नेपाल सरकारलाई नीतिगत सिफारिश गर्न आवश्यक आधार प्रदान गर्ने विश्वास लिइएको छ ।

# परिच्छेद २ : मधेश र मधेशी समुदाय

## २.१मधेश

नेपाल भौगोलिक रूपमा हिमाल, पहाड र तराई/मधेश गरी तीन क्षेत्रमा वर्गीकृत छ । आयाताकारमा पूर्वमा मेची नदीदेखि पश्चिममा महाकाली नदीसम्म फैलिएको नेपालको भूगोलमा सबैभन्दा उत्तरतर्फ विश्वकै सबैभन्दा अग्ला चुचुराहरु रहेको हिमालय श्रृङ्खला पूर्वी सीमानादेखि पश्चिमी सीमानासम्म नै फैलिएको छ । नेपालको उत्तरी सीमाना विश्वको उदीयमान विश्वशक्ति चीनसँग जोडिएको छ । हिमाली क्षेत्रले नेपालको कुल भूगोलको १५ प्रतिशत भूमि ओगटेको छ । हिमाली क्षेत्रभन्दा दक्षिणमा नेपालको पूर्वदेखि पश्चिमसम्म पहाडी भूगोल रहेको छ । पहाडले नेपालको कुल क्षेत्रफलको ६८ प्रतिशत भूमि आगटेको छ । नेपालको सबैभन्दा दक्षिणमा पूर्वदेखि पश्चिमसम्म नै मधेश क्षेत्र रहेको छ । यस तराई-मधेश क्षेत्रले नेपालको कुल भूभागको १७ प्रतिशत भूमि ओगटेको छ । यो क्षेत्रको दक्षिणी सीमाना विश्वको अर्को उदीयमान देश भारतसँग जोडिएको छ भने उत्तरतर्फ चुरे पर्वत श्रृङ्खला रहेको छ । मधेश शव्दले सामान्यतया नेपालको दक्षिणी भागमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको उक्त समथर मैदानी क्षेत्रलाई बुझाउने गर्दछ ।

**इतिहासकार बाबुराम आचार्यका मतमा "मधेश" शब्दोत्पत्ति**

**"मध्य-देश" भन्ने नाम ब्राह्मण-आचार्यहरूद्वारा बौद्धहरूको नै अनुकरणमा राखिएको देखिन्छ । महात्मा गौतम-बुद्धले "मज्झिम-मार्ग" अर्थात् मध्यम-मार्गको प्रचार आरम्भ गराएका थिए । यसैअनुसार बौद्धधर्मको पूर्ण-विस्तार भएको क्षेत्र अर्थात् अवध र बिहारको क्षेत्र बौद्ध-आचार्यहरूको मतअनुसार "मज्झिम-देश" मानिन्थ्यो । मज्झिम-देशको संस्कृत-रूप "मध्यम-देश" भएको र यस शब्दको बीचको एक अक्षर लाघव गरेर "मध्य-देश" भनिन थालेको झलक पाइन्छ । तात्कालिक मध्य-देशको ठीक उत्तरपट्टि बर्तमान गढवाल र कुमाउँका पाहाडी-प्रदेशहरू रहेका र यी प्रदेशहरू मध्य-देशभित्र समावेश नगरिएका हुनाले त्यहाँका निवासीहरूले आफू बसेको प्रदेशभन्दा दक्षिणपट्टिको समतल मैदानलाई "मध्य-देश" भन्न थालेका र यही "मध्य-देश" शब्द पछि विकृत भएर "मधेस" बनेको झलक पाइन्छ । पछि पूर्वतर्फ बसाइँ सर्दै आएका यसै क्षेत्रका निवासीहरूको देखासिकी गरी वर्तमान नेपालमा रहेका खश जातिका ब्राह्मण र क्षत्रियहरूले पनि आफ्नो देशभन्दा दक्षिणतर्फ रहेको अवध र बिहारको समतल मैदानलाई मात्र होइन आफ्नै देशको तराई-क्षेत्रलाई पनि "मधेस" भन्न थालेको स्पष्ट देखिन्छ । अचेल भने "मधेश" शब्द तराई-क्षेत्रको समतल मैदानको अर्थमा नै रूढ भएको पाइन्छ ।**


- बाबुराम आचार्य
नेपालको साँस्कृतिक परम्परा

नेपाली बृहत् शब्दकोषले मदेस र मदेश नाम शब्द संस्कृत भाषाको मध्यदेश शब्दबाट बनेको र यसको अर्थ (क) अग्लोहोचो र डाँडाकाँडा नभएको एकदम समथर भूमि,

तराई मधेस (ख) हिमालदेखि दक्षिण, विन्ध्यपर्वतदेखि उत्तर, कुरुक्षेत्रदेखि पूर्व र प्रयागदेखि पश्चिमपट्टि पर्ने समथर भूभागको पुरानो नाउँ, मध्यप्रदेश भनी उल्लेख गरेको छ ।

उत्तरतर्फ हिमाल तथा पहाड रहेको र दक्षिणतर्फ भारतको बिहार र उत्तर प्रदेशका ठूला फाँटहरूको मध्य भागमा रहेको हुनाले यस क्षेत्रको नाम "मध्यदेश"बाट अपभ्रंश हुँदै मधेश रहेको मानिन्छ । इतिहासकार बाबुराम आचार्यले उल्लेख गरेअनुसार संस्कृत शव्द "मध्यम देश" बाट "मज्झिम-देश" हुँदै "मधेश" शव्द बनेको हो ।

सामान्यतः मधेश क्षेत्र भन्नाले नेपालको दक्षिणी सीमानामा मित्रराष्ट्र भारतसँग जोडिएका २१ वटा जिल्लाहरू भन्ने बुझिन्छ यद्यपि नेपालमा मधेशी समुदायको उपस्थिति नेपालभरि नै फैलिएको भए पनि सबैभन्दा बाक्लो उपस्थिति मधेश प्रदेश तथा समग्र तराई-मधेश क्षेत्रमा रहेको छ । यसबाहेक काठमाडौं उपत्यकाका, सिन्धुली, मकवानपुर, सुर्खेत, उदयपुर र कास्कीमा पनि मधेशी समुदायको उल्लेख्य उपस्थिति/बसोवास रहेको छ । मधेशी समुदायको उल्लेख्य उपस्थिति रहेका जिल्लाहरूलाई यस अध्ययनको मुख्य अध्ययनको क्षेत्रको रूपमा पनि लिइएको छ ।



## २.२ मधेशी समुदाय

मधेशी समुदायको आकार यकिन गर्नुअघि मधेशी समुदायको पहिचान र परिभाषा यकीन हुनु आवश्यक हुन्छ तर हालसम्म मधेशी समुदायको स्पष्ट सर्वमान्य सैद्धान्तिक परिभाषा कायम हुन सकेको छैन । शाव्दिक दृष्टिकोणले हेर्ने हो भने "मधेसी" शब्द "मधेश" शब्दमा "ई" प्रत्यय लागेर बनेको विशेषण शब्द हो । यसर्थ, यस शब्दले मधेशसम्बन्धी व्यक्ति वा वस्तुलाई बुझाउने भएकाले शाव्दिक हिसावले **मधेशमा बसोवास गर्ने समुदायलाई मधेशी भन्ने अर्थ लाग्छ ।**

मधेशी आयोग ऐनले "मधेशी समुदाय" भन्नाले आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी व्याख्या गरेको छ । मधेशी आयोगले तयार गरेको नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ ले थारू तथा मुसलमान सहित १५१ जात/जातिहरु पहिचान गरेको छ । यसैबीच थारू तथा मुसलमान समुदायले आफ्नो छुट्टै पहिचान रहेको औंल्याउँदै आफूहरु मधेशी समुदायभित्र नपर्ने पनि जनाउँदै आएका कारण मधेशी आयोगले हाल उक्त दुई समुदायलाई यस सूचीबाट झिकी पहिचान भएको नयाँ थर नागवंशीलाई समावेश गरेर मधेशी समुदाय अन्तर्गत १५० जात कायम गरेको छ । यद्यपि नेपाल सरकारले परम्परागतरूपमा मूलतः मधेश क्षेत्रमा बसोवास गर्दै आएका थारू र मुसलमानसहितका ९२ जातजातिलाई मधेशी समुदाय भनी सूचीकृत गरेको कुरा मधेशी आयोगले तयार गरेको नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ मा उल्लेख गरेको छ ।

उल्लिखित परिवेशमा मधेशी आयोगले मधेशी समुदायको पहिचान अझै स्पष्ट नभएको भन्दै उक्त समुदायअन्तर्गत पर्ने थरहरूलाई सूचीकृत गरी मधेशीलाई परिभाषित गर्न सरकारसँग आग्रह गर्दै आएको छ । मधेश शब्द आफैंमा खास भौगोलिक क्षेत्रलाई जनाउने शब्द भएको, मधेशी शव्दले ऐतिहासिक रूपमा तत्कालीन मध्यदेशमा बस्ने बासिन्दा र हाल नेपालको मधेश क्षेत्रमा बस्ने बासिन्दालाई अर्थ्याउने भएकाले यस शब्दबाट विशिष्ठ सामुदायिक, सांस्कृतिक, सामाजिक पहिचान भएको त्यसै भौगोलिक क्षेत्रभित्र केन्द्रित रही बसोवास गर्दै आएका विशिष्ठ समुदायलाई मात्र बुझाउन कठिनाइ हुँदै आएको देखिन्छ । यद्यपि मधेशी शव्द मधेशमा ठूलो बसोवास रहेका मूलतः गैरपहाडीमूलका नेपाली समुदायलाई बुझाउन पनि प्रयोग गर्ने गरिएको पाइन्छ ।

पहिलो संविधानसभाको राज्यको पुर्नसंरचना र विभिन्न आयोजगहरूको संवैधानिक व्यवस्था पश्चात आफ्नै तथ्य........ राज्यशक्तिको बाँडफाँड समितिले मधेशी पहिचानलाई चित्रण गर्दै भनेको छ, "प्राग्ऐतिहासिक, ऐतिहासिक, वैदिक कालखण्डहरूमा समेत रहेको विदेह, विराट, सलहेश, सिम्रौनगढ, शाक्य लगायतका गणराज्यहरूका वासिन्दाहरु कालान्तरमा मधेशी भनेर एउटा विशेष पहिचान र राष्ट्रियताको रूपमा एकतावद्ध भइरहेको समुदाय हो ।[१]"

मधेशी समुदायअन्तर्गत विविधतापूर्ण भाषाभाषी, संस्कृति, परम्परा मान्दै आएकै थुप्रै किसिमका जातजाति समेटिएका हुँदा मधेशी समुदायलाई परिभाषित गर्ने कार्य जटील रहेको छ । साथै, मधेशी समुदायको पहिचान खास भाषा, संस्कृति र भूगोलमा मात्र पनि सीमित नरहेको हुँदा पनि मधेशी समुदायको सर्वस्वीकार्य परिभाषा हालसम्म उपलब्ध हुन सकेको छैन । पछिल्लो समयमा थारु र मुसलमान "मधेशी"समुदायबाट अलग भएको यस परिवेशमा यहाँ नेपालको मधेश क्षेत्रमा केन्द्रित भई बसोवास गर्दैआएका, आफ्नै विशिष्ठ सामुदायिक पहिचान, भाषा, संस्कार भएका तर थारु र मुसलमानलगायत पहाडबाट बसाइ सरी आएका बाहेकको समुदायलाई मधेशी समुदायका रूपमा परिभाषित गरिएको छ ।

तराई–मधेशमा बसोवास गर्ने विविध जातजाति, भाषा भाषीमध्ये राज्यको मूल प्रवाहबाट बञ्चित भएको समुदायलाई बुझाउने साझा शब्दका रूपमा विकास हुँदै गएको छ मधेशी शव्द । मधेशी समुदायभित्र राजवंशी, सन्थाल, मैथिलीभाषी, भोजपुरीभाषी, अवधिभाषी, थारू तथा मुसलमानदेखि अन्य थप वर्ग र समुदाय पनि समेटिएका छन्, जो मूलतः परम्परागत रूपमा तराई–मधेश क्षेत्रमा बसोवास गर्दै आएका छन् र राज्यको विभिन्न विकास सूचकाङ्कमा पछि पर्दै आएका छन् । मधेशी समुदाय बहुजातीय, बहुभाषिक, बहुधार्मिक छ तर मधेशी समुदायको साझा पहिचान मनोविज्ञानमा आधारित छ, जसमा राज्यसत्ताले मधेशी समुदायलाई विभेद गर्‍यो, मधेशी समुदाय सबै नागरिक हकका अधिकारी हुन्, त्यसैले मधेशी समुदाय आफ्नो पहिचानसहित, स्वाभिमानसहित, राज्यमा आफ्नो पहुँच र प्रनिधित्वसहित बाँच्न पाउनुपर्छ भन्ने सङ्केत गर्दछ ।

सांस्कृतिक रूपमा मधेशी समुदाय सम्पन्न छन् र यिनीहरु वर्षैभरि विभिन्न चाडपर्व

[१] https://www.bbc.com/nepali/news/2016/04/160415_chandrakishore_analysis

मनाइरहन्छन् । वैशाख महिनामा जुडशीतल र वैशाखी मनाउँदछन् भने जेठमा वैरसाइत (वटसावित्री व्रत) र गंगादसहारा मनाउँछन् । असारमा ग्रामदेवता र कुलदेवताका पुजाका साथै हरिशयनी एकादशीको उल्लासपूर्वक व्रत बसेपछि साउनमा महिनाभरि भगवान् शिवको पूजा आराधना गर्दछन् । साथै यसै महिनामा नागपञ्चमी, मधेसी महिलाले तीज (साउन शुक्ल तृतीया), मधुश्रावणी र रक्षाबन्धन मनाउँदछन् । एवम्रितले भदौमा कृष्ण जन्माष्टमी, कुशेऔंसी, असोजमा जितिया, विजयादशमी, कार्तिकमा लक्ष्मीपूजा, भाइपूजा, छइठ र देवोत्थनी एकादशी, मङ्सिरमा नवान्न र विवाहपञ्चमी, पौष महिनामा पुसी पूर्णिमा, माघमा मकरसङ्क्रान्ति र श्रीपञ्चमी, फागुनमा होली तथा चैतमा रामनवमी मनाउँदछन् । यसरी मधेशी समुदाय सांस्कृतिक दृष्टिकोणले निकै सम्पन्न देखिन्छन् । परम्परागत रूपमा मधेशी समुदायका विशेष खानपिनमा अनरसा, पिरूकिया, दनौरी, तिलौरी, फुलौरी खोभी आदि हुन् । भेषभूषाका रूपमा मधेशी समुदायको परम्परागत प्रमुख भेषभुषा पुरूषले लगाउने धोती, कुर्ता, पाग, गम्छा, लुंगी र महिलाले लगाउने सारी, चोलो हो ।

## २.३ पहिचान भएका मधेशी जात र थरहरु

मधेशी आयोग ऐनले "मधेशी समुदाय" भन्नाले आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी व्याख्या गरेको छ । मधेशी आयोगद्वारा प्रकाशित थर सूचीकरण प्रतिवेदन, २०७८ मा नेपाल सरकारद्वारा मधेशी समुदाय पहिचान गरी ९२ जात थर सूचीकृत गरेको विवरण प्रस्तुत गरिएको छ । सोही अध्ययन प्रतिवेदनले नेपालमा मधेशी समुदायअन्तर्गत १५१ जात थर सूचीकरण गरेको छ । हालै मधेशी आयोगले थारू र मुस्लिमलाई उक्त सूचीबाट हटाई नागवंशीलाई समावेश गरेको छ । यसबाट मधेशी आयोगको विवरण अनुसार नेपालमा कुल १५० वटा मधेशी जातहरु कायम भएका छन् । उपर्युक्त दुई आधारमा पहिचान भएका मधेशी समुदायका जात थर देहायका अनुच्छेदहरुमा प्रस्तुत गरिएको छ

### २.३.१ नेपाल सरकारद्वारा सूचीकृत मधेशी समुदायका जात थर

मधेशी आयोगले तयार गरेको मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदनमा नेपाल सरकारले मधेशी समुदाय अन्तर्गत ९२ जात/जातिको सूचीकृत गरेको विवरण प्रस्तुत गरिएको छ, उक्त विवरणमा प्रस्तुत गरिएका जात/जातिहरु देहायअनुसार रहेका छन् :

तालिका २ : नेपाल सरकारले पहिचान गरेका मधेशी समुदायका जात थर

| क्रसं | जात जाति |
|---|---|
| १ | अग्रहरी |
| २ | अमात |
| ३ | उराव |
| ४ | झाँगड |
| ५ | कथवनिया |
| ६ | कमलापुरी |
| ७ | कमार |
| ८ | कहार |
| ९ | किसान |
| १० | कानु |
| ११ | कायस्थ |
| १२ | कुमाल |
| १३ | केवट |
| १४ | कैवरथ |
| १५ | कुम्हार |
| १६ | कुर्मी |
| १७ | कुशवाहा- को इरी |
| १८ | कुस्मा |
| १९ | कुसबाडिया |
| २० | कलर |
| २१ | ककैहिया |
| २२ | कोरी |
| २३ | कलवार |
| २४ | कोचे |
| २५ | खटिक |
| २६ | खत्वे |
| २७ | खडिया |
| २८ | गनगाई |
| २९ | गडेरी/पाल/भे डिया |
| ३० | चमार/हरिजन |
| ३१ | चिडिमार |
| ३२ | तत्मा |
| ३३ | ताजपुरिया |
| ३४ | तेली |
| ३५ | देव |
| ३६ | दनुवार |
| ३७ | दरै |
| ३८ | दुसाध/पासवान |
| ३९ | नोनिया |
| ४० | धोवी |
| ४१ | धुनिया |
| ४२ | धानुक |
| ४३ | धिमाल |
| ४४ | धामी |
| ४५ | ठठेरी |
| ४६ | डोम |
| ४७ | पथरकटा |
| ४८ | पासी |
| ४९ | बङ्गाली |
| ५० | बिन्द |
| ५१ | बोटे |
| ५२ | बानिया |
| ५३ | ब्राह्मण |
| ५४ | बढई |
| ५५ | बातर |
| ५६ | बरई |
| ५७ | बीन |
| ५८ | भूमिहार |
| ५९ | भेडिया |
| ६० | मलाह/निसाध |
| ६१ | मुसहर |
| ६२ | माझी |
| ६३ | मारवाडी |
| ६४ | मुण्डा |

| क्रसं | जात जाति |
|---|---|
| ६५ | मेचे |
| ६६ | मेहतर |
| ६७ | यादव/अहिर |
| ६८ | रसतोगी |
| ६९ | राजवंशी |
| ७० | राजभर/ राजवहार |
| ७१ | राजपुत |
| ७२ | रौनियार |
| ७३ | राजधोव |

| क्रसं | जात जाति |
|---|---|
| ७४ | राजी |
| ७५ | लोध |
| ७६ | लोहार |
| ७७ | वर्णवाल |
| ७८ | पोद्दार |
| ७९ | सूतिहार |
| ८० | सरभँग |
| ८१ | सरनरियाक |
| ८२ | सुडी |
| ८३ | सरबरिया |

| क्रसं | जात जाति |
|---|---|
| ८४ | सन्यासी/जोगिया |
| ८५ | सतार/सन्थाल |
| ८६ | सिकारी |
| ८७ | सोनार |
| ८८ | शिख/पञ्जावी |
| ८९ | हजाम/नाई |
| ९० | हलुवाई |
| ९१ | थारू |
| ९२ | मुस्लीम/मुसलमान |

स्रोत : नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, मधेशी आयोग

## २.३.२ थर सूचीकरण अध्ययन प्रतिवेदनले पहिचान गरेका जात थर

मधेशी आयोगले द्वितीय स्रोतका तथ्याङ्कमा आधारित भएर तयार गरेको नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ ले यस समुदायमा १५१ जातजातिको पहिचान गरेको थियो । मधेशी आयोगको पछिल्लो निर्णय अनुसार उक्त सूचीमा रहेका थारू र मुसलमानलाई हटाई नयाँ पहिचान भएको नागवंशी थर समावेश गरी मधेशी समुदायका कुल १५० थर कायम गरिएको छ, जुन देहाय अनुसार रहेको छ :

तालिका ३ : थर सूचीकरण अध्ययन प्रतिवेदनले पहिचान गरेका मधेशी समुदायका जात थरहरू

| क्रसं | जात जाति | क्रसं | जात जाति | क्रसं | जात जाति |
|---|---|---|---|---|---|
| १ | अग्रहरी | २१ | कुमाल | ४१ | गवाल/ गोवाल/गवाला |
| २ | अमात | २२ | कुरिन/कुलीन | ४२ | गोंड |
| ३ | ककैहिया | २३ | कलाबञ्जर /कलाबाज | ४३ | गौड |
| ४ | कथबनियाँ/ सिन्दुरिया | २४ | कुश्मा | ४४ | गोडिया |
| ५ | कंसाकार/कसेरा | २५ | कुसुण्डा | ४५ | गोढी |
| ६ | कमर/कमार | २६ | कुश्वाडिया | ४६ | चमार /हरिजन |
| ७ | कमलापुरी वैश्य-बनिया | २७ | केवट | ४७ | चनउ /चनौ |
| ८ | करूवा | २८ | केवरत | ४८ | चाँय/चायभ/चाइ |
| ९ | कलर | २९ | केशरी | ४९ | चिडीमार |
| १० | कलर | ३० | कोइरी- कुशवाहा | ५० | चौहान |
| ११ | कलवार | ३१ | कोचे | ५१ | झाँगड/धाँगड (उँराव) |
| १२ | कलाल | ३२ | कोरी | ५२ | ठठर |
| १३ | कवर | ३३ | कोल /कौल | ५३ | डोम |
| १४ | कसौधन | ३४ | खटिक | ५४ | ढाँडी |
| १५ | कमकड | ३५ | खडिया | ५५ | तत्मा |
| १६ | कहार | ३६ | खत्वे | ५६ | तमोली |
| १७ | कानु | ३७ | खुलवट/खुनोट | ५७ | ताजपुरिया |
| १८ | कायस्थ | ३८ | खवास | ५८ | तीयार |
| १९ | किसान | ३९ | गडेडिया | ५९ | तुराहा |
| २० | कुम्हार /कोहार | ४० | गनगाइ | ६० | तेली |

| क्रसं | जात जाति |
|---|---|
| ६१ | दनुवार |
| ६२ | दशनामी सन्यासी/योगी |
| ६३ | दुसाध/पासवान |
| ६४ | दोसर वैश्य (गो लदार) |
| ६५ | दरै |
| ६६ | देव |
| ६७ | धानुक |
| ६८ | धाम |
| ६९ | धरिकार धन्कार |
| ७० | धिमर /धीवर |
| ७१ | धिमाल |
| ७२ | धुनिया |
| ७३ | धोवी |
| ७४ | नटुवा/नेटछुवा |
| ७५ | नायर |
| ७६ | नुनिया/ नोनिया/लोनिया |
| ७७ | नुराङ |
| ७८ | पञ्जावी/सिन्धी |
| ७९ | पटवा (पटनवार) |
| ८० | पटहार (पटहेरा) |
| ८१ | पवँरिया |
| ८२ | पासी |
| ८३ | पाहान |
| ८४ | पोद्दार |
| ८५ | पोरवाल |
| ८६ | बँसखोर /बँसफोर |
| ८७ | बङ्गाली |
| ८८ | बड्ही/बढ्ई |
| ८९ | बञ्जारा (सिकारी) |
| ९० | बरनवाल |
| ९१ | बरई |
| ९२ | बहरदार |
| ९३ | बहेलिया |
| ९४ | बातर |
| ९५ | बादी |
| ९६ | ब्राह्मण |
| ९७ | बाडिया |
| ९८ | बाडी |
| ९९ | बिंद/बीन |
| १०० | बिल्टाउ |
| १०१ | बेल्दार |
| १०२ | बोट |
| १०३ | बोटे |
| १०४ | भर |
| १०५ | भाट/भाड |
| १०६ | भुर्जी/भुजवा/भूँज/भूज |
| १०७ | भूमिहार |
| १०८ | मंगता (महाउत) |
| १०९ | मल्लाह |
| ११० | महापात्र |
| १११ | माझी |
| ११२ | मालपाँडे/मालपहाडे |
| ११३ | मारवाडी |
| ११४ | माली/सैनी |
| ११५ | मुडियारी/मोरि यारी |
| ११६ | मुण्डा |
| ११७ | मुराउ |
| ११८ | मुसहर |
| ११९ | मेचे |
| १२० | मेस्तर/हलखोर |
| १२१ | यादव/अहिर |
| १२२ | राजधामी |
| १२३ | राजपुत |
| १२४ | राजवंशी |
| १२५ | राजधोव |

| क्रसं | जात जाति |
|---|---|
| १२६ | राजी |
| १२७ | राड |
| १२८ | रस्तोगी |
| १२९ | राजभर |
| १३० | रौतिया |
| १३१ | रौनियार |
| १३२ | लखेरा |
| १३३ | लहेरी |
| १३४ | लोध |
| १३५ | लोहार |
| १३६ | वनपर |
| १३७ | बालमिकी |
| १३८ | शिवहरे वैश्य |
| १३९ | संथाल/सतार |
| १४० | सरनरियाक |
| १४१ | सरभङ्ग |
| १४२ | सरवरिया |
| १४३ | सिख |
| १४४ | सुडी |
| १४५ | सोनार |
| १४६ | सोरहिया/सोरैया |
| १४७ | सैथवार |
| १४८ | हजाम/नाई/नाउँ |
| १४९ | हलुवाइ |
| १५० | नागवंशी |

## २.३.३ नेपाल सरकार र मधेशी आयोगले पहिचान गरेका जात थरमा अन्तर

तराई-मधेशका सम्पूर्ण २१ जिल्लामा मधेशी समुदायको बाक्लो बसोवास रहेको छ । वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार नेपालको मधेश प्रदेशअन्तर्गतका ८ जिल्लामा कुल जनसङ्ख्याको २०.९ प्रतिशत अर्थात् ६१,१४,६०० जनसङ्ख्या बसोवास गर्ने गरेका छन् भने तराई-मधेश क्षेत्रका २१ जिल्ला (तिन ओटा भित्री मधेश समेत) मा कुल जनसङ्ख्याको ५३.६ प्रतिशत अर्थात् १,५६,३४,००६ जनसङ्ख्या बसोवास गर्ने गरेका छन् । यद्यपि तराई-मधेशमा पनि मिश्रित जनसङ्ख्याकै बसोवास रहेको र हालको समयमा मधेशी समुदाय तराई-मधेशका अतिरिक्त काठमाडौं उपत्यका लगायतका देशभरि नै छरिएर रहेका हुँदा नेपालमा मधेशी समुदायको वस्तुस्थिति अध्ययन गर्न सोही अनुसारको अध्ययन क्षेत्र आवश्यक पर्ने पृष्ठभूमिमा यस अध्ययनमा तराई-मधेशका जिल्ला लगायत काठमाडौं तथा पोखरा उपत्यकालगायत भित्री मधेशका जिल्लाहरूलाई मुख्य अध्ययन क्षेत्र कायम गरी राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कबाट मधेशी समुदायको जनसङ्ख्या यकिन गरिएको छ ।

मधेश के हो ? मधेशी को हुन् ? भन्ने सन्दर्भमा स्पष्ट सर्वमान्य सैद्धान्तिक परिभाषा नरहेको वर्तमान परिवेशमा नेपाल सरकारद्वारा सूचीकृत ९२ जाति[२] र मधेशी आयोगले सूचीकरण गरेका १५१ जात[३] थरलाई मधेशी समुदायको पहिचान र आकार निर्धारणको मुख्य आधार बनाइएको छ । यस आधारमा अध्ययन गर्दा मधेशी आयोगले पहिचान गरेका कंसाकार/कसेरा, करूवा, कलर, कलाल, कवर, कसौधन, कमकड, कुरिन/कुलीन, कलाबञ्जर/कलाबाज, कुश्मा, कुसुण्डा, केशरी, कोल/कौल, खुलवट/खुनोट, खवास, गडेडिया, गवाल/गोवाल/गवाला, गोंड/गौड/गोडिया, गोढी, चनउ/चनौ, चाँय/चायभ/चाइ, चौहान, ढाँडी, तमोली, दोसर वैश्य (गोलदार), धाम, धरिकार/धन्कार, धिमर/धीवर, नटुवा/नेटछुवा, नायर, नुराङ, पटवा (पटनवार), पटहार (पटहेरा), पवँरिया, पोरवाल, बँसखोर/बँसफोर, बरनवाल, बहरदार, बहेलिया, बादी, बाडिया, बाडी, बिल्टाउ, बेल्दार, बोट, भर, भाट/भाड, भुर्जी/भुजवा/भूँज/भूज, मंगता (महाउत), महापात्रलगायतका थरहरु नेपाल सरकारले पहिचान गरेका मधेशी समुदायको सूचीमा रहेको पाइँदैन ।

[२] मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, मधेशी आयोग, ज्वागल, ललितपुर

[३] ऐ.

# परिच्छेद ३ : तराई मधेशको राजनीतिक प्रशासनिक संरचना र जनसङ्ख्या

## ३.१ पृष्ठभूमि

भौगोलिक रूपमा नेपाल हिमाल, पहाड र तराई/मधेश गरी तीन भागमा वर्गीकृत छ; जसमध्ये उत्तरी भागमा पूर्वी सीमानादेखि पश्चिमी सीमानासम्म फैलिएका अग्ला हिमालहरूले ढाकिएको क्षेत्रलाई हिमाल, नेपालको बीच भागमा पूर्वदेखि पश्चिमसम्म पहाडहरूले ढाकिएको क्षेत्रलाई पहाड र दक्षिणको समथर मैदानी भागलाई मधेश अथवा तराई भनिन्छ । तराई-मधेश नै मधेशी समुदायको बसोवास केन्द्रित रहेको मुख्य क्षेत्र भएकाले यस परिच्छेदमा नेपालको प्रशासनिक संरचनामा तराई-मधेशको स्थान र यहाँको जनसङ्ख्याका बारेमा चर्चा गरिएको छ ।

राजनीतिक प्रशासनिक रूपमा नेपाललाई सात प्रदेश, सतहत्तर जिल्ला र ७५३ स्थानीय तहहरूमा वर्गीकृत गरिएको छ । स्थानीय तहहरूलाई ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकामा वर्गीकृत गरिएको छ । मेचीदेखि महाकालीसम्म फैलिएका नेपालको समग्र मधेश क्षेत्रका सबै २१ जिल्लामा मधेशी समुदायको बाक्लो उपस्थिति रहेको छ । यस अध्ययनमा नेपालका यिनै २१ जिल्लाहरूलाई तराई-मधेशका रूपमा लिइएको छ । नेपालको प्रशासनिक संरचनामा तराई-मधेश क्षेत्र अन्तर्गतका जिल्लाहरू, स्थानीय तहहरूको सङ्ख्या तथा जनसङ्ख्यालगायतको विवरण देहायका परिच्छेदहरूमा प्रस्तुत गरिएको छ ।

## ३.२ प्रदेश अनुसार तराई मधेशका जिल्लाहरू

छवटा प्रदेशमा पर्ने तराई-मधेशका २१ वटा जिल्लाहरूमध्ये सबैभन्दा बढी मधेश प्रदेशमा आठ वटा रहेका छन् भने लुम्बिनीमा ६ वटा रहेका छन् र सबैभन्दा कम बागमती र गण्डकी प्रदेशमा एक-एकवटा जिल्ला मात्र रहेका छन् । थप विवरण देहायअनुसार रहेको छ :

तालिका ४ : प्रदेश अनुसार तराई मधेशका जिल्लाहरु

| क्र.सं. | प्रदेश | जिल्लाको नाम | जिल्ला सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| | कोशी | झापा, मोरङ, सुनसरी | ३ | |
| | मधेश | सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा | ८ | |
| | बागमती | चितवन | १ | |
| | गण्डकी | नवलपरासी पूर्व | १ | |
| | लुम्बिनी | नवलपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, | ६ | |
| | सुदूरपश्चिम | कैलाली, कञ्चनपुर | २ | |
| **कुल** | | | २१ | |

## ३.३ जिल्ला अनुसार तराई मधेशका स्थानीय तहहरू

तराई–मधेशका २१ वटा जिल्लाहरुमा नेपालका कुल ७५३ स्थानीय तहहरुमध्ये २७६ वटा अर्थात् ३७ प्रतिशत स्थानीय तहहरु रहेका छन् । यसैगरी, नेपालका ६ वटा महानगरपालिकामध्ये ३ वटा र ११ वटा उपमहानगरपालिकामध्ये १० वटा तराई–मधेश क्षेत्रमा रहेका छन् । साथै, नेपालका ५० प्रतिशत नगरपालिका र २७ प्रतिशत गाउँपालिका यस क्षेत्रमा रहेका छन् । जिल्लागत विवरण निम्नअनुसार रहेको छ :

तालिका ५ : जिल्लाअनुसार तराई मधेशका स्थानीय तहहरूको सङ्ख्या

| क्र.सं. | जिल्ला | स्थानीय तहको सङ्ख्या | | | | स्थानीय तह सङ्ख्या | जम्मा वडा |
|---|---|---|---|---|---|---|---|
| | | गापा | नपा | उमनपा | मनपा | | |
| | झापा | ७ | ८ | | | १५ | १३९ |
| | मोरङ | ८ | ८ | | १ | १७ | १५९ |
| | सुनसरी | ६ | ४ | २ | | १२ | १२४ |
| | सप्तरी | ९ | ९ | | | १८ | १६४ |
| | सिरहा | ९ | ८ | | | १७ | १६४ |

| क्र.सं. | जिल्ला | स्थानीय तहको सङ्ख्या | | | | स्थानीय तह सङ्ख्या | जम्मा वडा |
|---|---|---|---|---|---|---|---|
| | | गापा | नपा | उमनपा | मनपा | | |
| | धनुषा | ६ | ११ | १ | | १८ | १६९ |
| | महोत्तरी | ५ | १० | | | १५ | १३८ |
| | सर्लाही | ९ | ११ | | | २० | २०० |
| | रौतहट | २ | १६ | | | १८ | १५७ |
| | बारा | ९ | ५ | २ | | १६ | १६७ |
| | पर्सा | १० | ३ | | १ | १४ | ११२ |
| | चितवन | १ | ५ | | १ | ७ | ९८ |
| | पूर्व नवलपरासी | ४ | ४ | | ० | ८ | ९२ |
| | पश्चिम नवलपरासी | ४ | ३ | | | ७ | ७४ |
| | रूपन्देही | १० | ५ | १ | | १६ | १५५ |
| | कपिलवस्तु | ४ | ६ | | | १० | ९६ |
| | बाँके | ६ | १ | १ | | ८ | ८९ |
| | बर्दिया | २ | ६ | | | ८ | ७५ |
| | दाङ | ७ | १ | २ | | १० | १०० |
| | कैलाली | ६ | ६ | १ | | १३ | १२६ |
| | कञ्चनपुर | २ | ७ | | | ९ | ९२ |
| तराई-मधेश | | १२६ | १३७ | १० | ३ | २७६ | २६९० |
| नेपाल | | ४६० | २७६ | ११ | ६ | ७५३ | ६७४३ |
| तराई-मधेशका स्थानीय तहहरूको हिस्सा (प्रतिशत) | | २७ | ५० | ९१ | ५० | ३७ | ४० |

## ३.४ तराई मधेशअन्तर्गतका स्थानीय तहहरूको विवरण

तराई-मधेशका २१ जिल्लामा कुल २७६ वटा स्थानीय तहहरु अर्थात् नेपालका कुल स्थानीय तहहरूमध्ये ३६.६ प्रतिशत स्थानीय तहहरु रहेका छन् । यी स्थानीय तहहरूमा

विराटनगर, बीरगञ्ज र भरतपुर गरी तीनवटा महानगरपालिका, धरान, इटहरी, जनकपुर, जितपुर सिमारा, कलैया, बुटवल, घोराही, तुलसीपुर, नेपालगञ्ज र धनगढी गरी १० वटा उपमहानगरपालिका, १३६ वटा नगरपालिका र १२७ वटा गाउँपालिकाहरू रहेका छन् । यी स्थानीय तहहरूका अलावा चितवन, बर्दिया र शुक्लाफाँटा गरी तीनवटा राष्ट्रिय निकुञ्ज, तथा कोशी टप्पु तथा पर्सा गरी दुईवटा वन्यजन्तु आरक्षहरू र लुम्बिनी सांस्कृतिक क्षेत्र पनि यहाँ रहेका छन् । तराई-मधेश र अन्तर्गतका यी सबै क्षेत्रहरूले कुल ३३ हजार ४४२ व.कि.मी क्षेत्रफल ओगटेका छन् । जिल्लागत विवरण देहायको तालिकामा दिइएको छ :

तालिका ६ : तराई मधेशअन्तर्गतका स्थानीय तहहरु

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| **१.००** | **झापा** | | **१६२१.८** |
| १ | अर्जुनधारा | नगरपालिका | ११०.७ |
| २ | बाह्रदशी | गाउँपालिका | ८०.९ |
| ३ | भद्रपुर | नगरपालिका | ९७.१ |
| ४ | बीर्तामोड | नगरपालिका | ७८.८ |
| ५ | बुद्धशान्ती | गाउँपालिका | ८०.४ |
| ६ | दमक | नगरपालिका | ७१.४ |
| ७ | गौरादह | नगरपालिका | १५१.० |
| ८ | गौरीगञ्ज | नगरपालिका | १०२.१ |
| ९ | हल्दीबारी | गाउँपालिका | ११८.३ |
| १० | झापा | गाउँपालिका | ९४.८ |
| ११ | केचनाकवल | गाउँपालिका | ११०.५ |
| १२ | कमल | गाउँपालिका | १०५.३ |
| १३ | कन्काई | नगरपालिका | ७९.७ |
| १४ | मेचीनगर | नगरपालिका | १९४.१ |
| १५ | शिवसताक्षी | नगरपालिका | १४६.६ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| **२.००** | **मोरङ** | **जिल्ला** | **१८४०** |
| १ | बेलबारी | नगरपालिका | १३३.७ |
| २ | बिराटनगर | म.न.पा. | ७७.५ |
| ३ | बुढीगङ्गा | गाउँपालिका | ५६.८ |
| ४ | धनपालथान | गाउँपालिका | ७०.७ |
| ५ | ग्रामथान | गाउँपालिका | ७२.३ |
| ६ | जहदा | गाउँपालिका | ६२.८ |
| ७ | कानेपोखरी | गाउँपालिका | ८२.९ |
| ८ | कटहरी | गाउँपालिका | ५१.९ |
| ९ | केराबारी | गाउँपालिका | २२१.३ |
| १० | लेटाङ | गाउँपालिका | २२०.८ |
| ११ | मिक्लाजुङ | गाउँपालिका | १६०.१ |
| १२ | पथरीशनिश्चरे | नगरपालिका | ८०.२ |
| १३ | रङ्गेली | नगरपालिका | ११२.६ |
| १४ | रतुवामाई | नगरपालिका | १४३.२ |
| १५ | सुन्दर हरैंचा | नगरपालिका | ११०.९ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| १६ | सुनवर्सी | नगरपालिका | १०७.२ |
| १७ | उर्लाबारी | नगरपालिका | ७५.२ |
| **३.००** | **सुनसरी** | **जिल्ला** | **१२०२.४** |
| १ | बहारा | नगरपालिका | २२३.५ |
| २ | बर्जु | गाउँपालिका | ६९.९ |
| ३ | भोक्राहा | गाउँपालिका | ६३.८ |
| ४ | देवानगञ्ज | गाउँपालिका | ५३.९ |
| ५ | धरान | उ.म.न.पा. | १९३.९ |
| ६ | दुहवी | नगरपालिका | ६८.२ |
| ७ | गढी | गाउँपालिका | ६७.५ |
| ८ | हरिनगर | गाउँपालिका | ५२.६ |
| ९ | इनरुवा | नगरपालिका | ७८.४ |
| १० | इटहरी | उ.म.न.पा. | ९४.४ |
| ११ | कोशी | गाउँपालिका | ७६.५ |
| १२ | कोशी टप्पु वन्यजन्तु | आरक्ष | ६७.४ |
| १३ | रामधुनी | नगरपालिका | ९२.३ |
| **४.००** | **सप्तरी** | **जिल्ला** | **१२९१.०** |
| १ | अग्निसैर कृष्णसरावन | गाउँपालिका | १०३.७ |
| २ | बलन बिहुल | गाउँपालिका | ३३.२ |
| ३ | बेल्ही चपेना | गाउँपालिका | ४८.२ |
| ४ | विष्णुपुर | गाउँपालिका | ३६.८ |
| ५ | बोडे बर्सैं | नगरपालिका | ५९.३ |
| ६ | छिन्नमस्ता | गाउँपालिका | ३८.९ |
| ७ | डाक्नेश्वरी | नगरपालिका | ६९.५ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| ८ | हनुमाननगर कङ्कालिनी | नगरपालिका | ११८.९ |
| ९ | कञ्चनरुप | नगरपालिका | ११८.१ |
| १० | खडक | नगरपालिका | ९७.३ |
| ११ | कोशीटप्पु वन्यजन्तु | आरक्ष | ७१.१ |
| १२ | महादेव | गाउँपालिका | ३५.२ |
| १३ | राजबिराज | नगरपालिका | ५५.६ |
| १४ | रुपनी | गाउँपालिका | ५६.४ |
| १५ | सप्तकोशी | गाउँपालिका | ६०.६ |
| १६ | शम्भुनाथ | नगरपालिका | १०९.३ |
| १७ | सुरुङ्गा | नगरपालिका | १०७.६ |
| १८ | तिलाठी कोइलाडी | गाउँपालिका | ३३.१ |
| १९ | तिरहुत | गाउँपालिका | ३८.० |
| **५.००** | **सिराहा** | **जिल्ला** | **११४६.६** |
| १ | अर्नमा | गाउँपालिका | ३८.० |
| २ | औरही | गाउँपालिका | ३६.१ |
| ३ | बरियारपट्टि | गाउँपालिका | ३७.९ |
| ४ | भगवानपुर | गाउँपालिका | ३३.२ |
| ५ | विष्णुपुर | गाउँपालिका | २६.५ |
| ६ | धनगढीमाई | नगरपालिका | १६०.४ |
| ७ | गोलबजार | नगरपालिका | ११२.५ |
| ८ | कल्यानपुर | नगरपालिका | ७७.२ |
| ९ | कर्जन्हा | नगरपालिका | ७७.२ |
| १० | लाहान | नगरपालिका | १६८.१ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| ११ | लक्ष्मीपुर पटरी | गाउँपालिका | ४२.६ |
| १२ | मिर्चैया | नगरपालिका | ९२.४ |
| १३ | नराहा | गाउँपालिका | २९.४ |
| १४ | नवराजपुर | गाउँपालिका | ३२.४ |
| १५ | सखुवा नकरकटी | गाउँपालिका | ३३.० |
| १६ | सिराहा | नगरपालिका | ९४.७ |
| १७ | सुखीपुर | नगरपालिका | ५५.१ |
| **६.००** | **धनुषा** | **जिल्ला** | **११९५.४** |
| १ | औरही | गाउँपालिका | २५.७ |
| २ | बटेश्वर | गाउँपालिका | ३१.८ |
| ३ | बिदेह | नगरपालिका | ४५.७ |
| ४ | छिरेश्वरनाथ | नगरपालिका | ५१.१ |
| ५ | धनौजी | गाउँपालिका | २२.२ |
| ६ | धनुषाधाम | नगरपालिका | ९२.१ |
| ७ | गणेशमानचारनाथ | नगरपालिका | २४५.५ |
| ८ | हसनपुर | नगरपालिका | ४८.९ |
| ९ | जानकीनन्दिनी | गाउँपालिका | २७.८ |
| १० | जनकपुरधाम | उपम.न.पा. | ९२.४ |
| ११ | कमला | नगरपालिका | ६६.२ |
| १२ | लक्ष्मिनिया | गाउँपालिका | ३०.८ |
| १३ | मिथिलाबिहारी | नगरपालिका | ३७.८ |
| १४ | मिथिला | नगरपालिका | १८८.८ |
| १५ | मुखियापट्टी मुसरनिया | गाउँपालिका | २७.० |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| १६ | नगराइन | नगरपालिका | ३९.२ |
| १७ | सबैला | नगरपालिका | ६४.८ |
| १८ | शहीदनगर | नगरपालिका | ५७.७ |
| **७.००** | **महोत्तरी** | **जिल्ला** | **१००५.९** |
| १ | औरही | नगरपालिका | ३५.९ |
| २ | बलवा | नगरपालिका | ४४.३ |
| ३ | बर्दिवास | नगरपालिका | ३१७.० |
| ४ | भँगाहा | नगरपालिका | ७७.६ |
| ५ | एकडारा | गाउँपालिका | २४.१ |
| ६ | गौशाला | नगरपालिका | १४५.४ |
| ७ | जलेश्वर | नगरपालिका | ४४.५ |
| ८ | लोहारपट्टी | नगरपालिका | ५०.३ |
| ९ | महोत्तरी | गाउँपालिका | २८.२ |
| १० | मनरा सिसवा | नगरपालिका | ४९.९ |
| ११ | मटिहानी | नगरपालिका | २९.२ |
| १२ | पिपरा | गाउँपालिका | ४०.२ |
| १३ | रामगोपालपुर | नगरपालिका | ३९.७ |
| १४ | सम्सी | गाउँपालिका | २१.७ |
| १५ | सोनमा | गाउँपालिका | ५८.० |
| **८.००** | **सर्लाही** | **जिल्ला** | **१२६९.१** |
| १ | बागमती | नगरपालिका | १०१.६ |
| २ | बलरा | नगरपालिका | ४८.७ |
| ३ | बरहथवा | नगरपालिका | १०७.५ |
| ४ | बसबरिया | गाउँपालिका | २९.५ |
| ५ | विष्णु | गाउँपालिका | २८.२ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| ६ | ब्रह्मपुरी | गाउँपालिका | ३४.० |
| ७ | चक्रघट्टा | गाउँपालिका | २५.३ |
| ८ | चन्द्रनगर | गाउँपालिका | ४७.७ |
| ९ | धनकौल | गाउँपालिका | ४६.१ |
| १० | गोडैता | नगरपालिका | ४८.८ |
| ११ | हरिपुर | नगरपालिका | ६७.१ |
| १२ | हरिपुर्वा | नगरपालिका | ३०.६ |
| १३ | हरिवन | नगरपालिका | ९५.८ |
| १४ | ईश्वरपुर | नगरपालिका | १६४.५ |
| १५ | कविलासी | नगरपालिका | ४८.३ |
| १६ | कौडेना | गाउँपालिका | २५.४ |
| १७ | लालबन्दी | नगरपालिका | २३९.५ |
| १८ | मलङ्गवा | नगरपालिका | ३०.६ |
| १९ | पर्सा | गाउँपालिका | २३.२ |
| २० | रामनगर | गाउँपालिका | २६.५ |
| **९.००** | **रौतहट** | **जिल्ला** | **१०४२.३** |
| १ | बौधिमाई | नगरपालिका | ३५.५ |
| २ | वृन्दावन | नगरपालिका | ९५.८ |
| ३ | चन्द्रपुर | नगरपालिका | २५०.९ |
| ४ | देवाही गोनाही | नगरपालिका | ३४.१ |
| ५ | दुर्गा भगवती | गाउँपालिका | १९.९ |
| ६ | गढीमाई | नगरपालिका | ४९.६ |
| ७ | गरुडा | नगरपालिका | ४४.६ |
| ८ | गौर | नगरपालिका | २१.६ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| ९ | गुजारा | नगरपालिका | १५०.९ |
| १० | ईशनाथ | नगरपालिका | ३५.३ |
| ११ | कटहरिया | नगरपालिका | ४०.८ |
| १२ | माधव नारायण | नगरपालिका | ४८.७ |
| १३ | मौलापुर | नगरपालिका | ३४.९ |
| १४ | परोहा | नगरपालिका | ३७.६ |
| १५ | फतुवा बिजयपुर | नगरपालिका | ६५.५ |
| १६ | राजदेवी | नगरपालिका | २८.३ |
| १७ | राजपुर | नगरपालिका | ३१.५ |
| १८ | यमुनामाई | नगरपालिका | १६.८ |
| **१०.०** | **बारा** | **जिल्ला** | **१२७६.९** |
| १ | आदर्शकोटवाल | गाउँपालिका | ३६.४ |
| २ | बराहगढी | गाउँपालिका | ३९.४ |
| ३ | बिश्रामपुर | गाउँपालिका | १९.९ |
| ४ | देवताल | गाउँपालिका | २३.४ |
| ५ | जितपुर सिमारा | उ.म.न.पा. | ३१२.२ |
| ६ | कलैया | उ.म.न.पा. | ११०.४ |
| ७ | करैयामाई | गाउँपालिका | ४७.८ |
| ८ | कोल्हवी | नगरपालिका | १५८.० |
| ९ | महगढीमाई | नगरपालिका | ५५.५ |
| १० | निजगढ | नगरपालिका | २९०.४ |
| ११ | पचरौता | नगरपालिका | ४४.२ |
| १२ | पर्सा वन्यजन्तु | आरक्ष | १.३ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| १३ | परवानीपुर | गाउँपालिका | १५.५ |
| १४ | फेटा | गाउँपालिका | २३.७ |
| १५ | प्रसौनी | गाउँपालिका | २०.३ |
| १६ | सिम्रौनगढ | नगरपालिका | ४१.६ |
| १७ | सुवर्ना | गाउँपालिका | ३७.० |
| **११.०** | **पर्सा** | **जिल्ला** | **१४१०.६** |
| १ | बहुदरमाई | नगरपालिका | ३१.६ |
| २ | बिन्दावासिनी | गाउँपालिका | २६.१ |
| ३ | बीरगञ्ज | म.न.पा. | १३२.५ |
| ४ | छिपहरमाई | गाउँपालिका | २५.० |
| ५ | चितवन | राष्ट्रिय निकुञ्ज | ६२३.६ |
| ६ | धोविनी | गाउँपालिका | २४.५ |
| ७ | जगरनाथपुर | गाउँपालिका | ४५.४ |
| ८ | जिराभवानी | गाउँपालिका | ५५.५ |
| ९ | कालिकामाई | गाउँपालिका | २४.४ |
| १० | पकाहा मैनपुर | गाउँपालिका | २१.३ |
| ११ | पर्सागढी | नगरपालिका | १००.० |
| १२ | पटेर्वा सुगौली | गाउँपालिका | ६४.५ |
| १३ | पोखरिया | नगरपालिका | ३२.६ |
| १४ | सखुवा पर्सौनी | गाउँपालिका | ७४.५ |
| १५ | ठोरी | गाउँपालिका | १२९.० |
| **१२.०** | **चितवन** | **जिल्ला** | **२२४५.१** |
| १ | भरतपुर | म.न.पा. | ४३४.० |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| २ | चितवन | राष्ट्रिय निकुञ्ज | ९०८.२ |
| ३ | इच्छाकामना | गाउँपालिका | १६७.२ |
| ४ | कालिकामाई | नगरपालिका | १४९.५ |
| ५ | खैरहनी | नगरपालिका | ८५.८ |
| ६ | माढी | नगरपालिका | २१८.८ |
| ७ | राप्ती | नगरपालिका | २१२.९ |
| ८ | रत्ननगर | नगरपालिका | ६८.९ |
| **१३.०** | **नवलपरासी पूर्व** | **जिल्ला** | **१४२८.५** |
| १ | बिनयी त्रिवेणी | गाउँपालिका | २८८.५ |
| २ | बुलिङ्टार | गाउँपालिका | १४८.० |
| ३ | बुङ्दीकाली | गाउँपालिका | ९२.० |
| ४ | चितवन | राष्ट्रिय निकुञ्ज | ९४.८ |
| ५ | देवचुली | नगरपालिका | ११३.० |
| ६ | गैंडाकोट | नगरपालिका | १६०.३ |
| ७ | हुप्सेकोट | गाउँपालिका | १८९.६ |
| ८ | कावासोती | नगरपालिका | १०८.६ |
| ९ | मध्यबिन्दु | नगरपालिका | २३३.८ |
| **१४.०** | **नवरपरासी पश्चिम** | **जिल्ला** | **७२७.१** |
| १ | बर्दघाट | नगरपालिका | १७८.७ |
| २ | पाल्हीनन्दन | गाउँपालिका | ४४.७ |
| ३ | प्रतापपुर | गाउँपालिका | ७१.२ |
| ४ | रामग्राम | नगरपालिका | ९४.० |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| ५ | सरावल | गाउँपालिका | ७३.३ |
| ६ | सुनवल | नगरपालिका | १७३.८ |
| ७ | सुस्ता | गाउँपालिका | ९१.४ |
| **१५.०** | **रुपन्देही** | **जिल्ला** | **१३०५.७** |
| १ | बुटवल | उ.म.न.पा. | १०१.७ |
| २ | देवदह | नगरपालिका | १३७.१ |
| ३ | गैडहवा | गाउँपालिका | ९६.९ |
| ४ | कञ्चन | गाउँपालिका | ५८.५ |
| ५ | कोटहिमाई | गाउँपालिका | ५८.३ |
| ६ | लुम्बिनी सांस्कृतिक | क्षेत्र | ७.९ |
| ७ | लुम्बिनी सांस्कृतिक | क्षेत्र | ११२.३ |
| ८ | मर्चवारी | नगरपालिका | ४८.६ |
| ९ | मायादेवी | गाउँपालिका | ७२.५ |
| १० | ओमसतिया | गाउँपालिका | ४८.६ |
| ११ | रोहिनी | गाउँपालिका | ६४.७ |
| १२ | सैनामैना | नगरपालिका | १६१.३ |
| १३ | समरीमाई | गाउँपालिका | ५०.८ |
| १४ | सिद्धार्थनगर | नगरपालिका | ३६.१ |
| १५ | सियारी | गाउँपालिका | ६६.४ |
| १६ | शुद्धोदन | गाउँपालिका | ५७.६ |
| १७ | तिलोत्तमा | नगरपालिका | १२६.३ |
| **१६.०** | **कपिलवस्तु** | **जिल्ला** | **१६५१.७** |
| १ | बाँणगङ्गा | नगरपालिका | २३३.८ |
| २ | बिजयनगर | गाउँपालिका | १७३.२ |
| ३ | बुद्धभूमि | नगरपालिका | ३६६.८ |
| ४ | कपिलवस्तु | नगरपालिका | १३७.० |
| ५ | कृष्णनगर | नगरपालिका | ९६.७ |
| ६ | महाराजगञ्ज | नगरपालिका | ११२.३ |
| ७ | मायादेवी | नगरपालिका | ८८.६ |
| ८ | शिवराज | नगरपालिका | २८४.१ |
| ९ | शुद्धोदन | गाउँपालिका | ९१.८ |
| १० | यशोधारा | गाउँपालिका | ६७.६ |
| **१७.०** | **दाङ** | **जिल्ला** | **३००२.०** |
| १ | बबई | गाउँपालिका | २००.९ |
| २ | बाग्लुङचुली | गाउँपालिका | २४५.१ |
| ३ | दङ्गीशरण | गाउँपालिका | ११०.६ |
| ४ | गढवा | गाउँपालिका | ३५८.५ |
| ५ | घोराही | उ.म.न.पा. | ५२२.० |
| ६ | लमही | नगरपालिका | ३२६.५ |
| ७ | राजपुर | गाउँपालिका | ५७७.० |
| ८ | राप्ती | गाउँपालिका | १६१.१ |
| ९ | शान्तिनगर | गाउँपालिका | ११५.९ |
| १० | तुलसीपुर | उ.म.न.पा. | ३८४.४ |
| **१८.०** | **कैलाली** | **जिल्ला** | **३२८३.७** |
| १ | बर्दगोरिया | गाउँपालिका | ७७.१ |
| २ | भजनी | नगरपालिका | १७५.८ |
| ३ | चुरे | गाउँपालिका | ४९१.८ |
| ४ | धनगढी | उ.म.न.पा. | २६१.० |
| ५ | गौरीगङ्गा | नगरपालिका | २४३.८ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| ६ | घोडाघोडी | नगरपालिका | ३५३.५ |
| ७ | गोदावरी | नगरपालिका | ३०७.७ |
| ८ | जानकी | गाउँपालिका | १०७.० |
| ९ | जोशीपुर | गाउँपालिका | ६५.४ |
| १० | कैलारी | गाउँपालिका | २३२.६ |
| ११ | लम्कीचुहा | नगरपालिका | २२४.५ |
| १२ | मोहन्याल | गाउँपालिका | ६२५.४ |
| १३ | टीकापुर | नगरपालिका | ११८.० |
| **१९.०** | **बाँके** | **जिल्ला** | **१८७९.८** |
| १ | बैजनाथ | गाउँपालिका | १४१.५ |
| २ | डडुवा | गाउँपालिका | ९१.० |
| ३ | जानकी | गाउँपालिका | ६३.२ |
| ४ | खजुरा | गाउँपालिका | १०१.७ |
| ५ | कोहलपुर | नगरपालिका | १८४.० |
| ६ | नरैनापुर | गाउँपालिका | १७२.१ |
| ७ | नेपालगञ्ज | उ.म.न.पा. | ८५.८ |
| ८ | राप्ती सोनारी | गाउँपालिका | १०४०.५ |
| **२०.०** | **बर्दिया** | **जिल्ला** | **१९९९.७** |
| १ | बढैयाताल | गाउँपालिका | ११५.० |
| २ | बाँसगढी | नगरपालिका | २०५.७ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| ३ | बारबर्दिया | नगरपालिका | २२६.४ |
| ४ | बर्दिया | राष्ट्रिय निकुञ्ज | ८९५.८ |
| ५ | गेरुवा | गाउँपालिका | ७८.२ |
| ६ | गुलरिया | नगरपालिका | ११८.० |
| ७ | मधुवन | नगरपालिका | १२९.५ |
| ८ | राजापुर | नगरपालिका | १२६.८ |
| ९ | ठाकुरबाबा | नगरपालिका | १०४.४ |
| **२१.०** | **कञ्चनपुर** | **जिल्ला** | **१६१६.९** |
| १ | बेदकोट | नगरपालिका | १५९.४ |
| २ | बेलौरी | नगरपालिका | १२३.० |
| ३ | बेलगढी | गाउँपालिका | ३६.६ |
| ४ | भिमदत्त | नगरपालिका | १७१.२ |
| ५ | कृष्णपुर | नगरपालिका | २५१.९ |
| ६ | लालझाडी | गाउँपालिका | १५४.१ |
| ७ | महाकाली | नगरपालिका | ५६.६ |
| ८ | पुनर्वास | नगरपालिका | १०३.४ |
| ९ | शुक्लाफाँटा | नगरपालिका | १६२.० |
| १० | शुक्लाफाँटा | राष्ट्रिय निकुञ्ज | ३९८.७ |
|  | **कुल** |  | **३३४४२.३** |

## ३.५ तराई मधेशमा जनसाङ्ख्यिक वृद्धिको प्रवृत्ति

गत आधा शताव्दीमा तराई–मधेशका २१ जिल्लाहरूमा निकै तीव्र गतिमा जनसङ्ख्या वृद्धि भई नेपालको बहुमत जनसङ्ख्या यसै क्षेत्रमा केन्द्रित भइसकेको देखिन्छ । वि.सं. २०२८ सालमा तराई–मधेशका जिल्लाहरूमा नेपालको कुल जनसङ्ख्याको ३८ प्रतिशत हिस्सा बसोवास गर्ने गरेकोमा वि.सं. २०७८ को राष्ट्रिय जनगणनामा आइपुग्दा नेपालको कुल जनसङ्ख्याको ५३.६ प्रतिशत हिस्सा बसोवास गर्ने गरेको देखिएको छ । यस ५० वर्षमा भएको जनसङ्ख्याको जिल्लागत वृद्धि देहायको तालिका ७ मा प्रस्तुत गरिएको छ :

तालिका ७ : विगत पचास वर्ष अवधिमा तराई मधेशका जिल्लाहरुमा जनसङ्ख्या वृद्धिसः-

## २०२८-२०७८

| क्र.सं. | जिल्ला | २०२८ साल | २०३८ साल | २०४८ साल | २०५८ साल | २०६८ साल | २०७८ साल |
|---|---|---|---|---|---|---|---|
| | झापा | २४७,६९८ | ४७९,७४३ | ५९३,७३७ | ६८८,१०९ | ८१२,६५० | ९९८०५४ |
| | मोरङ | ३०१,५५७ | ५३४,६९२ | ६७४,८२३ | ८४३,२२० | ९६५,३७० | ११४८१५६ |
| | सुनसरी | २२३,४३४ | ३४४,५९४ | ४६३,४८१ | ६२५,६३३ | ७६३,४८७ | ९२६९६२ |
| | सप्तरी | ३१२,५६५ | ३७९,०५५ | ४६५,६६८ | ५७०,२८२ | ६३९,२८४ | ७०६२५५ |
| | सिरहा | ३०२,३०४ | ३७५,३५८ | ४६०,७४६ | ५७२,३९९ | ६३७,३२८ | ७३९९५३ |
| | धनुषा | ३३०,६०१ | ४३२,५६९ | ५४३,६७२ | ६७१,३६४ | ७५४,७७७ | ८६७७४७ |
| | महोत्तरी | ३२४,८३१ | ३६१,०५४ | ४४०,१४६ | ५५३,४८१ | ६२७,५८० | ७०६९९४ |
| | सर्लाही | १७५,५४३ | ३९८,७६६ | ४९२,७९८ | ६३५,७०१ | ७६९,७२९ | ८६२४७० |
| | रौटहट | ३२०,०९३ | ३३२,५२६ | ४१४,००५ | ५४५,१३२ | ६८६,७२२ | ८१३५७३ |
| | बारा | २३३,४०१ | ३१८,९५७ | ४१५,७१८ | ५५९,१३५ | ६८७,७०८ | ७६३१३७ |
| | पर्सा | २०२,१२३ | २८४,३३८ | ३७२,५२४ | ४९७,२१९ | ६०१,०१७ | ६५४४७१ |
| | चितवन | १८३,६४४ | २५९,५७१ | ३५४,४८८ | ४७२,०४८ | ५७९,९८४ | ७१९८५९ |
| | नवलपरासी-पूर्व | १४६,५४८ | ३०८,८२८ | ४३६,२१७ | ५६२,८७० | ६४३,५०८ | ३७८०७९ |
| | नवलपरासी-पश्चिम | | | | | | ३८६८६८ |

| क्र.सं. | जिल्ला | २०२८ साल | २०३८ साल | २०४८ साल | २०५८ साल | २०६८ साल | २०७८ साल |
|---|---|---|---|---|---|---|---|
| | रूपन्देही | २४३,३४६ | ३७९,०९६ | ५२२,१५० | ७०८,४१९ | ८८०,१९६ | ११२१९५७ |
| | कपिलवस्तु | २०५,२१६ | २७०,०४५ | ३७१,७७८ | ४८१,९७६ | ५७१,९३६ | ६८२९६१ |
| | दाङ | १६७,८२० | २६६,३९३ | ३५४,४१३ | ४६२,३८० | ५५२,५८३ | ६७४९९३ |
| | बाँके | १२५,७०९ | २०५,३२३ | २८५,६०४ | ३८५,८४० | ४९१,३१३ | ६०३१९४ |
| | बर्दिया | १०१,७९३ | १९९,०४४ | २९०,३१३ | ३८२,६४९ | ४२६,५७६ | ४५९९०० |
| | कैलाली | १२८,८७७ | २५७,९०५ | ४१७,८९१ | ६१६,६९७ | ७७५,७०९ | ९०४६६६ |
| | कञ्चनपुर | ६८,८६३ | १६८,९७१ | २५७,९०६ | ३७७,८९९ | ४५१,२४८ | ५१३७५७ |
| **तराई मधेशको कुल** | | **४३,४५,९६६** | **६५,५६,८२८** | **८६,२८,०७८** | **१,१२,१२,४५३** | **१,३३,१८,७०५** | **१५६३४००६** |
| **कुल जनसंख्यामा तराई मधेशको हिस्सा** | | **३८** | **४४** | **४७** | **४८** | **५०** | **५३.६** |
| **नेपाल** | | **१,१५,५५,९८३** | **१,५०,२२,८३९** | **१,८४,९१,०९७** | **२,३१,५१,४२३** | **२,६४,९४,५०४** | **२,९१,६४,५७८** |

स्रोत : नेपालमा जनगणना, जनगणना विशेष प्रकाशन, चैत्र २०७९, राष्ट्रिय तथ्याङ्का कार्यालय, थापाथली, काठमाडौं

## ३.६ तराई मधेशको आधारभूत जनसाङ्खिक अवस्था

नेपालको तराई–मधेश क्षेत्रमा यहाँको उर्वर माटो, सहज पूर्वाधार र अन्य सुविधाका कारण विगत आधी शताव्दीदेखि बसाइ सराइको केन्द्र बन्दै आएको छ । साथै, अध्ययनको कार्यक्षेत्रमा काठमाडौं तथा पोखरा उपत्यका र भित्री मधेशका जिल्लाहरु पनि रहेकाले देशको जनसङ्ख्याको ठूलो हिस्साको बसोवास रहेको छ । देशका कतिपय जिल्लाहरुको जनसङ्ख्या वृद्धि ऋणात्मक भएको अवस्थामा यहाँको जनसङ्ख्या वृद्धि औसत १.४ प्रतिशत रहेको छ भने औसत जनघनत्व प्रतिवर्ग कि.मि. ७५० जना रहेको छ ।

नेपालमा वि.सं. २०७८ को राष्ट्रिय जनगणनाअनुसार कुल दुई करोड ९१ लाख ६४ हजार ५७८ जनसङ्ख्या रहेकोमा तराई–मधेशका २१ जिल्लामा नेपालको कुल जनसङ्ख्याको ५३.६ प्रतिशत अर्थात् एक करोड ५६ लाख ३४ हजार ६ जनसङ्ख्या रहेको छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार तराई–मधेश क्षेत्रमा नेपालको कुल जनसङ्ख्याको ५० प्रतिशत मात्र जनसङ्ख्या रहेको थियो । तराई–मधेशका जिल्ला अनुसार जनसङ्ख्या, परिवार सङ्ख्या, परिवारको औसत आकार, जनघनत्व र वार्षिक जनसङ्ख्या वृद्धिदर देहायको तालिकामा दिइएको छ :

तालिका ८ : तराई मधेशका जलि्लाको आधारभूत जनसाङ्खकि अवस्था

| क्र.सं. | जिल्ला | जुम्मा परिवार संख्या | जनसंख्या २०७८ | | | परिवारको औसत आकार | लैङ्गिक अनुपात (पुरुष-।)) महिला) | जनघनत्व | जनसंख्या २०६८ | वार्षिक जनसंख्या वृद्धिदर (%) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला | | | | | |
| 1 | झापा | २४५१४२ | ९९८०५४ | ४७८५०९ | ५१९५४५ | ४.०७ | ९२.१० | ६२१ | ८१२६५० | १.९७ |
| 2 | मोरङ | २७२२८३ | ११४८१५६ | ५५७५१२ | ५९०६४४ | ४.२२ | ९४.३९ | ६१९ | ९६५३७० | १.६६ |
| 3 | सुनसरी | २१२५४५ | ९२६९६२ | ४४९०२३ | ४७७९३९ | ४.३६ | ९३.९५ | ७३७ | ७६३४८७ | १.८६ |
| 4 | ससरी | १४६८५४ | ७०६२५५ | ३५१३६८ | ३५४८८७ | ४.८१ | ९९.०१ | ५१८ | ६३९२८४ | ०.९६ |
| 5 | सिराहा | १४८५७१ | ७३९९५३ | ३६३७२४ | ३७६२२९ | ४.९८ | ९६.६८ | ६२३ | ६३७३२८ | १.४३ |
| 6 | धनुषा | १७७१४३ | ८६७७४७ | ४२९८९३ | ४३७८५४ | ४.९० | ९८.१८ | ७३५ | ७५४७७७ | १.३४ |
| 7 | महोत्तरी | १३७९०२ | ७०६९९४ | ३४९१५९ | ३५७८३५ | ५.१३ | ९७.५८ | ७०६ | ६२७५८० | १.१४ |
| 8 | सर्लाही | १६४८९३ | ८६२४७० | ४३५१३१ | ४२७३३९ | ५.२३ | १०१.८२ | ६८५ | ७६९७२९ | १.०९ |
| 9 | रौतहट | १३७०३२ | ८१३५७३ | ४०८४०३ | ४०५१७० | ५.९४ | १००.८० | ७२३ | ६८६७२२ | १.६३ |
| 10 | बारा | १३१२४० | ७६३१३७ | ३८९७८७ | ३७३३५० | ५.८१ | १०४.४० | ६४१ | ६८७७०८ | १.०० |
| 11 | पर्सा | ११३०८० | ६५४४७१ | ३३८२८६ | ३१६१८५ | ५.७९ | १०६.९९ | ४८४ | ६०१०१७ | ०.८२ |
| 12 | चितवन | १७९३४५ | ७१९८५९ | ३५१७८९ | ३६८०७० | ४.०१ | ९५.५८ | ३२५ | ५७९९८४ | २.०७ |
| 13 | नवलपरासी - पूर्व | ९३९२५ | ३७८०७९ | १७७८८७ | २००१९२ | ४.०३ | ८८.८६ | २६५ | ३११६०४ | १.८६ |

| क्र.सं. | जिल्ला | जम्मा परिवार संख्या | जनसंख्या २०७८ | | | परिवारको औसत आकार | लैंङ्गिक अनुपात (पुरुष–।)) महिला) | जनघनत्व | जनसंख्या २०६८ | वार्षिक जनसंख्या वृद्धिदर (%) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला | | | | | |
| 14 | नवलपरासी - पश्चिम | ८२७३८ | ३८६८६८ | १८८१८२ | १९८६८६ | ४.६८ | ९४.७१ | ५२७ | ३३१९०४ | १.४७ |
| 15 | रुपन्देही | २३८३२० | ११२१९५७ | ५५०४७८ | ५७१४७९ | ४.७१ | ९६.३३ | ८२५ | ८८०१९६ | २.३३ |
| 16 | कपिलवस्तु | १२१९४६ | ६८२९६१ | ३३४६८७ | ३४८२७४ | ५.६० | ९६.१० | ३९३ | ५७१९३६ | १.७० |
| 17 | दाङ्ग | १६२३१६ | ६७४९९३ | ३२०५७३ | ३५४४२० | ४.१६ | ९०.४५ | २२८ | ५५२५८३ | १.९२ |
| 18 | बाँके | १२९३०७ | ६०३१९४ | २९६७४५ | ३०६४४९ | ४.६६ | ९६.८३ | २५८ | ४९१३१३ | १.९७ |
| 19 | बर्दिया | १०६३२६ | ४५९९०० | २१६७६६ | २४३१३४ | ४.३३ | ८९.१५ | २२७ | ४२६५७६ | ०.७२ |
| 20 | कैलाली | १९५९५७ | ९०४६६६ | ४३३४५६ | ४७१२१० | ४.६२ | ९१.९९ | २८० | ७७५७०९ | १.४८ |
| 21 | कञ्चनपुर | १११२१७ | ५१३७५७ | २४०६८६ | २७३०७१ | ४.६२ | ८८.१४ | ३१९ | ४५१२४८ | १.२५ |
| | **तराइ मधेशको कुल** | **३३०८०८२** | **१५६३४००६** | **७६६२०४४** | **७९७१९६२** | **४.७९** | **९५.९१** | **५११** | **१३३१८७०५** | **१.५१** |
| | **तराई मधेशको हिस्सा** | **४९.६** | **५३.६** | **५३.८** | **५३.५** | | | | **५०** | |
| | **नेपाल** | **६६६६९३७** | **२९१६४५७८** | **१४२५३५५१** | **१४९११०२७** | **४.३७** | **९५.५९** | **१९८** | **२६४९४५०४** | **०.९२** |

स्रोत : राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय जनसङ्ख्या कार्यालय

# परिच्छेद ४ : मधेशी समुदायको जनसङ्ख्या

## ४.१ पृष्ठभूमि

पहिलो संविधानसभाको राज्यको पुर्नसंरचना र राज्यशक्तिको बाँडफाँड समितिले मधेशी पहिचानलाई चित्रण गर्दै प्राग ऐतिहासिक, ऐतिहासिक, वैदिक कालखण्डहरूमा समेत रहेको विदेह, विराट, सलहेश, सिम्रौनगढ, शाक्य लगायतका गणराज्यहरूका वासिन्दाहरु कालान्तरमा मधेशी भनेर एउटा विशेष पहिचान र राष्ट्रियताको रूपमा एकतावद्ध भइरहेको समुदाय हो भनी अर्थ्याएको छ । यस अध्ययनका सन्दर्भमा मधेशी आयोगले पहिचान गरी सूचीबद्ध गरी सिफारिश गरेका जात थरहरूका आधारमा मधेशी समुदायको जनसङ्ख्या पहिचान र गणना गरिएको छ । यस आधारमा नेपालमा मधेशी समुदायको उपस्थिति विविध भाषा, विविध संस्कृति, विविध मनोवृत्ति, विविध परम्परायुक्त रहेको देखिन्छ । यसले मधेशी समुदायलाई नेपालको तराई-मधेश क्षेत्रमा पुर्ख्यौली बसोवास भएका विविधतापूर्ण समुदायका रूपमा प्रस्तुत गरेको देखिन्छ ।

नेपालको मध्यभागमा पूर्वदेखि पश्चिमसम्म क्रमशः मैथिली, भोजपुरी र अवधी भाषी रहेका छन् । पश्चिमदेखि पूर्वसम्म फैलिएका थारू, पश्चिमका राजी वा मध्यतराईका मुसलमान होउन् वा पूर्वका राजवंशी, सन्थाल, मध्यनेपालमा घुमन्ते जीवन बिताउने कुसुण्डाहरु मधेशी समुदायभित्र समेटिएका छन् । विविध भाषा र भेषभूषासहित नेपालमा मधेशी समुदायको जनसङ्ख्या उल्लेख्य रहेको छ । वि.सं. २०४८ सालको राष्ट्रिय जनगणनाअनुसार तराईमूलका जातिहरूको हिस्सा ३०.९३ रहेको थियो ।[४] मधेशी समुदायको हालको जनसङ्ख्यालाई देहायका परिच्छेदहरूमा प्रस्तुत गरिएको छ ।

## ४.२ नेपालमा मधेशी समुदायको जनसङ्ख्या

मधेशी समुदायको स्पष्ट सर्वमान्य परिभाषा हालसम्म उपलब्ध नभएको हुँदा मधेशी समुदायको जनसङ्ख्याको आकार निर्धारण पनि कठिन हुन गएको छ । नेपाल सरकारले मधेशी समुदायअन्तर्गत ९२ जातहरूको सूचीकरण गरेको छ भने मधेशी आयोगको पछिल्लो सूचीमा मधेशी समुदायअन्तर्गत १५० जातहरु सूचीकृत छन् ।

[४]Nepal Population Report, 2011, Ministry of Health and Population, Population Division, Ramshahpath, Kathmandu.

वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार नेपाल सरकारको सूचीअनुसार मधेशी समुदायको हिस्सा ३५.३ प्रतिशत हुन आउँछ भने मधेशी आयोगको पछिल्लो सूचीअनुसार मधेशी समुदायको हिस्सा २४.९ प्रतिशत हुन आउँछ । नेपाल सरकारको सूचीमा ठूलो जनसाङ्ख्यिक आकार भएका थारू तथा मुसलमान समुदाय समावेश भएका तर मधेशी समुदायको पछिल्लो सूचीमा यी दुई समुदायलाई हटाइएको हुँदा नेपालको कुल जनसङ्ख्यामा मधेशी समुदायको आकार घट्न गएको देखिन्छ । यो तथ्याङ्क देहायअनुसार रहेको छ :

तालिका ९ : नेपालको कुल जनसङ्ख्यामा मधेशी समुदायको हिस्सा

| **समुदाय** | **नेपाल सरकारको सूचीअनुसार मधेसी समुदाय** | | **मधेशी आयोगको सूचीअनुसार मधेसी समुदाय** | | **कैफियत** |
|---|---|---|---|---|---|
| | **जनसङ्ख्या** | **प्रतिशत** | **जनसङ्ख्या** | **प्रतिशत** | |
| मधेशी समुदाय | १०२९६९७० | ३५.३ | ७२७४०८८ | २४.९ | नेपाल सरकारको सूचीमा थारू र मुसलमान समुदाय मधेशी समुदायअन्तर्गत सूचीकृत भएको तर मधेशी आयोगको पछिल्लो सूचीमा समावेश नभएको । |
| अन्य समुदाय | १८८६७६०८ | ६४.७ | २१८९०४९० | ७५.१ | |
| कुल | २९१६४५७८ | १००.०० | २९१६४५७८ | १००.० | |

स्रोत : राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजामा आधारित गणना

नेपालको कुल जनसङ्ख्यामा एक चौथाइ हिस्सा रहेको मधेशी समुदायको जनसङ्ख्यामध्ये सबैभन्दा धेरै सङ्ख्या यादव समुदाय रहेको छ । यादवहरूको सङ्ख्या नेपालको कुल जनसङ्ख्यामा ४.२ प्रतिशत रहेको छ भने तेली, चमार/हरिजन, र कोइरी/कुशवाहाको जनसङ्ख्या नेपालको कुल जनसङ्ख्याको १ प्रतिशतभन्दा बढी रहेको छ । बाँकी अन्य सबै जातजातिको जनसङ्ख्या १ प्रतिशतभन्दा कम रहेको छ । यस सम्बन्धी विस्तृत विवरण देहायको तालिका १० मा दिइएको छ :

तालिका १० : नेपालको जातीय जनसाङ्ख्यिक संरचनामा मधेशी समुदायको हिस्सा

| क्र. सं. | जात जाति | जनसङ्ख्या | नेपाल सरकारको वर्गीकरण | प्रतिशत | मधेशी आयोगको वर्गीकरण | कुल |
|---|---|---|---|---|---|---|
| १ | क्षत्रीय/क्षत्री | ४७९६९९५ | अन्य | १६.४५ | अन्य | १६.४४८ |
| २ | ब्राह्मण- पहाडी | ३२९२३७३ | अन्य | ११.२८९ | अन्य | ११.२८९ |
| ३ | मगर | २०१३४९८ | अन्य | ६.९०४ | अन्य | ६.९०३९ |
| ४ | थारू | १८०७१२४ | मधेशी | ६.१९६ | अन्य | ६.१९६३ |
| ५ | तामाङ | १६३९८६६ | अन्य | ५.६२३ | अन्य | ५.६२२८ |
| ६ | विश्वकर्मा | १४७००१० | अन्य | ५.०४ | अन्य | ५.०४०४ |
| ७ | मुसलमान | १४१८६७७ | मधेशी | ४.८६४ | अन्य | ४.८६४४ |
| ८ | नेवाः (नेवार) | १३४१३६३ | अन्य | ४.५९९ | अन्य | ४.५९९३ |
| ९ | यादव | १२२८५८१ | मधेशी | ४.२१३ | मधेशी | ४.२१२६ |
| १० | राई | ६४०६७४ | अन्य | २.१९७ | अन्य | २.१९६८ |
| ११ | परियार | ५६५९३२ | अन्य | १.९४ | अन्य | १.९४०५ |
| १२ | गुरूङ | ५४३७९० | अन्य | १.८६५ | अन्य | १.८६४६ |
| १३ | ठकुरी | ४९४४७० | अन्य | १.६९५ | अन्य | १.६९५४ |
| १४ | मिजार | ४५२२२९ | अन्य | १.५५१ | अन्य | १.५५०६ |
| १५ | तेली | ४३१३४७ | मधेशी | १.४७९ | मधेशी | १.४७९ |
| १६ | याक्थुङ/लिम्बु | ४१४७०४ | अन्य | १.४२२ | अन्य | १.४२१९ |
| १७ | चमार/हरिजन/राम | ३९३२५५ | मधेशी | १.३४८ | मधेशी | १.३४८४ |
| १८ | कोइरी/कुशवाहा | ३५५७०७ | मधेशी | १.२२ | मधेशी | १.२१९७ |
| १९ | कुर्मी | २७७७८६ | मधेशी | ०.९५२ | मधेशी | ०.९५२५ |
| २० | मुसहर | २६४९७४ | मधेशी | ०.९०९ | मधेशी | ०.९०८५ |
| २१ | धानुक | २५२१०५ | मधेशी | ०.८६४ | मधेशी | ०.८६४४ |

| क्र. सं. | जात जाति | जनसङ्ख्या | नेपाल सरकारको वर्गीकरण | प्रतिशत | मधेशी आयोगको वर्गीकरण | कुल |
|---|---|---|---|---|---|---|
| २२ | दुसाध/पासवान/पासी | २५०९७७ | मधेशी | ०.८६१ | मधेशी | ०.८६०६ |
| २३ | ब्राह्मण- तराईं | २१७७७४ | मधेशी | ०.७४७ | मधेशी | ०.७४६७ |
| २४ | मल्लाह | २०७००६ | मधेशी | ०.७१ | मधेशी | ०.७०९८ |
| २५ | सन्यासी/दशनामी | १९८८४९ | अन्य | ०.६८२ | मधेशी | ०.६८१८ |
| २६ | केवट | १८४२९८ | मधेशी | ०.६३२ | मधेशी | ०.६३१९ |
| २७ | कानु | १५२८६८ | मधेशी | ०.५२४ | मधेशी | ०.५२४२ |
| २८ | हजाम/ठाकुर | १३६४८७ | मधेशी | ०.४६८ | मधेशी | ०.४६८ |
| २९ | कलवार | १३४९१४ | मधेशी | ०.४६३ | मधेशी | ०.४६२६ |
| ३० | राजवंशी | १३२५६४ | मधेशी | ०.४५५ | मधेशी | ०.४५४५ |
| ३१ | शेर्पा | १३०६३७ | अन्य | ०.४४८ | अन्य | ०.४४७९ |
| ३२ | कुमाल | १२९७०२ | मधेशी | ०.४४५ | मधेशी | ०.४४४७ |
| ३३ | तत्मा/तत्वा | १२६०१८ | मधेशी | ०.४३२ | मधेशी | ०.४३२१ |
| ३४ | खत्वे | १२४०६२ | मधेशी | ०.४२५ | मधेशी | ०.४२५४ |
| ३५ | घर्ती/भुजेल | १२०२४५ | अन्य | ०.४१२ | अन्य | ०.४१२३ |
| ३६ | माझी | १११३५२ | मधेशी | ०.३८२ | मधेशी | ०.३८१८ |
| ३७ | नुनीया | १०८७२३ | मधेशी | ०.३७३ | मधेशी | ०.३७२८ |
| ३८ | सुँडी | १०७३८० | मधेशी | ०.३६८ | मधेशी | ०.३६८२ |
| ३९ | धोवी | १०१०८९ | मधेशी | ०.३४७ | मधेशी | ०.३४६६ |
| ४० | लोहार | १००६८० | मधेशी | ०.३४५ | मधेशी | ०.३४५२ |
| ४१ | बिन | ९६९७४ | मधेशी | ०.३३३ | मधेशी | ०.३३२५ |
| ४२ | कुम्हार/कोहार/कुम्हाल | ९५७२४ | मधेशी | ०.३२८ | मधेशी | ०.३२८२ |
| ४३ | सोनार | ९३३८० | मधेशी | ०.३२ | मधेशी | ०.३२०२ |

| क्र.सं. | जात जाति | जनसङ्ख्या | नेपाल सरकारको वर्गीकरण | प्रतिशत | मधेशी आयोगको वर्गीकरण | कुल |
|---|---|---|---|---|---|---|
| ४४ | चेपाङ/प्रजा | ८४३६४ | अन्य | ०.२८९ | अन्य | ०.२८९३ |
| ४५ | रानाथारू | ८३३०८ | मधेशी | ०.२८६ | अन्य | ०.२८५६ |
| ४६ | दनुवार | ८२७८४ | मधेशी | ०.२८४ | मधेशी | ०.२८३९ |
| ४७ | सुनुवार | ७८९१० | अन्य | ०.२७१ | अन्य | ०.२७०६ |
| ४८ | हलुवाई | ७१७९६ | मधेशी | ०.२४६ | मधेशी | ०.२४६२ |
| ४९ | बराई | ६८०११ | मधेशी | ०.२३३ | मधेशी | ०.२३३२ |
| ५० | बन्तार/सरदार | ६१६८७ | मधेशी | ०.२१२ | मधेशी | ०.२११५ |
| ५१ | कहर | ५९८८२ | मधेशी | ०.२०५ | मधेशी | ०.२०५३ |
| ५२ | सन्थाल/सतार | ५७३१० | मधेशी | ०.१९७ | मधेशी | ०.१९६५ |
| ५३ | बनियान | ५३६५५ | मधेशी | ०.१८४ | मधेशी | ०.१८४ |
| ५४ | कठवनियाँ | ५२४६६ | मधेशी | ०.१८ | मधेशी | ०.१७९९ |
| ५५ | बढाइ/बढी | ५२४३७ | मधेशी | ०.१८ | मधेशी | ०.१७९८ |
| ५६ | ओराओन/कुडुख (झाँगड/घाँघड/उराव) | ४६८४० | मधेशी | ०.१६१ | मधेशी | ०.१६०६ |
| ५७ | राजपुत | ४६५७७ | मधेशी | ०.१६ | मधेशी | ०.१५९७ |
| ५८ | अमत | ४६४७१ | मधेशी | ०.१५९ | मधेशी | ०.१५९३ |
| ५९ | गनगाई | ४१४४६ | मधेशी | ०.१४२ | मधेशी | ०.१४२१ |
| ६० | लोध | ३९८७२ | मधेशी | ०.१३७ | मधेशी | ०.१३६७ |
| ६१ | गडेरी/भेडियार | ३५४९७ | मधेशी | ०.१२२ | मधेशी | ०.१२१७ |
| ६२ | घले | ३५४३४ | अन्य | ०.१२१ | अन्य | ०.१२१५ |
| ६३ | मारवाडी | ३३८०३ | मधेशी | ०.११६ | मधेशी | ०.११५९ |
| ६४ | कायस्थ | ३३५०२ | मधेशी | ०.११५ | मधेशी | ०.११४९ |

| क्र. सं. | जात जाति | जनसङ्ख्या | नेपाल सरकारको वर्गीकरण | प्रतिशत | मधेशी आयोगको वर्गीकरण | कुल |
|---|---|---|---|---|---|---|
| ६५ | कुलुङ | ३३३८८ | अन्य | ०.११४ | अन्य | ०.११४५ |
| ६६ | थामी | ३२७४३ | अन्य | ०.११२ | अन्य | ०.११२३ |
| ६७ | भूमिहार | ३२१९९ | मधेशी | ०.११ | मधेशी | ०.११०४ |
| ६८ | राजभर | २९२४० | मधेशी | ०.१ | मधेशी | ०.१००३ |
| ६९ | रौनियार | २७२५८ | मधेशी | ०.०९३ | मधेशी | ०.०९३५ |
| ७० | धिमाल | २५६४३ | मधेशी | ०.०८८ | मधेशी | ०.०८७९ |
| ७१ | खवास | २२५५१ | मधेशी | ०.०७७ | मधेशी | ०.०७७३ |
| ७२ | ताजपुरिया | २०९८९ | मधेशी | ०.०७२ | मधेशी | ०.०७२ |
| ७३ | कोरी | २०६७० | मधेशी | ०.०७१ | मधेशी | ०.०७०९ |
| ७४ | डोम | १९९०१ | मधेशी | ०.०६८ | मधेशी | ०.०६८२ |
| ७५ | माली | १९६०५ | मधेशी | ०.०६७ | मधेशी | ०.०६७२ |
| ७६ | दराई | १८६९५ | अन्य | ०.०६४ | अन्य | ०.०६४१ |
| ७७ | याक्खा | १७४६० | अन्य | ०.०६ | अन्य | ०.०५९९ |
| ७८ | भोटे | १५८१८ | अन्य | ०.०५४ | अन्य | ०.०५४२ |
| ७९ | बान्तवा | १५७१९ | अन्य | ०.०५४ | अन्य | ०.०५३९ |
| ८० | राजधोव | १५३९१ | मधेशी | ०.०५३ | मधेशी | ०.०५२८ |
| ८१ | धुनिया | १५०३३ | मधेशी | ०.०५२ | मधेशी | ०.०५१५ |
| ८२ | पहरी | १५०१५ | अन्य | ०.०५१ | अन्य | ०.०५१५ |
| ८३ | बङ्गाली | १३८०० | मधेशी | ०.०४७ | मधेशी | ०.०४७३ |
| ८४ | गोंध/गोण्ड | १२२६७ | मधेशी | ०.०४२ | मधेशी | ०.०४२१ |
| ८५ | चाम्लिङ | १२१७८ | अन्य | ०.०४२ | अन्य | ०.०४१८ |
| ८६ | छन्त्याल | ११९६३ | अन्य | ०.०४१ | अन्य | ०.०४१ |

| क्र.सं. | जात जाति | जनसङ्ख्या | नेपाल सरकारको वर्गीकरण | प्रतिशत | मधेशी आयोगको वर्गीकरण | कुल |
|---|---|---|---|---|---|---|
| ८७ | थकाली | ११७४१ | अन्य | ०.०४ | अन्य | ०.०४०३ |
| ८८ | बादी | ११४७० | अन्य | ०.०३९ | मधेशी | ०.०३९३ |
| ८९ | बोटे | ११२५८ | अन्य | ०.०३९ | मधेशी | ०.०३८६ |
| ९० | पुन | ९८२७ | अन्य | ०.०३४ | अन्य | ०.०३३७ |
| ९१ | ह्योल्मो/ह्योल्मोपा | ९८१९ | अन्य | ०.०३४ | अन्य | ०.०३३७ |
| ९२ | खटिक | ९१५२ | अन्य | ०.०३१ | मधेशी | ०.०३१४ |
| ९३ | याम्फु | ९१११ | अन्य | ०.०३१ | अन्य | ०.०३१२ |
| ९४ | केवरट | ८८०९ | मधेशी | ०.०३ | मधेशी | ०.०३०२ |
| ९५ | बराम/बरामु/बरामो/ब्रह्मु | ७८५९ | अन्य | ०.०२७ | अन्य | ०.०२६९ |
| ९६ | देव | ७४१८ | अन्य | ०.०२५ | मधेशी | ०.०२५४ |
| ९७ | नाछिरिङ | ७३०० | अन्य | ०.०२५ | अन्य | ०.०२५ |
| ९८ | गाइने | ६९७१ | अन्य | ०.०२४ | अन्य | ०.०२३९ |
| ९९ | बाहिङ | ६५४७ | अन्य | ०.०२२ | अन्य | ०.०२२४ |
| १०० | थुलुङ | ६२३९ | अन्य | ०.०२१ | अन्य | ०.०२१४ |
| १०१ | जिरेल | ६०३१ | अन्य | ०.०२१ | अन्य | ०.०२०७ |
| १०२ | खालिङ | ५८८९ | अन्य | ०.०२ | अन्य | ०.०२०२ |
| १०३ | आठपहरिया | ५८७८ | अन्य | ०.०२ | अन्य | ०.०२०२ |
| १०४ | डोल्मो | ५८१८ | अन्य | ०.०२ | अन्य | ०.०१९९ |
| १०५ | सरबरिया | ५७९३ | अन्य | ०.०२ | मधेशी | ०.०१९९ |
| १०६ | मेवाहाङ | ५७२७ | अन्य | ०.०२ | अन्य | ०.०१९६ |
| १०७ | व्यासी/सौका/साकु | ५७१८ | अन्य | ०.०२ | अन्य | ०.०१९६ |
| १०८ | दुरा | ५५८१ | अन्य | ०.०१९ | अन्य | ०.०१९१ |

| क्र.सं. | जात जाति | जनसङ्ख्या | नेपाल सरकारको वर्गीकरण | प्रतिशत | मधेशी आयोगको वर्गीकरण | कुल |
|---|---|---|---|---|---|---|
| १०९ | मेचे | ५१९३ | अन्य | ०.०१८ | मधेशी | ०.०१७८ |
| ११० | राजी | ५१२५ | अन्य | ०.०१८ | मधेशी | ०.०१७६ |
| १११ | सामपाङ | ४८४१ | अन्य | ०.०१७ | अन्य | ०.०१६६ |
| ११२ | चाइ/खुलौट | ४८०५ | अन्य | ०.०१६ | मधेशी | ०.०१६५ |
| ११३ | चुम्बा/नुब्री | ४४१४ | अन्य | ०.०१५ | अन्य | ०.०१५१ |
| ११४ | धन्कार/धरिकार | ४०९० | अन्य | ०.०१४ | मधेशी | ०.०१४ |
| ११५ | मुण्डा | ३५८९ | अन्य | ०.०१२ | मधेशी | ०.०१२३ |
| ११६ | लेप्चा | ३५७८ | अन्य | ०.०१२ | अन्य | ०.०१२३ |
| ११७ | पत्थरकट्टा/कुशवाडिया | ३३४३ | अन्य | ०.०११ | मधेशी | ०.०११५ |
| ११८ | हायु | ३०६९ | अन्य | ०.०११ | अन्य | ०.०१०५ |
| ११९ | बेलदार | ३०३७ | अन्य | ०.०१ | मधेशी | ०.०१०४ |
| १२० | हलखोर | २९२९ | अन्य | ०.०१ | मधेशी | ०.०१ |
| १२१ | नटुवा | २८९६ | मधेशी | ०.०१ | मधेशी | ०.००९९ |
| १२२ | लोहारूङ | २५९८ | अन्य | ०.००९ | अन्य | ०.००८९ |
| १२३ | कामर | २५३२ | अन्य | ०.००९ | मधेशी | ०.००८७ |
| १२४ | ढाँडी | २३३९ | अन्य | ०.००८ | मधेशी | ०.००८ |
| १२५ | डोन | २१२५ | अन्य | ०.००७ | अन्य | ०.००७३ |
| १२६ | मुगल/मुगुम | २१२४ | अन्य | ०.००७ | अन्य | ०.००७३ |
| १२७ | पञ्जावी/सिख | १८४६ | मधेशी | ०.००६ | मधेशी | ०.००६३ |
| १२८ | कारमारोङ | १६६३ | अन्य | ०.००६ | अन्य | ०.००५७ |
| १२९ | चिडिमार | १६१५ | अन्य | ०.००६ | मधेशी | ०.००५५ |
| १३० | किसान | १४७९ | अन्य | ०.००५ | मधेशी | ०.००५१ |

| क्र.सं. | जात जाति | जनसङ्ख्या | नेपाल सरकारको वर्गीकरण | प्रतिशत | मधेशी आयोगको वर्गीकरण | कुल |
|---|---|---|---|---|---|---|
| १३१ | ल्होपा | १३९० | अन्य | ०.००५ | अन्य | ०.००४८ |
| १३२ | कलर | ९३१ | अन्य | ०.००३ | मधेशी | ०.००३२ |
| १३३ | फ्री | ९२१ | अन्य | ०.००३ | अन्य | ०.००३२ |
| १३४ | कोचे | ८४७ | अन्य | ०.००३ | मधेशी | ०.००२९ |
| १३५ | तोप्केगोला | ६४२ | अन्य | ०.००२ | अन्य | ०.००२२ |
| १३६ | राउटे | ५६६ | अन्य | ०.००२ | अन्य | ०.००१९ |
| १३७ | वालुङ | ४८१ | अन्य | ०.००२ | अन्य | ०.००१६ |
| १३८ | ल्होमी | ३५५ | अन्य | ०.००१ | अन्य | ०.००१२ |
| १३९ | सुरेल | ३१८ | अन्य | ०.००१ | अन्य | ०.००११ |
| १४० | कुसुण्डा | २५३ | अन्य | ०.००१ | मधेशी | ०.०००९ |
| १४१ | बनकरिया | १८० | अन्य | ०.००१ | मधेशी | ०.०००६ |
| १४२ | नुराङ | ३६ | अन्य | ०.०००१ | मधेशी | ०.०००१ |
| १४३ | अन्य | ५८८८ | अन्य | ०.०२ | अन्य | ०.०२०२ |
| १४४ | विदेशी | १३७४०७ | अन्य | ०.४७१ | अन्य | ०.४७११ |
| १४५ | उल्लेख नभएका | ४४३६ | अन्य | ०.०१५ | अन्य | ०.०१५२ |
| | **कुल** | **२९१६४५७८** | | **१००.००** | | **१००.००** |

स्रोत : राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजामा आधारित गणना

## ४.४ अध्ययन क्षेत्रमा जिल्लागत रुपमा मधेशी समुदायको जनसङ्ख्या

तराई-मधेशका २१ जिल्ला, भित्री मधेशका चार जिल्ला र काठमाडौं उपत्यकाका तीन वटा जिल्ला र पोखरा उपत्यका रहेको कास्की गरी कुल २९ जिल्ला (तालिका-१) यस अध्ययनको अध्ययन क्षेत्र भएको हुँदा यहाँ उक्त जिल्लाहरुमा रहेको मधेशी समुदायको जनसङ्ख्या अध्ययन गरिएको छ । यस अनुसार अध्ययन क्षेत्रका २९ जिल्लाहरुमध्ये मधेशी समुदायको सबैभन्दा धेरै जनसङ्ख्या भएका जिल्लाहरु धनुषा

र सिराहा देखिएका छन्, जसमा क्रमशः ८४.९ प्रतिशत र ८२.३ प्रतिशत हिस्सा मधेशी समुदायको रहेको देखिन्छ । अध्ययन क्षेत्रका कुल २९ जिल्लाहरूमा मधेशी समुदायको हिस्सा ३१.९ प्रतिशत र अन्य समुदायको हिस्सा ६८.१ प्रतिशत रहेको छ । अध्ययन क्षेत्रका जिल्लाहरूमा मधेशी समुदायको जनसङ्ख्या र अन्य समुदायको जनसङ्ख्या जिल्लागतरूपमा देहायको तालिकामा दिइएको छ :

## तालिका ११ : अध्ययन क्षेत्रमा जिल्लागत रुपमा मधेशी समुदायको जनसङ्ख्या

| जिल्ला | मधेशी समुदाय | | अन्य समुदाय | | कुल |
|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | |
| तराई-मधेश | ६७७९४१८ | ४३.४ | ८८५४५८८ | ५६.६ | १५६३४००६ |
| झापा | २५७८४९ | २५.८ | ७४०२०५ | ७४.२ | ९९८०५४ |
| मोरङ | ४५८१२८ | ३९.९ | ६९००२८ | ६०.१ | ११४८१५६ |
| सुनसरी | ३०१९३२ | ३२.६ | ६२५०३० | ६७.४ | ९२६९६२ |
| सप्तरी | ५२८७८९ | ७४.९ | १७७४६६ | २५.१ | ७०६२५५ |
| सिराहा | ६०९३१२ | ८२.३ | १३०६४१ | १७.७ | ७३९९५३ |
| धनुषा | ७३६३७३ | ८४.९ | १३१३७४ | १५.१ | ८६७७४७ |
| महोत्तरी | ५२८४६४ | ७४.७ | १७८५३० | २५.३ | ७०६९९४ |
| सर्लाही | ६२७२३३ | ७२.७ | २३५२३७ | २७.३ | ८६२४७० |
| रौतहट | ५५१५५० | ६७.८ | १०७५५९६ | १३२.२ | ८१३५७३ |
| बारा | ४७७३७३ | ६२.६ | २८५७६४ | ३७.४ | ७६३१३७ |
| पर्सा | ४५०२५१ | ६८.८ | ८५८६९१ | १३१.२ | ६५४४७१ |
| चितवन | ८५५८८ | ११.९ | ६३४२७१ | ८८.१ | ७१९८५९ |
| नवलपरासीपूर्व | ३०७८२ | ८.१ | ३४७२९७ | ९१.९ | ३७८०७९ |
| नवलपरासीपश्चिम | १६५२३४ | ४२.७ | २२१६३४ | ५७.३ | ३८६८६८ |
| रुपन्देही | ४१७६७९ | ३७.२ | ७०४२७८ | ६२.८ | ११२१९५७ |
| कपिलवस्तु | ३५५५४८ | ५२.१ | ३२७४१३ | ४७.९ | ६८२९६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| बाँके | १५८९११ | २६.३ | ४४४२८३ | ७३.७ | ६०३१९४ |
| बर्दिया | ४८९७८ | १०.६ | ४१०९२२ | ८९.४ | ४५९९०० |
| दाङ | ४६६९९ | ६.९ | ६२८२९४ | ९३.१ | ६७४९९३ |
| कैलाली | १६९८९ | १.९ | ८८७६७७ | ९८.१ | ९०४६६६ |
| कञ्चनपुर | २४४१६ | ४.८ | ४८९३४१ | ९५.२ | ५१३७५७ |
| भित्रीमधेश | ७८४४६ | ५.२ | १४४३५०० | ९४.८ | १५२१९४६ |
| उदयपुर | २७२६६ | ८.० | ३१३४५५ | ९२.० | ३४०७२१ |
| सिन्धुली | ३१८२५ | १०.६ | २६८२०१ | ८९.४ | ३०००२६ |
| मकवानपुर | ११४८५ | २.५ | ४५४५८८ | ९७.५ | ४६६०७३ |
| सुर्खेत | ७८७० | १.९ | ४०७२५६ | ९८.१ | ४१५१२६ |
| काठमाडौं उपत्यका | १२४६७० | ४.१ | २९००७१६ | ९५.९ | ३०२५३८६ |
| काठमाडौं | ८४६९२ | ४.१ | १९५६८९५ | ९५.९ | २०४१५८७ |
| ललितपुर | २६७६५ | ४.९ | ५२४९०२ | ९५.१ | ५५१६६७ |
| भक्तपुर | १३२१३ | ३.१ | ४१८९१९ | ९६.९ | ४३२१३२ |
| पोखरा उपत्यका | १३५९८ | २.३ | ५७९५२९ | ९६.६ | ६०००५१ |
| कास्की | १३५९८ | २.३ | ५७९५२९ | ९६.६ | ६०००५१ |
| **कुल** | **७०९४७९२** | **३१.९** | **१५१४७७१७** | **६८.१** | **२२२४२५०९** |

स्रोत : राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजा, राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्कमा आधारित गणना

## ४.५ मधेशी समुदायसँग सम्बन्धित भाषाभाषी

मधेशी आयोगले पहिचान गरेका मधेशी समुदायहरूले बोल्ने भाषा-भाषीको सङ्ख्या राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजाको तथ्याङ्कबाट गणना गरी प्रस्तुत गरिएको छ । यस अध्ययन अनुसार कुल भाषभाषीको सङ्ख्या १२६ वटामध्ये २९ वटा भाषाभाषीलाई मधेशी समुदायसँग सम्बन्धित भाषाभाषीका रूपमा पहिचान गरिएको छ ।

तालिका १२ : मधेशी समुदायसँग सम्बन्धित भाषाभाषी

| समुदाय | भाषाभाषी सङ्ख्या | कुल वक्ता | प्रतिशत |
|---|---|---|---|
| मधेशी समुदायका भाषाभाषी | २९ | ७८४५९१७ | २६.९ |
| अन्य भाषाभाषी | ९७ | २१३१८६६१ | ७३.१ |
| **कुल** | **१२६** | **२९१६४५७८** | **१००.०** |

स्रोत : राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा बोलिने भाषा-भाषी देहायको तालिका १५ मा दिइएको छ । यस विवरण अनुसार नेपालमा मधेशी समुदायसँग सम्बन्धित भाषाभाषीमध्ये मैथिली र भोजपुरी मातृभाषा बोल्ने जनसङ्ख्या क्रमशः पहिलो (११.०५५) र दोस्रो (६.२४५) स्थानमा रहेका छन् । बज्जिका र अवधि मातृभाषा बोल्ने जनसङ्ख्या क्रमशः ३.८९ र २.९६ प्रतिशत रहेको छ । अन्य मधेशी भाषाभाषी एक प्रतिशतभन्दा कम जनसङ्ख्याले बोल्ने गरेको देखिन्छ ।

तालिका १३ : नेपालमा बोलिने भाषाभाषीमा मधेशी समुदायका भाषाभाषी

## ४.६ मातृभाषाअनुसारको जनसाङ्ख्यिक वृद्धि प्रवृत्ति

| क्रस | भाषाभाषीको नाम | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १३०८४४५७ | ४४.८६ |
| २ | मैथिली | ३२२२३८९ | ११.०५ |
| ३ | भोजपुरी | १८२०७९५ | ६.२४ |
| ४ | थारु | १७१४०९१ | ५.८८ |
| ५ | तामाङ | १४२३०७५ | ४.८८ |
| ६ | बज्जिका | ११३३७६४ | ३.८९ |
| ७ | अवधि | ८६४२७६ | २.९६ |
| ८ | नेपालभाषा (नेवारी) | ८६३३८० | २.९६ |
| ९ | मगर धुत | ८१०३१५ | २.७८ |
| १० | डोटेली | ४९४८६४ | १.७ |
| ११ | उर्दू | ४१३७८५ | १.४२ |
| १२ | याक्थुङ/लिम्बू | ३५०४३६ | १.२ |
| १३ | गुरुङ | ३२८०७४ | १.१२ |
| १४ | मगही | २३०११७ | ०.७९ |
| १५ | बैतडेली | १५२६६६ | ०.५२ |
| १६ | राई | १४४५१२ | ०.५ |
| १७ | अछामी | १४१४४४ | ०.४८ |
| १८ | बान्तवा | १३८००३ | ०.४७ |
| १९ | राजवंशी | १३०१६३ | ०.४५ |

| क्रस | भाषाभाषीको नाम | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| २० | शेर्पा | ११७८९६ | ०.४ |
| २१ | खस | ११७५११ | ०.४ |
| २२ | बझाङ्गी | ९९६३१ | ०.३४ |
| २३ | हिन्दी | ९८३९९ | ०.३४ |
| २४ | मगर खाम | ९१७५३ | ०.३१ |
| २५ | चाम्लिङ | ८९०३७ | ०.३१ |
| २६ | रानाथारु | ७७७६६ | ०.२७ |
| २७ | चेपाङ | ५८३९२ | ०.२ |
| २८ | बाजुरेली | ५६४८६ | ०.१९ |
| २९ | सन्थाली | ५३६७७ | ०.१८ |
| ३० | दनुवार | ४९९९२ | ०.१७ |
| ३१ | दार्चुलेली | ४५६४९ | ०.१६ |
| ३२ | उराउँ/उराउ | ३८८७३ | ०.१३ |
| ३३ | कुलुङ | ३७९१२ | ०.१३ |
| ३४ | अङ्गिका | ३५९५२ | ०.१२ |
| ३५ | माझी | ३२९१७ | ०.११ |
| ३६ | सुनुवार | ३२७०८ | ०.११ |
| ३७ | थामी | २६८०५ | ०.०९ |
| ३८ | गनगाईं | २६२८१ | ०.०९ |
| ३९ | थुलुङ | २४४०५ | ०.०८ |
| ४० | बाङ्ला | २३७७४ | ०.०८ |
| ४१ | घले | २३०४९ | ०.०८ |
| ४२ | साम्पाङ | २१५९७ | ०.०७ |
| ४३ | मारवाडी | २१३३३ | ०.०७ |
| ४४ | डडेलधुरी | २१३०० | ०.०७ |
| ४५ | धिमाल | २०५८३ | ०.०७ |
| ४६ | ताजपुरिया | २०३४९ | ०.०७ |
| ४७ | कुमाल | १८४३५ | ०.०६ |
| ४८ | खालिङ | १६५१४ | ०.०६ |
| ४९ | मुसलमान | १६२५२ | ०.०६ |
| ५० | वाम्बुले | १५२८५ | ०.०५ |
| ५१ | बाहिङ/बायुङ | १४४४९ | ०.०५ |
| ५२ | याक्खा | १४२४१ | ०.०५ |
| ५३ | संस्कृत | १३९०६ | ०.०५ |
| ५४ | भुजेल | १३०८६ | ०.०४ |
| ५५ | भोटे | १२८९५ | ०.०४ |
| ५६ | दराई | १२१५६ | ०.०४ |
| ५७ | याम्फु/याम्फे | १०७४४ | ०.०४ |
| ५८ | नाछिरिङ | ९९०६ | ०.०३ |
| ५९ | ह्योल्मो य्होल्मो | ९६५८ | ०.०३ |
| ६० | दुमी | ८६३८ | ०.०३ |
| ६१ | जुम्ली | ८३३८ | ०.०३ |
| ६२ | बोटे | ७६८७ | ०.०३ |
| ६३ | मेवाहाङ | ७४२८ | ०.०३ |
| ६४ | पुमा | ६७६३ | ०.०२ |
| ६५ | पहरी | ५९४६ | ०.०२ |
| ६६ | आठपहरिया | ५५८० | ०.०२ |
| ६७ | दुङमाली | ५४०३ | ०.०२ |
| ६८ | जिरेल | ५१६७ | ०.०२ |
| ६९ | तिबेतन | ५०५३ | ०.०२ |

| क्रस | भाषाभाषीको नाम | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| ७० | दैलेखी | ४९८९ | ०.०२ |
| ७१ | चुम//नुब्री | ४२८४ | ०.०१ |
| ७२ | छन्त्याल | ४२८२ | ०.०१ |
| ७३ | राजी | ४२४७ | ०.०१ |
| ७४ | थकाली | ४२२० | ०.०१ |
| ७५ | मेचे | ४२०३ | ०.०१ |
| ७६ | कोयी | ४१५२ | ०.०१ |
| ७७ | लोहोरुङ | ३८८४ | ०.०१ |
| ७८ | केवरट | ३४६९ | ०.०१ |
| ७९ | डोल्पाली | ३२४४ | ०.०१ |
| ८० | डोने | ३१०० | ०.०१ |
| ८१ | मुगाली | २८३४ | ०.०१ |
| ८२ | जेरो जेरुङ | २८१७ | ०.०१ |
| ८३ | कारमारोङ | २६१९ | ०.०१ |
| ८४ | छिन्ताङ | २५६४ | ०.०१ |
| ८५ | ल्होपा | २३४८ | ०.०१ |
| ८६ | लाप्चा | २२४० | ०.०१ |
| ८७ | मुण्डा/मुडियारी | २१०७ | ०.०१ |
| ८८ | मनाङे | २०२२ | ०.०१ |
| ८९ | छिलिङ | २०११ | ०.०१ |
| ९० | दुरा | १९९१ | ०.०१ |
| ९१ | तिलुङ | १९६९ | ०.०१ |
| ९२ | साङ्केतिक भाषा | १७८४ | ०.०१ |
| ९३ | ब्याँसी | १७०६ | ०.०१ |
| ९४ | बालकुरा/बराम | १५३९ | ०.०१ |
| ९५ | बराङ्वा | १५३६ | ०.०१ |
| ९६ | साद्री | १३४७ | ० |
| ९७ | अङ्ग्रेजी | १३२३ | ० |
| ९८ | मगर काइके | १२२५ | ० |
| ९९ | सोनाहा | ११८२ | ० |
| १०० | हायु/वायु | ११३३ | ० |
| १०१ | किसान | १००४ | ० |
| १०२ | पञ्जावी | ८७१ | ० |
| १०३ | धुलेली | ७८६ | ० |
| १०४ | खाम्ची (राउटे) | ७४१ | ० |
| १०५ | लुङ्खिम | ७०२ | ० |
| १०६ | लोवा | ६२४ | ० |
| १०७ | कागते | ६११ | ० |
| १०८ | वालिङ/वालुङ | ५४५ | ० |
| १०९ | नर-फु | ४२८ | ० |
| ११० | ल्होमी | ४१३ | ० |
| १११ | तिछुरोङ पोइके | ४१० | ० |
| ११२ | कुर्माली | ३९७ | ० |
| ११३ | कोचे | ३३२ | ० |
| ११४ | सिन्धी | २९१ | ० |
| ११५ | फाङ्दुवाली | २४७ | ० |
| ११६ | बेलहरे | १७७ | ० |
| ११७ | सुरेल | १७४ | ० |
| ११८ | मालपाँडे | १६१ | ० |
| ११९ | खरिया | १३२ | ० |

| क्रस | भाषाभाषीको नाम | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १२० | सधानी | १२२ | ० |
| १२१ | हरियान्वी | ११४ | ० |
| १२२ | साम्पाङ | १०६ | ० |
| १२३ | बनकरिया | ८६ | ० |
| १२४ | कुसुण्डा | २३ | ० |
| १२५ | अन्य | ४२०१ | ०.०१ |
| १२६ | उल्लेख नभएको | ३४६ | ० |

स्रोत : राष्ट्रिय जनगणना, २०७८, केन्द्रीय तथ्याङ्क कार्यालय, थापाथली, काठमाडौं ।

नेपालमा मधेशी समुदायसँग सम्बन्धित भाषाभाषीहरूमध्ये सबैभन्दा धेरै जनसङ्ख्याले बोल्ने भाषा मैथिली र भोजपुरी हुन् । राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपालमा वि.सं. २०१८ देखि २०७८ सम्म भएका जनगणनामा मातृभाषाअनुसारको जनसङ्ख्याको सङ्ख्यात्मक अवस्था प्रस्तुत गरेको छ । उक्त विवरण अनुसार मैथिली मातृभाषा भएको जनसङ्ख्या वि.सं. २०१८ मा १२ प्रतिशत भएकोमा वि.सं. २०७८ मा ११ प्रतिशत भएको देखिन्छ भने भोजपुरी मातृभाषा भएको जनसङ्ख्या वि.सं. २०१८ मा ६.१ प्रतिशत भएकोमा वि.सं. २०७८ मा ६.२ प्रतिशत भएको देखिन्छ । यस सम्बन्धी थप विवरण देहायअनुसार रहेको छ :

तालिका १४ : मातृभाषाअनुसारको जनसङ्ख्या २०१८-२०७८

| भाषा | एकाइ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | जनसङ्ख्या | ४,७९६,५२८ | ६,०६०,७५८ | ८,७६७,३६१ | ९,३०२,८८० | ११,०५३,२५५ | ११,८२६,९५३ | १३,०८४,४५७ |
| | प्रतिशत | ५१.० | ५२.४ | ५८.४ | ५०.३ | ४७.७ | ४४.६ | ४४.९ |
| मैथिली | जनसङ्ख्या | १,१३०,४०१ | १,३२७,२४२ | १,६६८,३०९ | २,१९१,९०० | २,७९७,५८२ | ३,०९२,५३० | ३,२२२,३८९ |
| | प्रतिशत | १२.० | ११.५ | ११.१ | ११.९ | १२.१ | ११.७ | ११.० |
| भोजपुरी | जनसङ्ख्या | ५७७,३५७ | ८०६,४८० | १,१४२,८०५ | १,३७९,७१७ | १,७१२,५३६ | १,५८४,९५८ | १,८२०,७९५ |
| | प्रतिशत | ६.१ | ७.० | ७.६ | ७.५ | ७.४ | ६.० | ६.२ |
| थारु | जनसङ्ख्या | ४०६,९०७ | ४९५,८८१ | ५४५,६८५ | ९९३,३८८ | १,३३१,५४६ | १,५२९,८७५ | १,७१४,०९१ |
| | प्रतिशत | ४.३ | ४.३ | ३.६ | ५.४ | ५.८ | ५.८ | ५.९ |
| तमाङ | जनसङ्ख्या | ५१८,८१२ | ५५५,०५६ | ५२२,४१६ | ९०४,४५६ | १,१७९,१४५ | १,३५३,३११ | १,४२३,०७५ |
| | प्रतिशत | ५.५ | ४.८ | ३.५ | ४.९ | ५.१ | ५.१ | ४.९ |
| अन्य | जनसङ्ख्या | १,९८२,९९१ | २,३१०,५६६ | २,३७६,२६३ | ३,७१८,५७६ | ४,६६२,८७० | ७,१०६,८७७ | ७,८९९,७७१ |
| | प्रतिशत | २१.१ | २०.० | १५.८ | २०.१ | २०.१ | २६.८ | २७.१ |
| **जम्मा जनसङ्ख्या** | | **९,४१२,९९६** | **११,५५५,९८३** | **१५,०२२,८३९** | **१८,४९१,०९७** | **२३,१५१,४२३** | **२६,४९४,५०४** | **२९,१६४,५७८** |

स्रोत : नेपालमा जनगणना, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

# परिच्छेद ५ : नेपालमा समावेशी नीति र मधेशी समुदायको स्थान

## ५.१ पृष्ठभूमि

समावेशीकरणले विकासको मूल प्रवाहबाट बञ्चित समुदाय, समूह, वर्ग, जात, जाति, धर्म, वर्ग, लिङ्ग, भाषा-भाषीका व्यक्तिहरूलाई उचित अवसरसहित राज्य संयन्त्र तथा स्रोतमा सहभागी गराउन सहयोग गर्दछ । त्यस्ता वर्गलाई राज्यको मूल प्रवाहमा समावेश गरी यी सबै वर्गको राज्यप्रति अपनत्वमा वृद्धि गर्ने हुनाले शासन सञ्चालनमा समावेशीकरणलाई विश्वभरि नै महत्वपूर्ण स्थान दिने गरिएको छ । यसले राज्य संयन्त्रमा सबैको सहभागिता सुनिश्चित गर्दछ र सुशासन प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । सबैले सुखी, खुसी र समृद्धिको न्यूनतम मापदण्ड बमोजिमको जीवन जीउन सहयोग गर्ने भएकाले मानव अधिकार, सामाजिक न्याय, शान्ति सुरक्षा आदिको दृष्टिकोणले समेत राज्य सञ्चालनमा समावेशीकरणको महत्व उच्चतम रहेको छ । नेपालमा खासगरी मधेश आन्दोलनपश्चात् "मधेश" शव्दले सामाजिक-राजनीतिक सांस्कृतिक परिदृश्यमा सशक्त उपस्थिति जनाएको छ । यसका साथै समानता र सामाजिक न्याय स्थापना गर्ने सरकारको मूलभूत दायित्व हासिल गर्नेतर्फ पनि महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुनाले शासन सञ्चालन प्रक्रियामा समावेशीकरणको भूमिका दूरगामी महत्वको हुने गर्दछ । यस पृष्ठभूमिमा सरकारले समावेशीकरणका लागि विभिन्न नीति, कानुन र कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ । प्रस्तुत परिवेशमा मधेशी समुदाय नेपाल सरकारका यस्ता नीति, कानुन तथा कार्यक्रमबाट के कति लाभान्वित हुन सकेका छन् भनी यहाँ सङ्क्षिप्त अध्ययन गरिएको छ ।

## ५.२ सङ्घीय कानुनी व्यवस्था

नेपाल सरकारले राजनीतिक, प्रशासनिक, सामाजिक, शैक्षिकलगायतका क्षेत्रहरूमा शासन व्यवस्थाको मूल प्रवाहबाट बाहिर रहेका समुदायलाई समावेश गरी मूल प्रवाहीकरणको प्रयास गर्दै आएको छ । समावेशीकरणका लागि सकारात्मक विभेद, समानुपातिक प्रतिनिधित्व, आरक्षण, लक्ष्यित वर्गका कार्यक्रम, सामाजिक सुरक्षाजस्ता विभिन्न विधिहरू अवलम्बन गरिएको पाइन्छ । बञ्चितीकरण र बिमुखताले नागरिकमा निरन्तर असन्तुष्टी बढाउँदै जाने भएकाले वास्तवमै यस्ता प्रयासहरू के कति कामयावी र उपलब्धीपूर्ण देखिएका छन् भन्ने कुरा अध्ययनको विषय हुन गएको छ ।

यसै सन्दर्भमा देहायका अनुच्छेदहरूमा समावेशीकरण र मूल प्रवाहीकरणका लागि विद्यमान नीतिगत, कानुनी एवम् अन्य संरचनात्मक व्यवस्थाहरूको सारांशमा चर्चा गरिएको छ ।

## ५.२.१ संवैधानिक व्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ ले समानुपातिक निर्वाचन प्रणालीलाई संविधानसभाको निर्वाचनमा प्रयोग गरी सोही अनुसार निर्वाचित समावेशी संविधान सभाबाट निर्मित संविधानबाट हाल मुलुक सञ्चालन भइआएको छ । संविधानले सामाजिक न्याय र समावेशीकरण सम्बन्धी १४ वटा नीतिहरु अवलम्बन गरेको छ (धारा ५१, ञ) भने नेपाली सेना, राजदूत, संवैधानिक नियुक्ति तथा सरकारी सेवालाई समावेशी बनाउनुपर्ने व्यवस्था गरेको छ । निजामती सेवा ऐन तथा अन्य ऐनहरूले सार्वजनिक सेवाहरूलाई समावेशी बनाउने नीति अख्तियार गरेका छन् भने सङ्घीय सरकारको चालु १५औं पञ्चवर्षीय योजनाले बञ्चितीकरणमा परेका समुदायको सशक्तिकरण र समानुपातिक विकास गर्ने लक्ष्य राखेको छ । संविधानले समावेशीकरणलाई मूर्त रूप दिन समावेशी आयोग गठनको व्यवस्था गऱ्यो । सोही अनुरूप संवैधानिक व्यवस्थाअनुरूप समावेशी आयोग गठन भई समावेशीकरणका लागि प्रयास गरिरहेको छ । यस परिवेशमा मधेशी समुदायको आत्मसम्मान, सामाजिक, आर्थिक अवस्थामा सुधार, नेतृत्व र शासन प्रणालीमा सहभागिता यस अध्ययनका प्रमुख चासोका विषयका रूपमा रहेका छन् ।

वि.सं. २०६३/६४ को जनआन्दोलनपछि नेपालमा समावेशीकरण र मूल प्रवाहीकरणका लागि महत्वपूर्ण नीतिगत व्यवस्था भएका छन् । संविधानले समावेशी लोकतन्त्रको परिकल्पना गरेको हुँदा यही मर्मलाई ख्याल गर्दै राजनीतिक दलसम्बन्धी ऐन, निर्वाचन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, निजामती सेवा ऐनलगायतमा विभिन्न समुदाय, वर्ग र भूगोलका लागि आरक्षणको व्यवस्था गरिएको छ । सरकारले सन् २००१ मा एसियन विकास बैङ्कको आर्थिक सहयोगमा शासकीय सुधारको कार्यक्रम गऱ्यो जसमा सरकारी सेवामा महिला २० प्रतिशत, जनजाति १० प्रतिशत र दलित १० प्रतिशत हुने गरी आरक्षणको व्यवस्था उल्लेख गरियो । यहाँ मधेशी समुदायका लागि आरक्षणको व्यवस्था सिफारिश गरिएको थिएन । साथै, तत्कालीन निजामती सेवा ऐनको संशोधनमा यस सिफारिश अनुसारका व्यवस्था पनि समेटिएन । यसपश्चात् २०६४ मा भएको निजामती सेवा ऐनको संशोधनबाट खुला प्रतिस्पर्धाबाट पदपूर्ति हुने पद सङ्ख्याको ४५ प्रतिशत आरक्षणका लागि छुट्याइयो ।

नेपालको संविधानको धारा ५१ ञ (१०) ले सामाजिक न्याय तथा समावेशीकरण सम्बन्धी नीतिमा मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने उल्लेख गरिएको छ ।

नेपालको संविधान (पहिलो संशोधन, २०७२) को धारा ४२ ले सामाजिक न्यायको हकअन्तर्गत गरी आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था गरेको छ ।

नेपालको संविधान, २०७२ को सेना सम्बन्धी व्यवस्था भएको दफा २६७ मा नेपाली सेनामा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिने भन्ने उल्लेख गरेको छ । यसअनुसार सैनिक सेवा नियमावली २०६९ (चौथो संशोधन २०७८) को दफा ५ को उपदफा (२) मा समावेशिताका लागि आरक्षित ४५ प्रतिशतमध्ये २८ प्रतिशत मधेशी समुदायका लागि छुट्याइएको छ ।

## ५.२.२ निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति

नेपालमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक समस्याहरूलाई सम्बाधेन गरी उक्त सबै वर्ग, क्षेत्रलाई मूलप्रवाहीकरण गर्न चालिएको पहिलो उल्लेख्य कदम नेपालको अन्तरिम संविधान, २०६३ ले लिएको देखिन्छ । यस संविधानमा राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प व्यक्त गरी समानुपातिक समावेशीताको सिद्धान्तलाई अङ्गिकार गर्दै राज्यका सबै संरचनामा समानुपातिक प्रतिनिधित्वका लागि गरिएको आरक्षणको व्यवस्था गरिएको थियो । सम्वत् २०६४ सालमा सम्पन्न संविधानसभा सदस्य निर्वाचनमा राजनीतिक दलले समानुपातिक सूची निर्वाचन आयोगमा पेश गर्दा पचास प्रतिशत महिलाको उम्मेदवारी दिनुपर्ने व्यवस्था गरियो । परिणामस्वरूप संविधान सभा सदस्य निर्वाचनमा तेत्तीस प्रतिशत

महिला प्रतिनिधि निर्वाचित भएका थिए ।[५]

निर्वाचनका सबै प्रक्रियाहरूमा महिला तथा समावेशी समूहको सहभागितालाई प्राथमिकता दिई सम्वत् २०७४ सालमा सम्पन्न तीनै तहका निर्वाचनमा संविधान तथा निर्वाचन कानूनमा व्यवस्था भए अनुरूप महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व हुने गरी निर्वाचित जनप्रतिनिधिहरूको संघीय संसद, प्रदेश सभा र स्थानीय तहको व्यवस्थापिका बनेको छ ।[६]

संविधान तथा निर्वाचन सम्बन्धी कानूनहरूमा भएको व्यवस्था बमोजिम निर्वाचन आयोगले सम्वत् २०७४ सालमा सम्पन्न गरेको स्थानीय तह, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनको परिणाम अनुसार स्थानीय तहमा ४०.७५ प्रतिशत, प्रदेश सभामा ३४.४० प्रतिशत, प्रतिनिधिसभामा ३३.५३ प्रतिशत र राष्ट्रियसभामा ३७.३० प्रतिशत महिला तथा समावेशी समूहको प्रतिनिधित्व रहेको छ । सामाजिक समावेशी दृष्टिकोणले हेर्दा मधेशी र दलितको प्रतिनिधित्व स्थानीय तहमा क्रमशः १६ प्रतिशत र २४ प्रतिशत, प्रदेश सभामा क्रमशः १८ प्रतिशत र ६ प्रतिशत, प्रतिनिधि सभामा क्रमशः १७ प्रतिशत र ७ प्रतिशत तथा राष्ट्रिय सभामा क्रमशः ८ प्रतिशत र १२ प्रतिशत रहेको छ ।[७]

**निर्वाचन व्यवस्थापनसम्बन्धी समावेशी नीतिका केही मुख्य व्यवस्थाहरू देहायअनुसार रहेका छन् :**

प्रतिनिधिसभाका लागि सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने ११० सदस्यमा राजनीतिक दलले उम्मेदवारी दिंदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्दसूचीका आधारमा संघीय कानून बमोजिम प्रतिनिधित्व गराउने र यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने (३.२)

प्रदेशसभाको लागि सात वटा प्रदेशका दुईसय बीस सदस्य पदमा समानुपातिक

[५] निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७, निर्वाचन आयोग, नेपाल ।

[६] ऐ.

[७] निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७, निर्वाचन आयोग, नेपाल ।

निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदाय समेतबाट बन्दसूचीका आधारमा संघीय कानून बमोजिम प्रतिनिधित्व गराउने र यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने, (३.८)

## ५.२.३ निजामति सेवा ऐन

निजामती सेवा ऐनको दफा (७) मा पदपूर्ति सम्बन्धी व्यवस्था गरी विशिष्ठ श्रेणी बाहेकका पदमा खुला र बढुवाद्वारा पदपूर्ति गरिने प्रतिशत निर्धारण गर्दै खुलाद्वारा पदपूर्ति गर्दा कुल पदको पैंतालिस प्रतिशत पद विभिन्न समूह र भूगोलका लागि आरक्षण गरिएको छ । खुला प्रतियोगितामा आरक्षणको व्यवस्था गर्दै निर्धारितमध्ये पैंतालिस प्रतिशत कायम हुन आएकोलाई शतप्रतिशत मानी महिला, मधेशी, आदिवासी/जनजाति, दलित, पिछडिएको क्षेत्र र अपाङ्ग गरी छ समूहमा बढीमा तेत्तीसदेखि कममा चार प्रतिशतसम्म रहने गरी आरक्षित गरिएको छ । मधेशी, दलित, आदिवासी/जनजातिका लागि थरलाई आरक्षण दिने आधारका रूपमा लिइएको छ । आरक्षित पदसङ्ख्यामध्ये महिलालाई ३३ प्रतिशत, आदिवासी जनजातिलाई २७ प्रतिशत, मधेशीलाई २२ प्रतिशत, दलितलाई ९ प्रतिशत, अपाङ्गलाई ५ प्रतिशत र पिछडिएको क्षेत्रलाई ४ प्रतिशत पद सुरक्षित गरिएको छ ।

## ५.२.४ सशस्त्र प्रहरी नियमावली

सशस्त्र प्रहरी नियमावली २०७२ (तेस्रो संशोधन, २०८०) को दफा ९ (३) मा प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेद्वारका बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था गरिएको छ :

| | |
|---|---|
| क) महिला | - बीस प्रतिशत |
| ख) आदिवासी/जनजाति | - बत्तीस प्रतिशत |
| ग) मधेशी | - अट्ठाइस प्रतिशत |
| घ) दलित | - पन्ध्र प्रतिशत |
| ङ) पिछडिएको क्षेत्र | - पाँच प्रतिशत |

### ५.२.५ प्रहरी नियमावली

प्रहरी नियमावली, २०७१ (दशौं संशोधन २०७८) को दफा ९ को उपदफा (५) मा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्ययाई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिमका उम्मेद्वारबीचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ भन्ने व्यवस्था गरिएको छ :

क) महिला - बीस प्रतिशत

ख) आदिवासी/जनजाति - बत्तीस प्रतिशत

ग) मधेशी - अट्ठाइस प्रतिशत

घ) दलित - पन्ध्र प्रतिशत

ङ) पिछडिएको क्षेत्र - पाँच प्रतिशत

### ५.२.६ शिक्षक सेवा नियमावली

शिक्षक सेवा नियमावली, २०५७ (एघारौं संशोधन, २०७८।०९।१९) को दफा ११ (क) ले शिक्षक सेवालाई समावेशी बनाउनु पर्ने व्यवस्था गरेको छ । यो व्यवस्थाअनुसार सामुदायिक विद्यालयहरु नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा खुला प्रतियोगिताद्वारा पूर्ति हुने शिक्षक पदमध्ये तराई–मधेशमा बसोवास गर्ने मधेशी आदिवासी/आदिवासी, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदायलाई २२ प्रतिशत पद छुट्याई छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्नुपर्ने व्यवस्था गरिएको छ ।

### ५.२.७ स्वास्थ्य सेवा नियमावली, २०५३

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५३ को दफा ८ को उपदफा (५) मा स्वास्थ्य सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिमका उम्मेद्वारहरूका बीचमा मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था गरिएको छ :

क) महिला - बीस प्रतिशत

ख) आदिवासी/जनजाति - बत्तीस प्रतिशत

ग) मधेशी - अट्ठाइस प्रतिशत

घ) दलित - पन्ध्र प्रतिशत

ङ) पिछडिएको क्षेत्र - पाँच प्रतिशत

## ५.२.८ छात्रवृत्ति नियमावली

छात्रवृत्ती सम्बन्धी नियमावली, २०६० (२०७७ जेष्ठ मसान्तसम्मको संशोधित) को दफा १० (क) ले नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमध्ये ४५ प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न समुदायलाई आरक्षण गरी त्यसको २० प्रतिशत मधेशी समुदाय र २ दुई प्रतिशत मुस्लिम समुदायका लागि छुट्याइएको छ ।

## ५.३ प्रदेशस्तरीय कानुनी व्यवस्था

नेपालका सातवटै प्रदेश सरकारहरूले समावेशीकरणको नीति प्रवर्द्धन गर्दै निजामती सेवा ऐनमार्फत् आरक्षणको व्यवस्था कार्यान्वयनमा ल्याएका छन् । उक्त व्यवस्थाअनुसार मधेशी समुदाय तथा अन्य समुदायहरूका लागि आरक्षित सीट प्रतिशत देहायअनुसार रहेका छन् :

### ५.३.१ कोशी प्रदेश

कोशी प्रदेशको प्रदेश निजामति सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयकको दफा ५ मा प्रदेश निजामती सेवा ऐनलाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहायबमोजिमका उम्मेद्वारबीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने प्रावधान राखिएको छ । यस प्रावधानअनुसार मधेशी समुदायलाई पाँच प्रतिशत आरक्षण प्राप्त भएको छ ।

| | |
|---|---|
| क) आदिवासी/जनजाति | पैंतीस प्रतिशत |
| ख) महिला | तेत्तीस प्रतिशत |
| ग) दलित | छ प्रतिशत |
| घ) आर्थिक रूपले विपन्न खस आर्य | छ प्रतिशत |
| ङ) थारू | छ प्रतिशत |
| च) मधेशी | पाँच प्रतिशत |
| छ) मुस्लिम | पाँच प्रतिशत |
| ज) अपाङ्ग | चार प्रतिशत |

## ५.३.२ मधेश प्रदेश

मधेश प्रदेशको निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ९ उपदफा ८ मा प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याई सोलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने भन्ने व्यवस्था गरिएको छ । यस अनुसार-

| | |
|---|---|
| क) मधेशी | चौवन्न प्रतिशत |
| ख) दलित | सत्र प्रतिशत |
| ग) मुस्लिम | बाह्र प्रतिशत |
| घ) आदिवासी/जनजाति | छ प्रतिशत |
| ङ) थारु | पाँच प्रतिशत |
| च) आर्थिक रूपले विपन्न खस आर्य | चार प्रतिशत |
| छ) अपाङ्ग | दुई प्रतिशत |

## ५.३.३ बागमती प्रदेश

बागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले मिति २०७९ फागुत १८ गते प्रकाशन गरेको प्रदेश राजपत्रमा प्रस्तुत प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा १० मा गरिएको समावेशीकरण सम्बन्धी व्यवस्थामा मधेशी समुदायका लागि चार प्रतिशत आरक्षण गरिएको छ । यो व्यवस्था निम्नअनुसार छ :

| | |
|---|---|
| क) महिला | अठ्तीस प्रतिशत |
| ख) आदिवासी/जनजाति | पैतीस प्रतिशत |
| ग) दलित | नौ प्रतिशत |
| घ) थारू | पाँच प्रतिशत |
| ङ) मधेशी | चार प्रतिशत |
| च) अपाङ्गता भएका व्यक्ति | तीन प्रतिशत |
| छ) पिछडिएको क्षेत्र | तीन प्रतिशत |
| ज) अल्सङ्ख्यक समुदाय | तीन प्रतिशत |

## ५.३.४ गण्डकी प्रदेश

गण्डकी प्रदेश सरकारद्वारा २०८० असोज ७ गते प्रकाशित प्रदेश राजपत्रको दफा १० मा प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैंतालिस प्रतिशत छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसको तीन प्रतिशत मधेशी समुदायका उम्मेवारबीचमा मात्र छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| क) महिला | तेत्तीस प्रतिशत |
| ख) आदिवासी/जनजाति | सत्ताइस प्रतिशत |
| ग) दलित | पन्ध्र प्रतिशत |
| घ) आर्थिक रूपले विपन्न खस आर्य | दश प्रतिशत |
| ङ) अपाङ्गता भएका व्यक्ति | पाँच प्रतिशत |
| च) थारू | चार प्रतिशत |
| छ) मुस्लिम | तीन प्रतिशत |
| ज) मधेशी | तीन प्रतिशत |

## ५.३.५ लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकारले जारी गरेको प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा ११ मा गरिएको पदपूर्ति सम्बन्धी विशेष व्यवस्थामा मधेशी लगायत नौ समुदायलाई आरक्षणको व्यवस्था गरिएको छ । यस व्यवस्था अनुरूप प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये उनान्पचास प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसको १६ प्रतिशत मधेशी समुदायका उम्मेवारबीचमा मात्र छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने व्यवस्था गरिएको छ ।

| क्र.सं. | समूह | जम्मा प्रतिशत | महिला | पुरूष | यौनिक/लैङ्गिक अल्पसङ्ख्यक |
|---|---|---|---|---|---|
| १ | खस आर्य महिला | १५% | १५% | | |
| २ | आदिवासी जनजाति | १८% | ९% | ९% | |

| क्र.सं. | समूह | जम्मा प्रतिशत | महिला | पुरुष | यौनिक/लैङ्गिक अल्पसङ्ख्यक |
|---|---|---|---|---|---|
| ३ | मधेशी | १६% | ८% | ८% | |
| ४ | दलित (पहाडी र मधेशी) | १५% | ८% | ७% | |
| ५ | थारू | १४% | ७% | ७% | |
| ६ | विपन्न खस आर्य | ७% | ३.५% | ३.५% | |
| ७ | मुस्लिम | ७% | ३.५% | ३.५% | |
| ८ | अपाङ्गता भएका व्यक्ति | ३% | १.५% | १.५% | |
| ९ | पिछडिएको वर्ग/क्षेत्र, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक | ५% | २% | २% | १% |

## ५.३.६ कर्णाली प्रदेश

कर्णाली प्रदेशको सम्वत् २०८० सालको ऐन नं. ०४- निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफा ९ मा मधेशी तथा मुस्लिम समुदायलाई दुई प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ । यस व्यवस्थाअनुसार प्रदेश निजामती सेवालाई समावेशी बनाउन दफा ८ को उपदफा (१) र (२) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुन पदमध्ये पैतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहायका प्रत्येक समूहलाई तोकिएको पदमा तेत्तीस प्रतिशत महिलालाई छुट्याई देहायबमोजिम उम्मेद्वारबीचमा मात्र पदपूर्ति गरिनेछ ।

क) खस आर्य — पैंतालिस प्रतिशत

ख) दलित — बाइस प्रतिशत

ग) आदिवासी/जनजाति — बाह्र प्रतिशत

घ) पिछडिएको क्षेत्र — बाह्र प्रतिशत

ङ) अपाङ्गता भएका व्यक्ति — पाँच प्रतिशत

च) मधेशी तथा मुस्लिम दुई प्रतिशत

छ) थारू दुई प्रतिशत

## ५.३.७ सुदूर पश्चिम प्रदेश

सुदूर पश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ को दफा १० मा प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये उनन्पचास प्रतिशत पद छुट्याई सोलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ भन्ने व्यवस्था गरिएको छ :

क) दलित एक्काइस प्रतिशत

ख) थारू बीस प्रतिशत

ग) आर्थिक रूपले विपन्न खस आर्य सत्र प्रतिशत

घ) आदिवासी/जनजाति पन्ध्र प्रतिशत

ङ) पिछडिएको क्षेत्र पन्ध्र प्रतिशत

च) अपाङ्ग पाँच प्रतिशत

छ) मधेशी चार प्रतिशत

ज) मुस्लिम तीन प्रतिशत

# परिच्छेद ६ : मधेशी समुदायसँग सम्बन्धित संस्कृति भाषा, कला र परम्परा

## ६.१ पृष्ठभूमि

कुनै समुदायको संस्कृति, भाषा, कला तथा परम्पराले त्यस समुदायको सभ्यतालाई प्रतिविम्बित गर्दछ । मधेशको इतिहास प्राचीन कोचिला, मिथिला, भोजपुरा, मगध, अवध तथा थरूहट भाषा, संस्कृति परम्परासँग सम्बन्धित छ । वर्तमान समयमा मधेशी समुदाय मैथिली, भोजपुरी, अवधि, थारू, मुसलमान, राजवंशीलगायत संस्कृतिबाट समृद्ध रहेको छ । महर्षि राजा जनकको राज्यस्थल र गौतम बुद्धको जन्मभूमि यसै क्षेत्रमा पर्ने भएकाले मधेशी समुदायको इतिहास, संस्कृति गौरवमय रहेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा १४२ जातजाति[८] र १२४ भाषाहरु रहेका छन्[९], यसमध्ये ८० वटा जातजाति (थर सूचीकरण प्रतिवेदन अनुसार) र ३७ वटा भाषाहरु मधेशी समुदायसँग सम्बन्धित रहेको पाइन्छ । धेरै सङ्ख्यामा भाषा, संस्कृति रहेका भए पनि समुचित संरक्षण र विकास प्रयासको अभावले तराई–मधेशका भाषा, संस्कृति, कला, परम्पराका धेरै पक्ष लोपोन्मुख हुँदै गएका छन् । तराई–मधेश क्षेत्रमा रहेका मधेशी समुदायसँग सम्बन्धित प्रमुख संस्कृति, भाषा, कला र परम्परा देहायअनुसार रहेकाछन् :

## ६.२ मिथिला

मिथिला संस्कृति मधेशी समुदायको एउटा प्रमुख धरोहर हो । मूलकेन्द्र जनकपुरधाम रहेको मिथिला संस्कृति मूलतः मधेश प्रदेश, कोशी प्रदेश तथा बागमती प्रदेशमा विस्तार भई एक महत्वपूर्ण, अक्षुण संस्कृतिका रूपमा रहिआएको छ । बृहद् विष्णु पुराणमा २४ योजनमा फैलिएको मिथिला नामको देश रहेको र त्यसको सीमा कोशी र गण्डकीको बीचमा पर्ने भनी वर्णन गरिएको छ । अहिलेको जनकपुरलाई बृहत् विष्णु पुराणमा उल्लेख गरिएअनुसार बृहदारण्य, विदेहभूमि, मिथिला, नैमिकानन, शाम्भवी, तपोवन, स्वर्णलाङ्गल, ज्ञानक्षेत्र, क्रियापीठ, जानकीभूमि, तीरभुक्ति र विश्वभाविनी गरी बाह्रओटा नामले चिनिन्थ्यो । यो राज्य ज्ञान, ध्यान र सत्सङ्गका

[८] https://www.himalkhabar.com/news/136182

[९] भाषा आयोगको वार्षिक प्रतिवेदन, सातौं, आ.व. २०७९-२०८०, भाषा आयोग, शङ्खमूल, काठमाडौं, २०७७

लागि प्रख्यात थियो । मल्लकालमा मैथिलीमा लेख्ने र बोल्ने गर्थे । सीताको कालखण्डबाट मिथिलामा कृषि र पशुपालनको सभ्यता विकास भएको मानिन्छ ।

मिथिला संस्कृति अन्तर्गत छठ, दुर्गा पूजा, काली पूजा, दशैं/दशहरा, झिझियानृत्य, लक्ष्मी पूजा, विवाह पञ्चमी, राम नवमी, महाशिवरात्री, होरी, जुडशीतल/सतुआइन/वैशाखी प्रमुख चाडपर्वहरु रहेका छन् । चाडपर्वको उद्देश्यअनुसार यस संस्कृतिमा मनाइने पर्वहरूलाई नौ प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।[१०] (१) दशमी, सुकराती, जूडशीतल, विवाहपञ्चमी, रामनवमी, जानकी नवमी, झूलन, कृष्णअष्टमी, कार्तिक पूर्णिमा, सरस्वती पूजा, होली, महाबीरी झण्डालगायतका पर्वहरु हर्षोल्लाससँग सम्बन्धी छन् । (२) गबलग्गी, कदपखार, लबान, श्रीपञ्चमी, गोधन, गबहा सकराँती, पखेब, जनार आदि पर्व एवं अनुष्ठान कृषि तथा पशुपालनसँग सम्बन्धित छन् । (३) बरिसाइत, तुसारी, साँझ, मधुश्रावणी, हरिसो, कोजगरा, सोमवारी आदि पर्व दाम्पत्य जीवनसँग सम्बन्धित छन् । मैथिल नारीले मेलमिलापूर्ण दीर्घ दाम्पत्य जीवनका लागि यी पर्वहरु मनाउँछन् । (४) भाइ-बहिनीबीचको प्रेमपर्वका रुपमा भाइटीका मनाइन्छ, जसलाई मैथिलीमा भरदुतीया भनिन्छ । अर्को महत्वपूर्ण पर्व समा-चकेवा हो । आजकल रक्षाबन्धन पनि विकसित हुँदै आएको छ । (५) सन्तानको मङ्गल एवं दीर्घायुका लागि जितीया पर्व मनाइने मिथिलामा सम्पूर्ण परिवारका लागि मनाइने अन्य पर्वहरु छठि, घरी, चौरचन, तिला सकराँति आदि हुन् । (६) पितृपक्ष, मातृनवमी, कुशी अमावश्या आदि मातापिताको कल्याण तथा मुक्तिका लागि मनाइने पर्वहरु हुन् । (७) मिथिला परिक्रमा, पुषी पूर्णिमा, बोलबम यात्रा, सलहेस मेला आदिलाई पर्यटन पर्वका रूपमा लिन सकिन्छ । (८) विद्यापति स्मृति पर्व, सलहेस जयन्ती आदिलाई मिथिला विभूति पर्वका रूपमा लिन सकिन्छ । (९) देवोत्थान, निर्जला र हरिशयनी एकादशी, नागपञ्चमी, शिवरात्रि, अनन्त पूजा, माघ सप्तमी, वकपञ्चक, जेठ दशहरा आदि मुख्यतया धार्मिक दृष्टिले मनाइने चाडपर्वहरु हुन् ।

मिथिला संस्कृति विगतमा समृद्ध तथा वैभवपूर्ण रहेको भए पनि झिझिया नृत्य, दशहरामा ढोल बजाउने प्रचलनसहित अन्य कतिपय सांस्कृतिक परम्परा लोपोन्मुख हुँदै गएका छन् । यस समुदायमा कुर्ता, धोती, गम्छा प्रमुख वस्त्रका रूपमा रहेका छन् । मिथिला संस्कृतिको केन्द्र जनकपुरधाम रहेको छ ।

[१०] https://sahityasangraha.com/2021/09/30/%E0%A4%AE%E0%A4%B-F%E0%A4%A5%E0%A4%BF%E0%A4%B2%_E0%A4%BE%E0%A4%95%E0%A4%BE-%E0%A4%9A%E0%A4%BE%E0%A4%A1%E0%A4%AA%E0%A4%B0%E0%A5%8D%E0%A4%B5%E0%A4%B0%E0%A4%A4%E0%A4%BF%E0%A4%A8%E0%A4%95%E0%A5%8B/




मिथिला कला

## ६.३ बज्जिका

नेपालमा सर्लाहीदेखि बारासम्म बज्जिका भाषा बोल्ने जनसङ्ख्या रहेको छ । बज्जिका भाषालाई प्राचीन बज्जी गणतन्त्रको भाषाका रूपमा लिइन्छ । त्यसबेला बज्जि गणतन्त्र गणतान्त्रिक व्यवस्थाका लागि प्रसिद्ध रहेको मानिन्छ । त्यस समयअघिदेखि नै उत्तर विहार र नेपालका यी जिल्लाहरूमा बज्जिका भाषा जनबोलीको भाषाका रूपमा रहिआएको छ । यस भाषाको आफ्नै लिपि कैथी लिपि रहेको मानिन्छ तर यस लिपिमा पनि कुनै किसिमको प्रकाशन र पुस्तक पाइएको छैन । आफ्ने ऐतिहासिकता अनुसार यस भाषाको विकास हुन सकेको छैन । आजकल देवनागरी लिपिमै यो भाषा लेख्ने गरिएको पाइन्छ । नामका रूपमा भने यस भाषालाई बृजिका, बज्जिका, बज्जी, वैशाली, बाजी आदि नाममा पनि चिनिन्छ । कतिपयले यस भाषालाई मैथिली र भोजपुरी भाषाको सम्मिश्रण भएको भाषाका रूपमा पनि लिने गरेका छन् । भाषाका रूपमा फरक भए पनि बज्जिका भाषीहरूको संस्कृति र परम्परा भने मैथिली र भोजपुरीको भन्दा फरक रहेको छैन ।

हालको समयमा बज्जिका भाषाको पुनरूत्थानको प्रयास भइआएको छ । यस भाषामा कृतिहरु तथा पत्रिकाहरु प्रकाशन भएका छन् । राष्ट्रिय कविता प्रतियोगिता भएको छ । यस भाषामा एफएफ रेडियोहरु सञ्चालन भइआएका छन् । बज्जिका प्रशिक्षकहरु तयार गरिएका छन् ।

## ६.४ भोजपुरी

नेपालमा भोजपुरीभाषीहरूको मुख्य बसोवासस्थल पर्सा, बारा, रौतहट, चितवन, नवलपरासी जिल्लाहरूमा छ । भोजपुर भाषा नेपालबाहेक पश्चिम विहार, पूर्वी उत्तर

प्रदेश, पश्चिमी झारखण्ड, मध्य प्रदेश तथा छत्तीसगढमा पनि बोलिन्छ ।

प्रमुख चाडपर्व अन्तर्गत रामनवमी, सतुआनी, बहुरा, ऋषि पञ्चमी, अनन्त चतुर्दशी, धनतेरस, दीपावली, त्रोधन, पिँडिया, छठ, खिचडी, महाशिवरात्रि तथा होली र चउक चन्दा रहेका छन् । कृषि कार्य गर्दा लोकगीतहरु गाउने, पर्वहरुमा भजनहरु गाउने तथा जन्मदेखि विवाहसम्म विभिन्न अवसरमा गाइने संस्कार गीतहरु गाउने संस्कार पाइन्छ । भोजपुरी संस्कृतिमा शिवको पूजा निकै गरिन्छ । शिव-पार्वतीसँग सम्बन्धित अनेक लोकगीतहरु भेटिन्छन् । कतिपय स्थानमा हनुमानलाई महावीर भनी पूजा गर्ने प्रचलन पाइन्छ । यसबाहेक सीताराम, कृष्ण तथा गणेशको पनि उल्लेख्य रूपमा पूजा गरिन्छ ।

भोजपुरी संस्कृतिमा विवाहमा पहेँलो रङ्गलाई विशेष महत्व दिइन्छ । यस समयमा शीरमा पगरी बाँधिन्छ, जसलाई साफा भनिन्छ । यस संस्कृतिमा फेरि नाच, घाँटो वा जटजटीन नृत्य, पँवारा नृत्य, हुरका नृत्य, डफरा नृत्य, ठकरा नृत्यजस्ता विभिन्न नृत्यहरुको प्रचलन रहेको छ ।

## ६.५ अवधि

नेपालमा अवधि भाषा बोल्नेहरुको सबैभन्दा ठूलो सङ्ख्या लुम्बिनी प्रदेशमा रहेको छ । अवधि भाषा संस्कृतिको प्रभाव खासगरी नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा पाइन्छ । यसबाहेक भारतका उत्तर प्रदेश तथा विहारमा अवधि भाषा, संस्कृति, कला पाइन्छ । तुलसीदास लिखित रामायण आध्यात्मिक/धार्मिक क्षेत्रमा अवधि भाषाको प्रख्यात ग्रन्थ हो ।

अवधि संस्कृतिका विभिन्न चालचलन विस्तारै लुप्त हुँदै गएको पाइन्छ । पहिले पहिले नेपालगञ्जमा बिहान बिहान तुलसीदासका दोहा तथा भजनहरु गाउने चलन थियो । दिउँसो टोल-टोलमा सपेडा, स्वाँग भाटका गीतहरुका साथ रूप बदल र कठपुतलीका नाचहरुले मनोरञ्जन गर्ने चलन थियो । साँझ पर्नासाथ अल्हाउदका वीरगाथा ढोलकका साथ सुनिन्थ्यो । महिलाहरुले घरघरमा चैतमा चैता, साउनमा कजरी, सावनी, बरसाइत, सोहर, उलारा गीत गाउँथे । संस्कार गीत, जन्मौती, सोहर, उलारा, लोचना, बधवा, छैटी, बरही, मुडन, जनेउ र विवाह गीतहरु गाइन्थे । पूजा, पाठ, व्रत तथा चाडपर्वमा मधुर सङ्गीतमा गीतहरु गाइथ्यो ।[११] अवधि भाषामा

[४] https://www.nepalgunjnews.com/views/20180726139/

लोकगीत, लोककथा, कहावत, महावरा, लोकोक्तीहरु रहेका भए पनि सङ्कन, संरक्षणको अभावमा लुप्तप्रायः भइरहेका छन् । अवधि संस्कृतिमा विभिन्न किसिमका चित्रकला बनाउने चलन पनि छ । अवधि लोकचित्रकलालाई भित्तिचित्र, भूमिचित्र, ठप्पा चित्र, पात्रचित्र, गोदना र मेहदीमा वर्गीकरण गर्न सकिन्छ ।

अवधि भाषाको अध्ययन, अनुसन्धान, संरक्षण तथा नीति निर्माणमा सहयोगका लागि सङ्घीय स्तरमा आधिकारिक निकायको रूपमा भाषा आयोग रहेको छ भने स्थानीय स्तरमा विभिन्न सङ्घ संस्था र पत्रकार सङ्घहरु क्रियाशील पाइन्छन् ।

## ६.६ राजवंशी

राजवंशी समुदाय परम्परागत रूपमा पूर्वी नेपालको मोरङ र झापा जिल्लामा बसोवास गर्दै आएका छन् । राजवंशी शव्दको शाव्दिक अर्थ राजाको वंश अथवा राजपरिवार भन्ने हुन्छ । राजवंशी समुदाय राजामहाराजको सन्तान भएकाले आफूहरूलाई राजवंशी भन्न रूचाउँछन् र आफूलाई क्षेत्रीय राजकुलको ठान्ने उनीहरु आफूलाई विराटराजाले आश्रय दिएको मान्दछन् । राजवंशी समुदायलाई कोच अथवा कोचे पनि भनिन्छ । पौराणिक शासक किचकलाई उनीहरु आफ्नो आदिपुर्खा मान्दछन् । वर्तमान समयमा राजवंशी समुदायलाई हिन्दु राजवंशी, मुसलमान राजवंशी र कोच गरी तीन समूहमा वर्गीकरण गरिएको पाइन्छ । बाक्लो वस्तीमा बसोवास गर्ने यो समुदायको परम्परागत पेशा कृषि हो भने आजकल मजदुरी र अन्य पेशमा पनि सङ्लग्न हुँदै आएका छन् । राजवंशी समुदायको परम्परागत पहिरन अन्तर्गत पुरूषहरूले पाझल, धोती, गाम्चा, कमीज, चादार, लगौंटी लगाउँछन् भने महिलाले पेटानी, गाजी, बाराहाती, झाङ्गा गटी मुख्य हुन् ।

राजवंशी भाषाका चारवटा भाषिका रहेका पाइन्छन् र तिनीहरु ताजपुरिया, गन्गाई, सुरजापुरा र केवरत हुन् । राजवंशीको कापरूपी नामक छुट्टै लिपि रहेको भए पनि देवनागरी लिपि नै प्रयोग गर्ने गरेको पाइन्छ । राजवंशी बाहेक थारू, माझी, मुसलमान, धिमाल, गिरी समुदायले पनि राजवंशी भाषा बोल्ने गरेको पाइन्छ ।

राजवंशीहरु प्रकृतिपूजक हुन्छन् । ठाकुर ब्रह्मानीको पूजा गर्ने यो समुदाय नववर्षको उपलक्ष्यमा सिरूवा पर्व, भगवान् श्रीकृष्णको जन्मोत्सवको उपलक्ष्यमा दधिकाद पर्व र होली पर्व मनाउँदछन् । होली यो समुदायको ठूलो पर्व हो । दधिकाध पर्वमा यिनीहरु हिलो र पानी खेल्दछन् । ठाकुर विसौटी, गरामसेवा, मातासेवा, गुरूगोसाईपूजा, डोलपूजा, एकादसी, सिरूवारास पूजा र चरकपूजा यस समुदायका अन्य चाडपर्वहरु

हुन् । राजवंशीहरु वर्षमा एकपटक कूल पूजा गरेर गुरूबाट कानभाजा (मन्त्र) लिन्छन् । गुरूले कानमा मन्त्र सुनाइएपछि राजवंशीहरु पवित्र हुन्छन् । विवाहका लागि मन्त्र दीक्षा लिनु अनिवार्य मानिन्छ ।

राजवंशी समुदायको खानेकुरामा दाल, भात, तरकारी, अचारलगायत पन्ताभात, खरखराभात, गाजीमुरी, पिठ, पेरपेरी, प, बेनी रूटी, बरी, भाका, छेका-पेल्का, सुकाती, फोदगो, खारी, कान्जि, रसिया, दरकच, पोए साग, लाफ साग, घोटोल, सातसागी, सिदल, सुकटा, काखर(गंगटो), गुन्द्री (घुंगी), सितु मुख्य हुन् । परम्परागत अलङ्कारमा औंलामा औंठी, कानमा कुण्डल, कनौसी, नाकमा फूली, गलामा हसुली, मुगामाला, पाखुरामा मठा, खरूवा मुख्य हुन् ।

जन्म, विवाह र मृत्युका समयमा यस समुदायका विशेष संस्कारहरु छन् । गर्भावस्थालाई दोजुआ भनिन्छ र यस अवस्थामा विशेष ख्याल गरिन्छ । प्रसूति अवस्थामा दायानी (सुढेनी) ले हेरचाह गर्छन् । सुत्केरी भएको पाँचदिनपछि शनिवार बाहेकका दिनमा बच्चालाई शुद्ध पारिन्छ । राजवंशी समुदायमा विभिन्न किसिमका वैवाहिक प्रचलनहरु रहेका छन् । तिनीहरुमध्ये समुदायमा दामेदुंम (केटीका आमाबाबुलाई जानकारी गराउने तर विधिविधान नगर्ने), डंगुवा (पतिको मृत्यु पश्चात् विधवाले अर्का केटासँग विवाह गरी पूर्व पतिको घरमा नै बस्ने संस्कार), समन्द (पतिको मृत्युपछि अर्को केटासँग विवाह गरी उसैको घरमा गई बस्ने), धजिया अविवाहित केटा केटीबीच विवाह भई केटीको घरज्वाई बस्ने किसिमको विवाह) र मागी विवाह प्रमुख हुन् । यो जातिले जादु, टुनामुना, मोहिनी, धामीझाक्री, बोक्सीमा विश्वास राख्ने गरेका छन् । तर सबै राजवंशीको भेषभुषा, भाषा र संस्ककृती फरक छ । यस समुदायमा कसैको मृत्यु भएमा मलामीका लागि प्रत्येकको घर-घरमा पुगेर सुपारी दिँदै बोलाउने प्रचलन रहेको छ । यस प्रचलनलाई यो जातिले 'काठियारी' भन्ने गरेको पाइन्छ । अन्त्येष्टिपछि खोलामा गएर तीन दिनमा तीन सिनान (नुहाउने) प्रचलन छ, जसलाई 'डाँगीहाट' भन्ने गरिन्छ । मृत्युको १२/१३ दिनमा अन्तिम संस्कार गर्ने प्रचलन छ यसलाई 'जीउ उठानी' भन्ने गरिन्छ । गुरू वा गोसाइँले ठाकुर देवताको पूजा गरेर मृत्यु शोकमा रहेको परिवारलाई शुद्ध पार्छन् ।

## ६.७ सन्थाल

सन्थाल समुदाय नेपालको सुदूर पूर्वी तराई क्षेत्रमा बसोवास गर्ने नेपालको एक सीमान्तीकृत समुदाय हो । परम्परागत रूपमा यस समुदायका मानिसहरु भाटा, खर

र बाँसले बारेको, फुसको छाना भएको भुइँतले घरका झुरूप्प परेका बस्तीमा बस्छन् । सतार नामले पनि चिनिने यस यस समुदायका मानिसहरु जीविकोपार्जनका लागि अँधिया, ठेक्का गर्ने वा अरूका घरमा काम गर्ने गर्दछन् । घर अगाडि बाबरी तथा बयर रोप्ने चलन भएको यस समुदायको मुख्य पेशा शिकार खेल्ने तथा कृषि हो । कसिलो र सुडोल शरीरका धनी यस समुदायका मानिस प्रायसः कालो वर्णका र घुँगुरिएका रौं भएका हुन्छन् । पुरूषहरु धोती, लगौंटी, कछाड, गञ्जी लगाउँदछन् भने महिलाहरु सारी, चोलो र गरगहना (मुन्दा, औंठी, चुरा, पाउजु आदि) लगाउँदछन् । महिलाहरूले गहनाको रूपमा आफ्नो छाति र दुवै हातको पाखुरामा देखिने गरी कलात्मक बुट्टाहरु भर्ने परम्परा पनि रहेको छ ।

नेपालमा बोलिने पाँच भाषा परिवारका कुल १३१ भाषामध्ये आग्नेय परिवारको एक मात्र भाषा सन्थाल/सतार भाषा हो । यस जातिमा मुर्म, सेरेन, किस्कु, चोडे, ढुडु, माडी, बेसरा, हास्दा, बेधा, पौडियार, बास्ने र हेम्कने गरी १२ थरहरु हुन्छन् । गाउँमा हुने विवाद तथा झैंझगडा मिलाउन पुस्त्यौली रूपमा "माजिहाडाम" को व्यवस्था हुन्छ र उसलाई सहयोग चाहिएमा "पारानिक" (सहयोगी) राख्ने प्रचलन रहेको छ । गाउँभित्र कसैले कुनै प्रकारको नियम भङ्ग गरेमा जरिवाना तिर्ने वा जातसम्बन्धी कामकारवाहीको सजाय भोग्नुपरेमा सबैलाई भोज खुवाउनुपर्ने चलन छ । कुनै पनि मुद्दा, झगडाको फैसला गरी अपराधीलाई सजाय दिएपछि गाउँको माझमा एउटा ढुङ्गा गाडेर यस सम्बन्धमा फैसला भइसकेको भन्ने सङ्केत गरिन्छ ।




सन्थाल समुदाय आफू बसेको गाउँलाई "आतु" र मुख्य घरलाई "ओडाक" भन्छन् ।

परम्परागत रूपमा खोला किनारमा बस्दै आएका यस समुदायले घरको भुइँ जमिनभन्दा माथि माटो उठाएर तयार गर्ने परम्परा छ । परम्परागत पितृसत्तात्मक संयुक्त परिवारमा बस्ने यस समुदायका मानिसहरू "ठाकुर"लाई सबैभन्दा ठूलो देवताको रूपमा मान्दछन् । मराङबु, अग्नि देवता, आटो बाङ्गा (ग्राम देवता), दुर्गा यस समुदायका अन्य देवता हुन् । साथै मानस (पितृ) को पनि आराधना गर्दछन् । पुस महिनामा मनाइने सोहराई र वसन्त ऋतुमा बनाइने वहा यस जातिका मुख्य चाडपर्व हुन् भने छाता पोरव, कदम उत्सव, योरोक, दश, हरियाद अन्य चाडवाड हुन् । सोहराई पर्वका अवसरमा यिनीहरू आफ्नो पूर्वजलाई पुज्दछन् तथा कुखुरा, सुँगुर, परेवा, बोका आदिको बलि चढाउँदछन् । यस समयमा नयाँ लुगा लगाउने, चेलीबेटीलाई आमन्त्रण गरेर विभिन्न परिकार ख्वाउने तथा पूर्वजको सम्झनामा पूजाआजा गरेर मनाउने चलन छ । वहा पर्वमा जङ्गलका देवताहरूको पूजा गर्दै जङ्गली कन्दमूल बटुल्ने र शिकार खेल्ने काममा सफलता मिलोस् भन्ने कामना गर्दछन् । गीत सङ्गती औधी रूचाउने यो समुदाय चाडपर्वमा गीत, बाँसुरी, झ्याली, ढोलकका साथ सुख, दुःखका वेदना सहितका नाच, गान, खेलका साथ रमाउँदछन् । धार्मिक तथा ऐतिहासिक विषयहरू समेटर नाटकहरू प्रदर्शन गर्दछन् । धामी नाच तथा दासाई नाच यस समुदायका मुख्य जातीय नृत्यहरू हुन् ।

यस जातिमा एउटै थरभित्र बिहेबारी गर्ने चलन छैन । विवाहका प्रचलनमा आपङ्गिर वाप्ला (प्रेमविवाह), इतुत वाप्ला (जबरजस्ती विवाह), ज्वाइँ किपतोल वाप्ला (ज्वाइँ किन्ने विवाह), खाङया वाप्ला (विधवा विवाह), हिरोमा चेतान वाप्ला (बहुविवाह), भाउजू बेहोर्ने प्रथा, आदि प्रचलित छन्न् ।

सुत्केरी चोख्यान ७ देखि ११ दिनको बीचमा चोख्याइन्छ । जन्मिएको बच्चाको नाम जन्मिएको भोलिपल्ट राख्ने चलन छ । बच्चाको नाम बुबाले महिना, बार, दिन र आफ्नै परिवारका कुनै एक सदस्यको अगाडिको अक्षरबाट राखिन्छ । न्वारान गर्ने कार्यलाई निम्दामडी भनिन्छ र न्वारानको दिनमा इष्टमित्रहरूलाई डाकी भोज खान दिइन्छ । यस जातिमा लासलाई गाड्ने वा पोल्ने दुवै चलन छ तर बालबालिकाको हकमा खोला नदीको किनारमा लगी गाड्दछन् । यस जातिका अन्य मृत्यु संस्कारहरूमा मृत्यु भएको दिन गाउँमा सबैले जुठो बार्ने, लासलाई जलाउनु वा गाड्नु अघि मृतकको शरीरमा तेल र टीका लगाउने, धामीले लासको शुद्धि कार्य गर्ने र अन्येष्ठी सकिएपछि जाँड खाएर आ–आफ्नो घर फर्कने मुख्य छन् । यस समुदायमा श्राद्ध गर्ने चलन पनि रहेको छ, जसलाई "भाण्डान" भनिन्छ ।

# परिच्छेद ७ : नेपालको मूल प्रवाहमा मधेशी समुदायको स्थान

## ७.१ पृष्ठभूमि

नेपालको संविधानले समावेशी शासन व्यवस्थालाई आत्मसात् गर्दै साझा शासनको अवधारणालाई प्रवर्द्धन गरेको परिप्रेक्ष्यमा नेपालमा मधेशी समुदायको मूलप्रवाहीकरणको अवस्था अध्ययन गरिएको छ । नेपालको कुल जनसङ्ख्यामा मधेशी समुदायको हिस्सा ३५.६ प्रतिशत रहेको परिवेशमा राज्यका महत्वपूर्ण निकायहरूमा मधेशी समुदायको हिस्सा के कति छ भन्ने दृष्टिकोणले यस परिच्छेदमा विश्लेषण गरिएको छ । यस अध्ययनले राज्यका महत्वपूर्ण निकायहरूमा मधेशी समुदायको हिस्साका बारेमा जानकारी भई शासन प्रणालीका उक्त निकायहरूमा मधेशी समुदायको समानुपातिक प्रतिनिधित्व गर्ने, गराउने कार्यका लागि नीतिगत व्यवस्था तथा वहस, पैरवी गर्न महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास गरिएको छ ।

## ७.२ निजामती सेवामा मधेशी समुदायको प्रतिनिधित्व

नेपालको समग्र नीति निर्माणमा पृष्ठभूमिमा रही मुख्य भूमिका निर्वाह गर्ने राज्य व्यवस्थाको मुख्य अङ्ग भएकाले निजामती सेवालाई नेपालको राज्य व्यवस्थाको स्थायी सरकारका रूपमा लिइन्छ । नेपालको निजामती सेवामा जम्मा १५ सेवा अन्तर्गत कुल ८६२९६ कर्मचारी रहेका छन् भने यसमा मधेशी समुदायका कर्मचारी जम्मा ६९१४ जना रहेको राष्ट्रिय किताबखाना (निजामती) को अभिलेख रहेको छ । यसबाट निजामती कर्मचारी वृत्तमा मधेशी कर्मचारीको हिस्सा ८ प्रतिशत रहेको देखिन्छ ।

राष्ट्रिय समावेशी आयोग, पुल्चोक ललितपुरले विद्यमान सरकारी सेवामा आरक्षणको प्रभाव अध्ययन प्रतिवेदन, २०७९ प्रकाशन गरेको छ । यस प्रतिवेदनअनुसार करिब चौध वर्षको अवधिमा लोक सेवा आयोगले निजामती र नेपाल स्वास्थ्य सेवा अन्तर्गतका विभिन्न सेवा, श्रेणी वा तहमा ३९,९७९ जनालाई नियुक्तिका लागि सिफारिश गरेको छ । यसमध्ये खुलातर्फ २५,०२३ र आरक्षणतर्फ विभिन्न छ समूहमा १४,९५६ जना सिफारिश भएका छन् । आरक्षणबाट सिफारिश भएकामध्ये मधेशीमा ३,१९९ (२१.३८ प्रतिशत) रहेका छन् । यही प्रतिवेदन तयारीका क्रममा गरिएको संक्षित सर्भेक्षण अनुसार वि.सं. २०७८ फागुन १० गतेसम्म नेपालका सतहत्तर जिल्लामा

कार्यरत प्रमुख जिल्ला अधिकारीको पदमा मधेशी समुदायका चारजना (५.० प्रतिशत) रहेका थिए भने चैत्र १, २०७८ सम्म प्रमुख प्रशासकीय अधिकृत पदपूर्ति भएका ४२३ स्थानीय तहहरूमा मधेशी समुदायका ७४ जना (१७.४९ प्रतिशत) रहेका थिए । आरक्षणको प्रभाव अध्ययन प्रतिवेदनमा उल्लेख भएअनुसार आ.व. २०७४।७५ देखि २०७६।७७ सम्मको अवधिमा लोक सेवा आयोगमा आवेदन गर्नेहरूमा मधेशी समुदायका मातृभाषी (मैथिली, भोजपुरी, थारू, बज्जिका, अवधि र राजवंशी) भएका २८.४४ प्रतिशत रहेका छन् भने बाँकी अन्य भाषी रहेका छन् । अमेरिकी सरकार विकास सहयोग नियोगले प्रकाशित गरेको सामाजिक समावेशीकरण विश्लेषण प्रतिवेदनमा नेपालमा मधेशी ब्राह्मण क्षेत्री ०.८ प्रतिशत भएकोमा निजामति सेवामा ३.३ प्रतिशत रहेको, मधेशी अन्य जातजाति १४.५ प्रतिशत रहेकामा निजामती सेवामा ९.७ प्रतिशत रहेको उल्लेख छ । थप विवरण देहायअनुसार रहेको छ :

तालिका १५ : निजामती सेवामा मधेशी समुदायको प्रतिनिधित्व

| क्र.सं. | समुदाय | कुल जनसङ्ख्या (प्रतिशत) | निजामती सेवामा प्रतिनिधित्व (प्रतिशत) |
|---|---|---|---|
| | मधेशी ब्राह्मण क्षेत्री | ०.८ | ३.३ |
| | खस आर्य (पहाडी ब्राह्मण क्षेत्री) | ३१.२ | ६१.५ |
| | नेवार | ५ | ७.९ |
| | अन्य मधेशी जात | १४.५ | ९.७ |
| | जनजाति | २३.५ | १३.६ |
| | थारू | ६.६ | ३ |
| | मुस्लिम | ४.४ | ०.७ |
| | दलित | १२.६ | १.४ |

स्रोत : *Social Inclusion Analysis, USAID, 2020 (page 12)*

## ७.३ सङ्घीय कार्यालयहरूमा मधेशी समुदायको प्रतिनिधित्व

नेपालका केही प्रतिनिधिमूलक सङ्घीय निकायहरूमा मधेशी समुदायको प्रतिनिधित्वको अवस्था हेर्न कुल सम्बन्धित कार्यालय/संस्थाका कुल कर्मचारी र त्यसमध्ये मधेशी समुदायका कर्मचारीहरूको प्रतिशत अध्ययन गरिएको छ । यसका लागि कर्मचारीहरूको

संख्या सम्बन्धित कार्यालय/संस्थाको वेबसाइटबाट लिइएको छ भने मधेशी समुदायका कर्मचारीको संस्था सम्बन्धित कार्यालयले मधेशी आयोगलाई पठाएको जानकारीबाट लिइएको छ । अध्ययन गरिएका कार्यालय/संस्थाहरुमा मधेशी समुदायका कर्मचारीको हिस्सा बढीमा १४ प्रतिशतदेखि कम्तीमा २ प्रतिशत देखिएको छ । यस सम्बन्धी थप विवरण देहायअनुसार रहेको छ :

तालिका १६ : सङ्घीय कार्यालयहरुमा मधेशी समुदायको प्रतिनिधित्व

| क्र.सं. | संस्था | कुल सङ्ख्या | मधेशी समुदायको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | नेपाली सेना | ८१२७७↑ | २३६२ | २.९ |
| २ | सशस्त्र प्रहरी | ७७,११७ϒ | ५४७४ | ७.०९ |
| ३ | नेपाल प्रहरी | ७९५५४P | | |
| ४ | राष्ट्रिय मानव अधिकार आयोग | २१६+ | ३२ | १४.८ |
| ५ | राष्ट्रिय महिला आयोग | ५४] | ४ | ७.४ |
| ६ | लोक सेवा आयोग | ३९९x | २४ | ६.० |
| ७ | सङ्घीय संसद् सचिवालय | ३७९y | १७ | ४.५ |
| ८ | त्रिभुवन विश्वविद्यालय | १५,१९६ | ३३३ | २.१ |
| ९ | रेडियो नेपाल | ५५८Î | ६६ | ११.८ |
| १० | मधेशी आयोग | | | |

↑https://kathmandupost.com/national/2023/07/21/numerical-strength-of-nepal-army-comes-into-focus-once-again

ϒArmed Police Force–Wikipedia

PNepal Police–Wikipedia

+२३ औं वार्षि प्रतिवेदन, आ.व. २०७९/८०, राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन

]https://nwc.gov.np/en/about/staffs/

y https://hr.parliament.gov.np/np/publication/1685505429

Î वार्षिक प्रगति प्रतिवेदन, आ.व. २०७९/८०, रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)

हचौसट्ठीऔं वार्षिक प्रतिवेदन, आ.व. २०७९/८०, लोक सेवा आयोग, कमलपोखरी, काठमाडौं

## ७.४ स्थानीय योजना तर्जुमामा मधेशी समुदायको सहभागिता

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले प्रकाशन गरेको नेपाल राष्ट्रिय शासकीय सर्भेक्षण अध्ययन प्रतिवेदन अनुसार स्थानीय तहका योजना तर्जुमा क्रियाकलापमा बारम्बार सहभागी हुनेमा तराईका जातजाति २ प्रतिशत, तराईका जनजाति ३.५ प्रतिशत र मुस्लिम ४.५ प्रतिशत रहेका छन् भने बारम्बार सहभागी हुनेमा सबैभन्दा धेरै (६.७ प्रतिशत) पहाडी ब्राह्मण, सन्यासी रहेका छन् । स्थानीय तहका योजना तर्जुमाका क्रियाकलापमा कहिल्यै पनि सहभागी नहुनेमा सबैभन्दा थोरै पहाडी ब्राह्मण, सन्यासी (६४.३) रहेका छन् भने अनुपातका हिसाबले सबैभन्दा धेरै मुस्लिम (८१.३ प्रतिशत) रहेका छन् । यसले मधेश क्षेत्रमै मुख्य बसोवासस्थल रहेको मुस्लिम समुदाय स्थानीयस्तरको योजना तर्जुमामा सहभागिताका दृष्टिकोणले सबैभन्दा छेउमा रहेको देखिन्छ । सर्भेक्षणमा सहभागी भएकामध्ये स्थानीय तहको योजना तर्जुमामा कहिल्यै पनि सहभागी नभएको बताउनेहरूको हिस्सा तराईका जातजातिमध्ये ७९.७ प्रतिशत र तराईका जनजातिमध्ये ७४.६ प्रतिशत रहेको छ । यस सम्बन्धी थप विवरण देहायको तालिका अनुसार रहेको छ :

तालिका १७ : स्थानीय योजना तर्जुमामा मधेशी समुदायको सहभागिता


| जातजातिगत समूह | बारम्बार | कहिलेकाहिँ | बिरलै | कहिल्यैपनि | थाहा नभएको | कुल | सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| पहाडी ब्राह्मण, सन्यासी | ६.७ | १६.७ | १०.७ | ६४.३ | १.६ | १००.० | १८३५ |
| पहाडी क्षेत्री, ठकुरी | ६.१ | १८.३ | ९.७ | ६५.१ | ०.७ | १००.० | २५२८ |
| नेवार | ५.१ | १०.७ | ५.५ | ७८.२ | ०.५ | १००.० | ४४१ |
| पहाडी जनजाति | ६.० | १५.७ | ७.१ | ७०.१ | १.२ | १००.० | ३०१९ |
| तराई जातजाति | २.० | ८.१ | ३.६ | ७९.७ | ६.७ | १००.० | १२७० |
| तराई जनजाति | ३.५ | १३.२ | ७.४ | ७४.६ | १.३ | १००.० | १७९५ |
| दलित | ४.२ | ११.९ | ६.२ | ७४.७ | ३.० | १००.० | १६९३ |
| मुस्लिम | ४.५ | ५.२ | २.० | ८१.३ | ६.९ | १००.० | २९१ |

**स्रोतः** *Nepali National Governance Survey, 2017/18, Nepal Administrative Staff College*

## ७.५ वित्तीय संस्थामा मधेशी समुदायको पहुँच

बैङ्क तथा वित्तीय संस्थामाथिको पहुँचको अवस्थाले व्यक्तिको आर्थिक क्रियाशीलताको अवस्थालाई पनि सङ्केत गर्दछ । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले सन् २०१७/१८ मा नेपाल राष्ट्रिय शासकीय सर्भेक्षण (Nepal National Governance Survey) गरी विभिन्न क्षेत्रमा रहेका जातजातिको वित्तीय संस्थामा रहेको पहुँचलाई बैङ्क खाताका माध्यमले अध्ययन गरेको थियो । यस प्रतिवेदनअनुसार तराईका ६३ प्रतिशत जनजातिको, ५५ प्रतिशत मुस्लिम प्रतिशतको र तराईका अन्य जातजातिमध्ये ७२ प्रतिशतको बैङ्क वा वित्तीय संस्थाहरूमा पहुँच भएको पाइन्छ । सो अध्ययन अनुसार सबैभन्दा कम पहुँच दलित जनसङ्ख्याको (४ प्रतिशत) र सबैभन्दा बढी नेवार जनसङ्ख्याको (८२ प्रतिशत) पहुँच भएको देखिन्छ । उक्त प्रतिवेदनको अध्ययन अनुसार बैङ्क तथा वित्तीय संस्थाहरूमा पहुँचको अवस्था हेर्दा मुस्लिमहरूको पहुँच सबैभन्दा कम (५५ प्रतिशत) र नेपालका सबै समुदायमध्येमा दलित समुदायको सबैभन्दा कम (४७ प्रतिशतको) मात्र पहुँच भएको देखिन्छ । यस सम्बन्धी थप विवरण देहायको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

बैङ्क तथा वित्तीय संस्थामा पहुँचको अवस्था




स्रोत : *Nepali National Governance Survey, 2017/18, Nepal Administrative Staff College*

वित्तीय संस्थाहरूमा मधेशी समुदायको पहुँचको अध्ययन गर्दा प्रमुख बैङ्हरूमा मधेशी समुदायका कर्मचारीको हिस्सा पनि महत्वपूर्ण हुन आउँछ । मधेशी आयोगले मधेशी

समुदायको मूलप्रवाहीकरण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सम्बन्धित बैङ्कहरूबाट प्राप्त जानकारी अनुसार नेपाल राष्ट्र बैङ्कमा कुल कर्मचारीहरूमा मधेशी समुदायका कर्मचारीहरूको हिस्सा १२.११ प्रतिशत रहेको छ । यस्तैगरी, नेपाल बैङ्क लिमिटेडमा कुल कर्मचारी २७४१ भएकोमा मधेशी समुदायका कर्मचारीहरूको सङ्ख्या ३७८ अर्थात् १३.७ प्रतिशत रहेको छ ।

## ७.६ शिक्षामा मधेशी समुदायको पहुँच

शिक्षामा पहुँचबिना कुनै पनि समुदाय तत्कालीन अथवा दीर्घकालीन रूपमा समाजको समग्र सामाजिक आर्थिक विकासमा सक्रिय योगदान गर्न सक्दैन । त्रिभुवन विश्वविद्यालय केन्द्रीय समाजशास्त्र तथा मानवशास्त्र विभागले प्रकाशन गरेको नेपाल बहुआयामिक सामाजिक समावेशीकरण सूचकाङ्क अनुसार तराई (मधेशी) ब्राह्मण क्षेत्रको प्रौढ साक्षरता नेपालमै सबैभन्दा उच्च अर्थात् ८० प्रतिशत रहेको छ भने तराईका अन्य जातजातिको साक्षरता ४५ प्रतिशत र तराईका दलित समुदायको साक्षरता नेपालमै सबैभन्दा कम अर्थात् २३.१ प्रतिशत रहेको छ । यसबाहेक मधेशी समुदाय र नेपालका अन्य समुदायको आधारभूत विद्यालयको खुद भर्नादर, आधारभूत विद्यालय पूरा गर्ने दर र शैक्षिक क्षेत्र सूचकाङ्क देहायअनुसार रहेको छ :

तालिका १८ : आधारभूत विद्यालय सूचकाङ्कमा मधेशी समुदाय

| जातजाति | प्रौढ साक्षरता दर | | आधारभूत विद्यालयको खुद भर्नादर | | आधारभूत विद्यालय पूरा गर्ने दर | | शैक्षिक क्षेत्र सूचकाङ्क |
|---|---|---|---|---|---|---|---|
| | औसत | सूचकाङ्क | औसत | सूचकाङ्क | औसत | सूचकाङ्क | |
| पहाडी ब्राह्मण | ७८.५ | ०.७८४६ | ८४.१ | ०.८४०६ | ४२.३ | ०.४२२७ | ०.६८२६ |
| पहाडी क्षेत्री | ६६.४ | ०.६६३५ | ७६.९ | ०.७६८७ | २४.९ | ०.२४८८ | ०.५६०३ |
| तराई ब्राह्मण क्षेत्री | ८०.० | ०.८००५ | ७९.१ | ०.७९१३ | ४५.० | ०.४४९९ | ०.६८०५ |
| तराईका अन्य जाति | ४५.० | ०.४५०२ | ६४.१ | ०.६४०८ | २०.७ | ०.२०६८ | ०.४३२६ |
| पहाडी दलित | ५१.८ | ०.५१८० | ६७.८ | ०.६७८३ | ९.२ | ०.०९२० | ०.४२९४ |
| तराई दलित | २३.१ | ०.२३१२ | ४९.४ | ०.४९३९ | ९.५ | ०.०९४८ | ०.२७३३ |
| नेवार | ७६.५ | ०.७६४९ | ८०.६ | ०.८०६५ | ३६.४ | ०.३६३७ | ०.६४५० |
| हिमाली पहाडी जनजाति | ६१.५ | ०.६१५२ | ७२.३ | ०.७२३२ | १८.२ | ०.१८१७ | ०.५०६७ |
| तराई जनजाति | ५४.१ | ०.५४०६ | ७०.८ | ०.७०८४ | १६.६ | ०.१६५९ | ०.४७१६ |
| मुस्लिम | ३५.४ | ०.३५४३ | ४७.१ | ०.४७११ | १०.९ | ०.१०८७ | ०.३११३ |
| अन्य | ७८.० | ०.७७९६ | ७२.१ | ०.७२१३ | ३५.३ | ०.३५२५ | ०.६१७८ |
| कुल | ५९.६ | ०.५९५७ | ७१.१ | ०.७१०७ | २१.९ | ०.२१९४ | ०.५०८६ |

स्रोत : *The Nepal Multidimensional Social Inclusion Index, Central Department of Sociology/Anthropology, Tribhuvan University,*

## ७.७ स्वास्थ्यमा मधेशी समुदायको पहुँच

समाजमा कुनै पनि समुदायको मूल प्रवाहको अवस्था अध्ययन गर्ने क्रममा उक्त समुदायको प्रचलित स्वास्थ्य सेवा धान्न सक्ने क्षमता सम्बन्धित बालबालिका बाँच्नेदर सुरक्षित पानीमा पहुँच र आधुनिक शौचालयमा उक्त समुदायको पहुँचको अध्ययन महत्वपूर्ण हुन्छ । त्रिभुवन विश्वविद्यालय केन्द्रीय समाजशास्त्र तथा मानवशास्त्र विभागले प्रकाशन गरेको नेपाल बहुआयामिक सामाजिक समावेशीकरण सूचकाङ्कमा यस विषयको अध्ययन समेटिएको छ ।जसअनुसार नेपालका सबै समुदायको स्वास्थ्यसेवा धान्न सक्ने क्षमता सूचकाङ्क ०.५ भन्दा बढी रहेको छ अर्थात् आफ्नो आम्दानीको ५० प्रतिशतभन्दा बढी हिस्सा स्वास्थ्य सेवामा खर्च गर्ने गर्दछन् । उक्त प्रतिवेदनअनुसार मधेशी समुदायमा २० प्रतिशतभन्दा कमलाई मात्र सुरक्षित खानेपानीमा पहुँच भएको देखिन्छ । आधुनिक शौचालय सुविधाको अवस्था हेर्दा तराईका ब्राह्मण क्षेत्रीमध्ये ४८ प्रतिशतमा आधुनिक शौचालय सुविधा भएको देखिन्छ भने अन्य सबै मधेशी समुदायमा आधुनिक शौचालय सुविधा २० प्रतिशतभन्दा कम घरधुरीमा मात्र देखिन्छ ।

तालिका १९ : स्वास्थ्य क्षेत्रको सूचकाङ्कमा मधेशी समुदाय

| जातजाति | स्वास्थ्यसेवा धान्न सक्ने क्षमता | | बालबालिका बाँच्ने दर | | सुरक्षित पानीमा घरधुरीको पहुँच | | आधुनिक शौचालय सुविधामा घरधुरीको पहुँच | | स्वास्थ्य क्षेत्र सूचकाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | औसत | सूचकाङ्क | औसत | सूचकाङ्क | औसत | सूचकाङ्क | औसत | सूचकाङ्क | |
| पहाडी ब्राह्मण | ५५.४ | ०.५५४० | ११.८ | ०.८८१६ | ५७.३ | ०.५७३३ | ७०.० | ०.६९९६ | ०.६७७१ |
| पहाडी क्षेत्री | ५५.४ | ०.५५३७ | १८.२ | ०.८१८० | ५७.५ | ०.५७४७ | ४८.८ | ०.४८८३ | ०.६०८७ |
| तराई ब्राह्मण क्षेत्री | ५३.४ | ०.५३३७ | १०.१ | ०.८९८९ | १६.१ | ०.१६१२ | ४९.० | ०.४९०५ | ०.५२११ |
| तराईका अन्य जाति | ५७.१ | ०.५७०६ | १८.१ | ०.८१८८ | १६.६ | ०.१६६४ | १९.४ | ०.१९४२ | ०.४३७५ |
| पहाडी दलित | ५२.१ | ०.५२१४ | २७.६ | ०.७२३७ | ६१.४ | ०.६१४४ | ३०.६ | ०.३०६२ | ०.५४१४ |
| तराई दलित | ५६.४ | ०.५६४२ | १९.० | ०.८१०३ | १४.१ | ०.१४१० | ५.५ | ०.०५५५ | ०.३९२७ |
| नेवार | ६०.४ | ०.६०४५ | १३.२ | ०.८६८४ | ६४.५ | ०.६४४८ | ७५.१ | ०.७५११ | ०.७१७२ |
| हिमाली पहाडी जनजाति | ५१.८ | ०.५१७९ | २०.६ | ०.७९४५ | ६४.९ | ०.६४८८ | ४०.९ | ०.४०९३ | ०.५९२६ |
| तराई जनजाति | ५३.९ | ०.५३९० | १९.२ | ०.८०८० | २०.८ | ०.२०७६ | २३.२ | ०.२३२२ | ०.४४६७ |
| मुस्लिम | ५३.६ | ०.५३५७ | ३२.२ | ०.६७७६ | १८.० | ०.१७९९ | २०.७ | ०.२०७३ | ०.४००१ |
| अन्य | ५९.९ | ०.५९९० | ७.९ | ०.९२११ | २४.७ | ०.२४७२ | ६७.६ | ०.६७५८ | ०.६१०८ |
| कुल | ५४.७ | ०.५४७३ | १८.९ | ०.८१०६ | ४७.८ | ०.४७७८ | ४१.७ | ०.४१७२ | ०.५६३२ |

स्रोत : *The Nepal Multidimensional Social Inclusion Index, Central Department of Sociology/Anthropology, Tribhuvan University.*

## ७.८ आर्थिक साधनहरुमा मधेशी समुदायको पहुँच

नागरिकलाई बाँच्नका लागि आर्थिक गतिविधिमाथिको पहुँच जरुरी हुन्छ । जमिनमाथिको स्वामित्व र गैरकृषि क्षेत्रको रोजगारी आर्थिक पहुँच झल्काउने महत्वपूर्ण सूचकहरु हुन् र यी सूचकहरुले कुनै पनि नागरिकलाई आयआर्जन र जीविकोपार्जनका लागि आधार प्रदान गर्दछ । नेपाल बहुआयामिक सामाजिक समावेशीकरण सूचकाङ्कले यस विषयको अध्ययन गरी नेपालका विभिन्न समुदायको आर्थिक पहुँच सूचकाङ्क प्रस्तुत गरेको छ । उक्त सूचकाङ्क अनुसार नेपालमा तराई ब्राह्मण क्षेत्रीको स्थान सबैभन्दा उच्च (०.६०४८) रहेको छ भने तराई दलितको सबैभन्दा न्यून अर्थात् ०.२४६९ रहेको छ । यसले मधेशी समुदायका ब्राह्मण क्षेत्री र दलितबीच आर्थिक पहुँचको अवस्थामा ठूलो फरक रहेको सङ्केत गर्दछ । यससम्बन्धी थप विवरण देहायको तालिकाअनुसार रहेको छ :

तालिका २० : आर्थिक पहुँच सूचकाङ्कमा मधेशी समुदाय

| जातजाति | औसत जमिनको स्वामित्व | | गैरकृषि रोजगारी | | आर्थिक पहुँच सूचक |
|---|---|---|---|---|---|
| | औसत (हे) | सूचकाङ्क | औसत (%) | सूचकाङ्क | |
| पहाडी ब्राह्मण | ०.३२९० | ०.३१७३ | ४१.७ | ०.४१६९ | ०.३६७१ |
| पहाडी क्षेत्री | ०.३५१७ | ०.३४३४ | २८.५ | ०.२८४८ | ०.३१४१ |
| तराई ब्राह्मण क्षेत्री | ०.५७९९ | ०.६०५६ | ६०.४ | ०.६०३९ | ०.६०४८ |
| तराईका अन्य जाति | ०.६३१७ | ०.६६५१ | ३३.० | ०.३३०४ | ०.४९७७ |
| पहाडी दलित | ०.२१५३ | ०.१८६६ | ३०.७ | ०.३०७३ | ०.२४६९ |
| तराई दलित | ०.१८९५ | ०.१५६९ | ३०.५ | ०.३०५१ | ०.२३१० |
| नेवार | ०.१८२२ | ०.१४८६ | ६१.२ | ०.६१२१ | ०.३८०३ |
| हिमाली पहाडी जनजाति | ०.३५५४ | ०.३४७६ | २७.२ | ०.२७१९ | ०.३०९८ |
| तराई जनजाति | ०.५८०० | ०.६०५७ | ३०.३ | ०.३०३३ | ०.४५४५ |
| मुस्लिम | ०.४११० | ०.४११५ | ४२.२ | ०.४२२३ | ०.४१६९ |
| अन्य | ०.२२२६ | ०.१९५१ | ७४.४ | ०.७४४० | ०.४६९५ |
| कुल | ०.३७५० | ०.३७०२ | ३३.४ | ०.३३३७ | ०.३५१९ |

स्रोत : *The Nepal Multidimensional Social Inclusion Index, Central Department of Sociology/Anthropology, Tribhuvan University*

## ७.९ जीवनस्तरका दृष्टिकोणले मधेशी समुदाय

जीवनस्तरले नागरिकको समग्र आर्थिक अवस्थालाई सङ्केत गर्दछ । त्रिभुवन विश्वविद्यालय समाजशास्त्र मानवशास्त्र केन्द्रीय विभागको नेपाल बहुआयामिक सामाजिक समावेशीकरण प्रतिवेदनमा घरको प्रकार पकाउने इन्धनको प्रयोग घरधुरीमा बिजुलीको पहुँच र बसोबासको अवस्थाका आधारमा जीवनस्तर सूचकाङ्क निर्माण गरी अध्ययन गरेको छ ।

तालिका २१ : जीवनस्तरका दृष्टिकोणले मधेशी समुदाय

| जातजाति | घरको अवस्था | | बसोबासको अवस्था | | खाना पकाउन व्यापारिक इन्धनमाथिको पहुँच | | घरधुरीमा बिजुलीको पहुँच | | जीवनस्तर सूचकाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | औसत | सूचकाङ्क | औसत (सुत्नेकोठा) | सूचकाङ्क | औसत | सूचकाङ्क | औसत | सूचकाङ्क | |
| पहाडी ब्राह्मण | ४४.९ | ०.४४८६ | २.८६ | ०.५५६७ | ३४.१ | ०.३४१० | ७४.९ | ०.७४८६ | ०.५२३७ |
| पहाडी क्षेत्री | २६.६ | ०.२६६४ | २.६६ | ०.४९०४ | २३.० | ०.२२९६ | ५८.६ | ०.५८५७ | ०.३९३० |
| तराई ब्राह्मण क्षेत्री | ५७.८ | ०.५७८३ | २.८३ | ०.५४७७ | १६.० | ०.१६०३ | ६४.१ | ०.६४११ | ०.४८१८ |
| तराईका अन्य जाति | ३२.७ | ०.३२६८ | २.५७ | ०.४५८९ | १४.१ | ०.१४०६ | ६५.१ | ०.६५१३ | ०.३९४४ |
| पहाडी दलित | ११.६ | ०.११६५ | १.९३ | ०.२५०१ | १८.९ | ०.१८८७ | ६०.३ | ०.६०२८ | ०.२८९५ |
| तराई दलित | ११.२ | ०.११२३ | १.८२ | ०.२१४१ | १५.१ | ०.१५१५ | ६४.३ | ०.६४३० | ०.२८०२ |
| नेवार | ४९.३ | ०.४९२८ | ३.१७ | ०.६५८८ | ४७.० | ०.४७०४ | ८३.३ | ०.८३३० | ०.६१३८ |
| हिमाली पहाडी जनजाति | २१.९ | ०.२१८९ | २.४९ | ०.४३३५ | २७.४ | ०.२७३७ | ७०.२ | ०.७०२४ | ०.४०७१ |
| तराई जनजाति | १८.९ | ०.१८८९ | २.४० | ०.४०५६ | २३.० | ०.२२९६ | ७०.६ | ०.७०६५ | ०.३८२६ |
| मुस्लिम | ३१.६ | ०.३१५७ | २.४५ | ०.४१९८ | १७.१ | ०.१७०८ | ६६.५ | ०.६६४९ | ०.३९२८ |
| अन्य | ६७.३ | ०.६७३१ | ३.०३ | ०.६१३२ | २६.४ | ०.२६३८ | ७१.६ | ०.७१६४ | ०.५६६६ |
| कुल | २८.० | ०.२८०२ | २.५५ | ०.४५४१ | २४.६ | ०.२४५७ | ६७.३ | ०.६७२६ | ०.४१३१ |

स्रोत : *The Nepal Multidimensional Social Inclusion Index, Central Department of Sociology/Anthropology, Tribhuvan University*

## ७.१० विभिन्न जातजातिको नगद आम्दानीको स्रोत अनुसार घरपरिवार

नगद आम्दानीको स्रोत घरपरिवारको दैनिक घरपरिवार सञ्चालन हुन महत्वपूर्ण हुनुका साथै यसले घरपरिवारको आर्थिक अवस्थालाई पनि सङ्केत गर्दछ । नेपालमा सामाजिक समावेशीकरणको अवस्था नामक अध्ययन प्रतिवेदनमा नेपालका जातजातिको घरपरिवारको नगद आम्दानीको स्रोतलाई कृषि, गैरकृषि र ज्यालादारी गरी तीन भागमा वर्गीकरण गरी अध्ययन गरेको छ । नेपालको वर्तमान परिवेशमा दैनिक ज्यालादारीको कार्य सामान्यतया न्यून आम्दानी हुने क्षेत्रका रहेको छ र प्राय: विपन्न वर्ग यस कार्यमा सङ्लग्न हुने गरेको पाइन्छ । यसर्थ यस विवरणले मधेशी समुदाय र सिङ्गो नेपालमा विपन्न समुदायको पहिचान गर्न सहयोग गर्ने विश्वास लिइएको छ । उल्लिखित विवरण देहायअनुसार छ :

तालिका २२ : नगद आम्दानीको स्रोत अनुसार घरपरिवार प्रतिशत

| जातजाति | कृषि | गैरकृषि | दैनिक |
|---|---|---|---|
| मुसहर | ६ | १४.५ | ७९.५ |
| चमार /हरिजन /राम | ९.५ | १५.५ | ७५ |
| सन्थाल | १९.५ | ११ | ६९.५ |
| थामी | १५ | १७.५ | ६७.५ |
| राजभर | १५.५ | २०.५ | ६४ |
| दुसाध/पासवान/पासी | १२ | २४.५ | ६३.५ |
| नुनिया | १३.५ | २६.५ | ६० |
| मुण्डा | १९.५ | २३ | ५७.५ |
| माझी | १०.५ | ३३ | ५६.५ |
| चेपाङ | २० | २४ | ५६ |
| बन्तार | १७ | २७ | ५६ |
| पहरी | १३ | ३१ | ५६ |
| कोचे | १७.५ | २८ | ५४.५ |
| खत्वे | १७ | २९ | ५४ |
| बोटे | ९.५ | ३७ | ५३.५ |

| जातजाति | कृषि | गैरकृषि | दैनिक |
|---|---|---|---|
| किसान | ७.५ | ४० | ५२.५ |
| लोध | २०.५ | २९.५ | ५० |
| कुमाल | १६.५ | ३४ | ४९.५ |
| झाँगड | २२.५ | २८ | ४९.५ |
| बिङ/बिन्दा | १२.५ | ३८ | ४९.५ |
| कहर | १४.५ | ३६.५ | ४९ |
| धोवी | २२ | ३०.५ | ४७.५ |
| तत्मा | ११ | ४२ | ४७ |
| राजी | १७ | ३६.५ | ४६.५ |
| सार्की | १३ | ४१.५ | ४५.५ |
| जिरेल | १७ | ३८ | ४५ |
| ताजपुरिया | २९.५ | २६ | ४४.५ |
| बरामु | २०.५ | ३५.५ | ४४ |
| बादी | १.५ | ५४.५ | ४४ |
| मल्लाह | १३.५ | ४३.५ | ४३ |
| कुर्मी | १९.५ | ३८ | ४२.५ |
| राजवंशी | २३ | ३५.५ | ४१.५ |
| थारू | २३.५ | ३५.५ | ४१ |
| केवट | २४ | ३६.५ | ३९.५ |
| कुम्हार | २२ | ३८.५ | ३९.५ |
| दमाई/ढोली | १४ | ४८.५ | ३७.५ |
| दनुवार | २०.५ | ४३ | ३६.५ |
| मुस्लिम | ४ | ६०.५ | ३५.५ |
| धानुक | १३ | ५१.५ | ३५.५ |
| कानु | १९ | ४५.५ | ३५.५ |

| जातजाति | कृषि | गैरकृषि | दैनिक |
|---|---|---|---|
| लोहार | ४ | ६०.५ | ३५.५ |
| भेडिया/गडेरी | २० | ४७ | ३३ |
| गनगाई | ४०.५ | २७ | ३२.५ |
| ह्योल्मो | २३ | ४४.५ | ३२.५ |
| दराई | २० | ४८ | ३२ |
| सुनुवार | २७.५ | ४१ | ३१.५ |
| माली | ९ | ६१ | ३० |
| तामाङ | २४ | ४६.५ | २९.५ |
| घर्ती/भुजेल | १४ | ५६.५ | २९.५ |
| बराई | २३.५ | ४७ | २९.५ |
| गाइने | ४ | ६६.५ | २९.५ |
| कामी | १० | ६१.५ | २८.५ |
| हलखोर | ० | ७४.५ | २५.५ |
| यादव | २८ | ४७.५ | २४.५ |
| मेचे | १३.५ | ६२.५ | २४ |
| बढाई/कमार | ९.५ | ६७.५ | २३ |
| धिमाल | २१.५ | ५६.५ | २२ |
| सोनार | ५.५ | ७३ | २१.५ |
| सुँढी | २०.५ | ५९ | २०.५ |
| शेर्पा | २८ | ५२ | २० |
| सन्यासी | ३१.५ | ४९ | १९.५ |
| तेली | २७ | ५५ | १८ |
| नेवार | १० | ७२.५ | १७.५ |
| कोइरी | ४४.५ | ३८.५ | १७ |
| बानिया | ५.५ | ७७.५ | १७ |

| जातजाति | कृषि | गैरकृषि | दैनिक |
|---|---|---|---|
| डोम | ० | ८३ | १७ |
| मगर | ३३ | ५०.५ | १६.५ |
| लिम्बु | ४८.५ | ३५ | १६.५ |
| क्षत्री | २२.५ | ६२ | १५.५ |
| गुरूङ | १७.५ | ६७.५ | १५ |
| हजाम/ठाकुर | ७.५ | ७८.५ | १४ |
| हायु | १७.५ | ६८.५ | १४ |
| कलवार | ५ | ८१.५ | १३.५ |
| छन्त्याल | ३४ | ५२.५ | १३.५ |
| लेप्चा | ७८ | ९ | १३ |
| ब्राह्मण | १४.५ | ७३ | १२.५ |
| राजपुत | ३०.५ | ५८ | ११.५ |
| दुरा | १९ | ६९.५ | ११.५ |
| हलुवाई | १६.५ | ७३.५ | १० |
| ठकुरी | २७.५ | ६३ | ९.५ |
| याक्खा | ४०.५ | ५० | ९.५ |
| राई | ५० | ४१ | ९ |
| ब्यासी | ५६ | ३५.५ | ८.५ |
| कायस्थ | ३ | ८९.५ | ७.५ |
| भोटे/वालुङ | ६० | ३५ | ५ |
| ब्राह्मण | ८ | ८७.५ | ४.५ |
| थकाली | ९.५ | ८९.५ | १ |
| मारवाडी | ० | १०० | ० |

स्रोत : *State of Social Inclusion in Nepal, Caste, Ethnicity and Gender, Evidence from Nepal Social Inclusion Survey 2018, Central Department of Anthropology, TU, Kirtipur*

प्रस्तुत विवरण अनुसार नेपालका विभिन्न जातजातिमध्ये ७९.५ प्रतिशत मुसहर र ७५ प्रतिशत चमार जनसङ्ख्याको नगद आम्दानीको प्रमुख स्रोत दैनिक ज्यालादारी भएको देखिन्छ । दैनिक ज्यालादारी नगद आम्दानीको प्रमुख स्रोत हुने सबैभन्दा थोरै जनसङ्ख्या मारवाडी र थकाली समुदाय रहेको देखिन्छ । अध्ययन प्रतिवेदनअनुसार मारवाडी समुदायको शून्य प्रतिशत जनसङ्ख्या र थकाली समुदायको १ प्रतिशत जनसङ्ख्याले मात्र नगद आम्दानीको लागि ज्यालादारी पेशा अपनाउने गरेको पाइन्छ ।

## ७.११ राजनीतिक दलमा मधेशी समुदायको सहभागिता

बहुदलीय लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरुले राज्य सञ्चालन गर्ने र प्रमुख राजनीतिक दलको केन्द्रीय सदस्य महत्वपूर्ण हैसियतमा रहने भएकाले मुलुकमा कुनै समुदायको मूल प्रवाहीकरणको अवस्था अध्ययन गर्न उक्त समुदायको राजनीतिक दलमा रहेको सहभागिता महत्वपूर्ण हुन्छ । नेपाल समावेशीकरण सूचकाङ्क प्रतिवेदनले नेपालका २५ वटा प्रमुख राजनीतिक दलका केन्द्रीय समितिका पदाधिकारीहरुको जातजातिगत अवस्था अध्ययन गरेको हुँदा यहाँ नेपालको मूल प्रवाहमा मधेशी समुदायको अवस्था अध्ययनार्थ उक्त अध्ययनको निचोड प्रस्तुत गरिएको छ जसअनुसार राजनीतिक दलहरुको केन्द्रीय समितिमा पहाडीमूलका ब्राह्मण समुदायको प्रतिनिधित्व सबैभन्दा धेरै (२४.३ प्रतिशत) र दोस्रोमा पहाडीमूलका क्षेत्री समुदायको उपस्थिति (१८.१ प्रतिशत) रहेको देखिन्छ ।तराईमूलका ब्राह्मण क्षेत्रीको प्रतिनिधित्व ४.१ प्रतिशत तराईका अन्य जातिको १३.४ प्रतिशत र तराई दलितको २.७ प्रतिशत मात्र रहेको देखिन्छ । यससम्बन्धी थप विवरण देहायअनुसार रहेको छ :

तालिका २३ : राजनीतिक दलमा मधेशी समुदायको सहभागिता

| जातजाति | राजनीतिक दलको केन्द्रीय सदस्य | |
|---|---|---|
| | केन्द्रीय समितिमा प्रतिशत | सूचकाङ्क |
| पहाडी ब्राह्मण | २४.३ | १.०००० |
| पहाडी क्षेत्री | १८.१ | ०.९३७३ |
| तराई ब्राह्मण क्षेत्री | ४.१ | १.०००० |
| तराईका अन्य जाति | १३.४ | ०.३१९९ |
| पहाडी दलित | २.८ | ०.१८८० |

| जातजाति | राजनीतिक दलको केन्द्रीय सदस्य | |
|---|---|---|
| | केन्द्रीय समितिमा प्रतिशत | सूचकाङ्क |
| तराई दलित | २.७ | ०.३०७९ |
| नेवार | ६.४ | १.०००० |
| हिमाली पहाडी जनजाति | १५.६ | ०.३२६० |
| तराई जनजाति | ७.० | ०.२८६० |
| मुस्लिम | २.६ | ०.५९९५ |
| अन्य | ०.३ | ०.६६६७ |
| कुल | | ०.३८०४ |

स्रोत : *The Nepal Multidimensional Social Inclusion Index, Central Department of Sociology/Anthropology, Tribhuvan University*

# परिच्छेद ८ : अध्ययन क्षेत्रको आर्थिक अवस्था

## ८.१ व्यावसायिक/आर्थिक एकाइ

व्यावसायिक, आर्थिक एकाइहरु (वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने प्रतिष्ठान/व्यवसायहरु) को गणना र सम्बन्धित एकाइहरुमा सङ्लग्न जनशक्तिले सम्बन्धित स्थानहरुको आर्थिक क्रियाकलापहरुलाई सङ्केत गर्दछ । केन्द्रीय तथ्याङ्क कार्यालयले वि.सं. २०७५ मा मुलुकमा पहिलो पटक आर्थिक गणना गरी गैरकृषि आर्थिक क्रियाकलापहरु सञ्चालन गर्ने सबै प्रकारका प्रतिष्ठानहरु र कृषि क्षेत्रको दर्ता गरिएका प्रतिष्ठानहरुलाई गणनाको परिधिभित्र समेटेर प्रकाशन गरेको अन्तिम प्रतिवेदन अनुसार नेपालभरिमा कुल नौ लाख २३ हजार तीन सय ५६ व्यावसायिक, आर्थिक एकाइहरु भएकोमा यस अध्ययन क्षेत्रका २९ जिल्लाहरुमा कुल छ लाख ५३ हजार आठ सय ५३ अर्थात् कुलमध्ये ७१ प्रतिशत व्यावसायिक, आर्थिक एकाइहरु भएको देखिन्छ । यसले मधेशी समुदायको मुख्य बसोवास क्षेत्र नेपालमा आर्थिक क्रियाकलाप उच्च भएका स्थानमा केन्द्रीत भएको सङ्केत गर्दछ । उल्लिखित आर्थिक गणना अनुसार मधेशी समुदायको मुख्य बसोवास रहेका जिल्लाहरु अर्थात् अध्ययन क्षेत्रका जिल्लाहरुमा रहेका सक्रिय आर्थिक प्रतिष्ठान सङ्ख्या तथा सङ्लग्न जनशक्ति सम्बन्धी जिल्लागत विवरण देहायअनुसार रहेको छ :

तालिका २४ : व्यावसायिक प्रतिष्ठान सङ्ख्या र सङ्लग्न जनशक्ति

| क्र. सं. | जिल्ला | प्रतिष्ठान सङ्ख्या | जम्मा | पुरुष | महिला | अनुपात | सङ्लग्न औसत जनशक्ति |
|---|---|---|---|---|---|---|---|
| १ | झापा | ३८,७८९ | ११६,८३७ | ६८,८९० | ४७,९४७ | १४४ | ३ |
| २ | मोरङ | ३५,२४७ | १२७,८८७ | ८३,२७५ | ४४,६१२ | १८७ | ३.६ |
| ३ | सुनसरी | ३१,५३६ | ११२,७०८ | ६९,०२१ | ४३,६८७ | १५८ | ३.६ |
| ४ | उदयपुर | ११,५१५ | २७,८९३ | १६,२७९ | ११,६१४ | १४० | २.४ |
| ५ | सप्तरी | १६,२९५ | ४२,२५२ | २८,५९८ | १३,६५४ | २०९ | २.६ |
| ६ | सिराहा | १३,१३७ | ४०,५१३ | २९,१०१ | ११,४१२ | २५५ | ३.१ |
| ७ | धनुषा | १७,९६५ | ५६,४७५ | ४३,२७३ | १३,२०२ | ३२८ | ३.१ |

| क्र. सं. | जिल्ला | प्रतिष्ठान सङ्ख्या | जम्मा | पुरुष | महिला | अनुपात | सङ्लग्न औसत जनशक्ति |
|---|---|---|---|---|---|---|---|
| ८ | महोत्तरी | १४,०४९ | ३६,९९८ | २८,१६१ | ८,८३७ | ३१९ | २.६ |
| ९ | सर्लाही | १५,२६० | ३८,६५७ | २७,९३१ | १०,७२६ | २६० | २.५ |
| १० | रौतहट | १२,७९० | ४१,२६५ | ३२,११७ | ९,१४८ | ३५१ | ३.२ |
| ११ | बारा | १२,४४९ | ४८,७२४ | ३८,२७९ | १०,४४५ | ३६६ | ३.९ |
| १२ | पर्सा | १५,७२५ | ५०,११० | ४०,८१९ | ९,२९१ | ४३९ | ३.२ |
| १३ | काठमाडौँ | १२५,०४७ | ५९०,००२ | ३६२,१६२ | २२७,८४० | १५९ | ४.७ |
| १४ | भक्तपुर | १९,६३१ | ८६,२९६ | ४९,९०१ | ३६,३९५ | १३७ | ४.४ |
| १५ | ललितपुर | २७,००९ | १३४,४०८ | ८१,५०७ | ५२,९०१ | १५४ | ५ |
| १६ | मकवानपुर | १६,०४१ | ४६,५८२ | २९,०१४ | १७,५६८ | १६५ | २.९ |
| १७ | चितवन | २९,२३७ | १०४,६२७ | ६३,५१७ | ४१,११० | १५५ | ३.६ |
| १८ | कास्की | ३०,७४५ | १११,८१८ | ६५,९०१ | ४५,९१७ | १४४ | ३.६ |
| १९ | अर्घाखाँची | ६,६१९ | १४,६१३ | ८,७६८ | ५,८४५ | १५० | २.२ |
| २० | पाल्पा | ८,७०१ | २४,९०२ | १४,०८८ | १०,८१४ | १३० | २.९ |
| २१ | नवलपरासी पश्चिम | ११,२०८ | ४३,८६६ | २६,७७४ | १७,०९२ | १५७ | ३.९ |
| २२ | रुपन्देही | ३८,४०३ | १३४,७७२ | ९४,३५७ | ४०,४१५ | २३३ | ३.५ |
| २३ | कपिलवस्तु | १३,६०७ | ४०,६१० | ३०,७४२ | ९,८६८ | ३१२ | ३ |
| २४ | दाङ | १४,४२१ | ४७,५९८ | २८,८४७ | १८,७५१ | १५४ | ३.३ |
| २५ | बाँके | १८,६६६ | ६४,८८२ | ४४,३३३ | २०,५४९ | २१६ | ३.५ |
| २६ | बर्दिया | १४,८९६ | ४०,७१४ | २४,९४५ | १५,७६९ | १५८ | २.७ |
| २७ | सुर्खेत | ११,८२० | ३५,९०८ | २०,७०६ | १५,२०२ | १३६ | ३ |
| २८ | कैलाली | २१,५४४ | ६६,७५३ | ४३,५०१ | २३,२५२ | १८७ | ३.१ |

| क्र. सं. | जिल्ला | प्रतिष्ठान सङ्ख्या | जम्मा | पुरुष | महिला | अनुपात | सङ्लग्न औसत जनशक्ति |
|---|---|---|---|---|---|---|---|
| २९ | कञ्चनपुर | ११,५०१ | ३६,०६२ | २५,०४८ | ११,०१४ | २२७ | ३.१ |
| कुल | | ६५३,८५३ | २,३६४,७३२ | १,५१९,८५५ | ८४४,८७७ | | |
| नेपालको कुलमध्ये अध्ययन क्षेत्रको प्रतिशत | | ७१ | ७३ | ७६ | ६९ | | |
| नेपाल | | ९२३,३५६ | ३,२२८,४५७ | २,०१२,२३७ | १,२१६,२२० | १६५ | ३.५ |

स्रोतः राष्ट्रिय आर्थिक गणना, २०७५, राष्ट्रिय तथ्याङ्क कार्यालय

## ८.२ सङ्लग्न जनशक्तिको आकार अनुसार व्यावसायिक प्रतिष्ठान

व्यावसायिक एकाइमा सङ्लग्न जनशक्तिको आकारले सम्बन्धित एकाइले रोजगारी सिर्जनमा गरेको योगदानका साथै सम्बन्धित व्यावसायिक एकाइको स्तरसमेतलाई सङ्केत गर्दछ । उल्लिखित आर्थिक गणनाअनुसार नेपालमा १०० वा सोभन्दा बढी जनशक्ति सङ्लग्न भएका व्यावसायिक प्रतिष्ठानको सङ्ख्या १७८७ रहेकोमा ८७ प्रतिशत अर्थात् १५५९ वटा अध्ययन क्षेत्रका २९ जिल्लाहरूमा रहेका छन् भने ५० देखि ९९ जनशक्ति सङ्लग्न रहेका व्यावसायिक प्रतिष्ठानको हिस्सा ८५ प्रतिशत रहेको छ । थप जिल्लागत विवरण विवरण देहायअनुसार रहेको छ :

तालिका २५ : सङ्लग्न जनशक्तिको आकार अनुसार व्यावसायिक प्रतिष्ठान सङ्ख्या

| क्र.सं. | जिल्लाको नाम | संलग्न जनशक्तिको आकार अनुसार प्रतिष्ठान संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा प्रतिष्ठान संख्या | १-०९ | १०-४९ | ५०- ९९ | १०० र सो भन्दा माथि |
| १ | झापा | ३८,७८९ | ३७,४११ | १,२५१ | ६९ | ५८ |
| २ | मोरङ | ३५,२४७ | ३३,८४८ | १,१९७ | १११ | ९१ |
| ३ | सुनसरी | ३१,५३६ | ३०,२८० | १,१४८ | ६३ | ४५ |

| क्र.सं. | जिल्लाको नाम | संलग्न जनशक्तिको आकार अनुसार प्रतिष्ठान संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा प्रतिष्ठान संख्या | १-०९ | १०-४९ | ५०- ९९ | १०० र सो भन्दा माथि |
| ४ | उदयपुर | ११,५१५ | ११,१८४ | ३२३ | ४ | ४ |
| ५ | सप्तरी | १६,२९५ | १५,८८३ | ३६४ | १९ | २९ |
| ६ | सिराहा | १३,१३७ | १२,७६७ | ३२७ | ११ | ३२ |
| ७ | धनुषा | १७,९६५ | १७,३२५ | ५७९ | ३६ | २५ |
| ८ | महोत्तरी | १४,०४९ | १३,६८३ | ३३० | १३ | २३ |
| ९ | सर्लाही | १५,२६० | १४,८६३ | ३५४ | २५ | १८ |
| १० | रौतहट | १२,७९० | १२,३७३ | ३५६ | २७ | ३४ |
| ११ | बारा | १२,४४९ | ११,९५६ | ४०० | ४३ | ५० |
| १२ | पर्सा | १५,७२५ | १५,१४५ | ५१९ | ३१ | ३० |
| १३ | काठमाडौँ | १२५,०४७ | ११७,०९५ | ६,९२१ | ५५४ | ४७७ |
| १४ | भक्तपुर | १९,६३१ | १८,४०० | १,०६३ | ८९ | ७९ |
| १५ | ललितपुर | २७,००९ | २५,०१७ | १,७३० | १४० | १२२ |
| १६ | सिन्धुली | ८,००१ | ७,०३२ | ९५१ | १४ | ४ |
| १७ | मकवानपुर | १६,०४१ | १५,४२५ | ५६१ | ३३ | २२ |
| १८ | चितवन | २९,२३७ | २७,९३३ | १,१६५ | ९१ | ४८ |
| १९ | कास्की | ३०,७४५ | २९,१४९ | १,४२८ | १२० | ४८ |
| २० | नवलपरासी पूर्व | १२,७४५ | १२,२९८ | ३९८ | २६ | २३ |
| २१ | स्याङ्जा | ७,४१० | ७,०९४ | ३०३ | १२ | १ |
| २२ | नवलपरासी पश्चिम | ११,२०८ | १०,७८८ | ३६० | २७ | ३३ |
| २३ | रुपन्देही | ३८,४०३ | ३६,८७५ | १,२९७ | १३३ | ९८ |

| क्र.सं. | जिल्लाको नाम | संलग्न जनशक्तिको आकार अनुसार प्रतिष्ठान संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा प्रतिष्ठान संख्या | १-०९ | १०-४९ | ५०- ९९ | १०० र सो भन्दा माथि |
| २४ | कपिलवस्तु | १३,६०७ | १३,१९८ | ३४३ | २८ | ३८ |
| २५ | दाङ | १४,४२१ | १३,८४५ | ५३८ | २२ | १६ |
| २६ | बाँके | १८,६६६ | १७,८१२ | ७४७ | ६४ | ४३ |
| २७ | बर्दिया | १४,८९६ | १४,३६६ | ५०५ | १४ | ११ |
| ३६ | सुर्खेत | ११,८२० | ११,३७९ | ४१५ | १६ | १० |
| ३७ | कैलाली | २१,५४४ | २०,५५८ | ९०९ | ५१ | २६ |
| ३८ | कञ्चनपुर | ११,५०१ | १०,९५९ | ४९७ | २४ | २१ |
| अध्ययन क्षेत्रको कुल | | ६६६,६८९ | ६३५,९४१ | २७,२७९ | १,९१० | १,५५९ |
| नेपालमा अध्ययन क्षेत्रको हिस्सा | | ७२ | ७२ | ७० | ८५ | ८७ |
| नेपाल | | ९२३,३५६ | ८८०,५४२ | ३८,७६९ | २,२५८ | १,७८७ |

स्रोतः राष्ट्रिय आर्थिक गणना, २०७५, राष्ट्रिय तथ्याङ्क कार्यालय

## ८.३ भोगचलनमा रहेका जग्गाको सङ्ख्या आकार खण्डीकरण र सिंचाइ सुविधा

भोगचलनमा रहेका जग्गाको सङ्ख्या, आकार, जग्गा खण्डीकरणको अवस्था र सिंचाइ सुविधाले कृषि विकासको अवस्थालाई सङ्केत गर्दछ । अध्ययन क्षेत्रसहित सिङ्गो नेपाल कृषि प्रधान भएको हुँदा यी तथ्याङ्कहरूले अर्थतन्त्रको आकारलाई प्रभावित गर्दछन् ।

तालिका २६ : सङ्लग्न जनशक्तिको आकार अनुसार व्यावसायिक प्रतिष्ठान सङ्ख्या

| क्र. सं. | जिल्ला | स्वामित्वमा रहेका कुल जग्गा सङ्ख्या (No. of landholding) | स्वामित्वमा रहेका जग्गाको आकार (Size of landholding) | खण्डिकृत जग्गाको सङ्ख्या (Number of parcels) | सिंचित क्षेत्र (Irrigated area (ha.) |
|---|---|---|---|---|---|
| १ | झापा | १४८१३३ | ९४१६५ | २४६१५७ | ६७७३३ |
| २ | मोरङ | १४५३१८ | ९८२३३ | २८९०१४ | ८१३८१ |
| ३ | सुनसरी | ९७७७० | ६६४३९ | २२१९२९ | ५५९३३ |
| ४ | सप्तरी | १०४६६० | ६७२९२ | ३४०९६१ | ४५०२५ |
| ५ | सिराहा | १०४९४३ | ७४०६३ | ३५३६०४ | ५०५१४ |
| ६ | धनुषा | १०५२५५ | ६४८२६ | ३५९४८० | ४६८५६ |
| ७ | महोत्तरी | ८७०६२ | ५९४१८ | २४१०५५ | ३३९६९ |
| ८ | सर्लाही | १०५२३० | ७३२७१ | २६११४१ | ५२००५ |
| ९ | रौतहट | ८६८३५ | ५६९३६ | २३०८८० | ५०४०८ |
| १० | बारा | ८४१३८ | ५२८१४ | २२६९५८ | ४८०९३ |
| ११ | पर्सा | ६०२१७ | ४३८७८ | १६०७१९ | ३८७६१ |
| १२ | चितवन | ८९५१९ | ३५६४७ | १६४३३६ | २५५२१ |
| १३ | नवलपरासी पूर्व | ५५४१२ | २१०९० | ११५१०२ | १३७३१ |
| १४ | नवरपरासी पश्चिम | ५५०९८ | ३०१२४ | १६२१२० | २३१३६ |
| १५ | रुपन्देही | ११७३३३ | ६५५५५ | ३६५८२८ | ५५८१५ |
| १६ | कपिलवस्तु | ८४६७५ | ६१२१७ | ३३१७१७ | ४०८८० |
| १७ | बाँके | ६७८८५ | ३६८२८ | १४९७७५ | २५११५ |
| १८ | बर्दिया | ८०७४४ | ४५१५७ | १७८०६५ | ३९१६९ |

| क्र. सं. | जिल्ला | स्वामित्वमा रहेका कुल जग्गा सङ्ख्या (No. of landholding) | स्वामित्वमा रहेका जग्गाको आकार (Size of landholding) | खण्डिकृत जग्गाको सङ्ख्या (Number of parcels) | सिंचित क्षेत्र (Irrigated area (ha.) |
|---|---|---|---|---|---|
| १९ | कैलाली | १२७०१६ | ६२७३४ | ३०१५७९ | ५५०४२ |
| २० | कञ्चनपुर | ८६१७० | ४२२४९ | १६४३८१ | ३७६९१ |
| २१ | उदयपुर | ६१५४६ | २६२४२ | १२६८०५ | ११२९६ |
| २२ | काठमाडौं | ५०८५७ | ७४०६ | ८७४३२ | ३६५६ |
| २३ | भक्तपुर | २५९८३ | ३८९६ | ६८९०९ | १९०३ |
| २४ | ललितपुर | २९९९१ | ६१७८ | ४५२७६ | २८५४ |
| २५ | सिन्धुली | ५४७३५ | २५०३८ | १२८४०८ | ११३९६ |
| २६ | मकवानपुर | ६७५२३ | २८२०८ | १२१४३७ | ७९४५ |
| २७ | सुर्खेत | ६२५२६ | २४१३९ | १३३८७९ | १०९८३ |
| २८ | कास्की | ५३२२८ | १९१६४ | ११७४७६ | १०३१६ |
| २९ | दाङ | १०१८८० | ४९२७८ | २३६८८२ | ३३६६३ |

स्रोत : राष्ट्रिय कृषि गणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

## ८.४ घरधुरीको आम्दानीको मुख्य स्रोत र कुल आम्दानीमा कृषी क्षेत्रको हिस्सा

घरधुरीको आम्दानीको मुख्य स्रोत र कुल आम्दानीमा कृषी क्षेत्रको हिस्सासम्बन्धी तथ्याङ्कले समुदायको आर्थिक आधारलाई स्पष्ट सङ्केत गर्दछ । राष्ट्रिय कृषि गणनाको नतिजा अनुसार तराई मधेशका २१ र अध्ययन क्षेत्रका सम्पूर्ण २९ जिल्लामा ६५ प्रतिशत घरधुरीको आम्दानीको मुख्य स्रोत कृषि देखिएको छ भने ३५ प्रतिशतको आम्दानीको मुख्य स्रोत गैरकृषि क्षेत्र देखिएको छ । तर समग्र नेपालमा ७० प्रतिशत घरधुरीको आम्दानीको मुख्य स्रोत कृषि देखिएको छ भने ३० प्रतिशतको आम्दानीको मुख्य स्रोत गैरकृषि क्षेत्र देखिएको छ । यस तथ्याङ्ले नेपालका अन्य क्षेत्रहरूको

तुलनामा तराई-मधेश क्षेत्रमा गैरकृषि क्षेत्र बढी सक्रिय रहेको देखिन्छ । यस्तैगरी, सिङ्गो नेपालमा कृषि उपजले ४५ प्रतिशतलाई मात्र घरधुरीको उपभोगका लागि कृषि उपजको पर्याप्तता हुने देखिन्छ भने तराई-मधेशका २१ जिल्लामा ५८ प्रतिशतलाई र अध्ययन क्षेत्रका २९ जिल्लामा ५५ प्रतिशतलाई उत्पादित कृषि उपज घरधुरीको उपभोगका लागि पर्याप्त हुने देखिएको छ । यस सम्बन्धी थप तथ्याङ्क देहायको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २७ : आम्दानीको मुख्य स्रोत र कुल आम्दानीमा कृषि क्षेत्रको हिस्सा

| क्र. सं. | जिल्ला | भोगचलनका कुल जग्गा (Number of holdings) | घरधुरीको मुख्य आम्दानी स्रोत | | घरधुरीको कुल आम्दानीमध्ये कृषि क्षेत्रको आम्दानीको हिस्सा (प्रतिशतमा) | | | | घरधुरीको उपभोगका लागि कृषि उपजको पर्याप्तता | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषी | गैरकृषी | <२५ | २५-४९ | ५०-७४ | ७५-१०० | पर्याप्त हुने | अपर्याप्त हुने |
| १ | झापा | १४८,१३३ | ८९,१११ | ५९,०२२ | ३६,८५५ | २६,८४६ | ३८,९५२ | ४५,४८० | ७९,५१३ | ६८,६२० |
| २ | मोरङ | १४५,३१८ | ९३,६३३ | ५१,६८५ | २७,८०९ | २८,७१६ | ४०,५९३ | ४८,२०० | ८१,०८३ | ६४,२३५ |
| ३ | सुनसरी | ९७,७७० | ५७,०९८ | ४०,६७२ | २१,२८० | २०,८१३ | २९,३२३ | २६,३५३ | ५३,९२६ | ४३,८४४ |
| ४ | सप्तरी | १०४,६६० | ७१,२२० | ३३,४४० | १५,५४८ | २४,८६५ | ३०,५३१ | ३३,७१६ | ६३,०७३ | ४१,५८७ |
| ५ | सिराहा | १०४,९४३ | ७०,००७ | ३४,९३६ | १९,०४४ | २४,६५८ | ३३,१२२ | २८,११९ | ५९,८५० | ४५,०९३ |
| ६ | धनुषा | १०५,२५५ | ५९,२७८ | ४५,९७८ | २२,९७२ | २६,५६५ | ३२,८५० | २२,८६७ | ५५,४५५ | ४९,८०१ |
| ७ | महोत्तरी | ८७,०६२ | ५२,८१२ | ३४,२५० | १९,७६७ | २३,२११ | २३,८३२ | २०,२५२ | ४६,२६६ | ४०,७९६ |
| ८ | सर्लाही | १०५,२३० | ७१,२२५ | ३४,००५ | २१,५८३ | २१,८११ | २९,३०३ | ३२,५३३ | ५६,७५८ | ४८,४७३ |
| ९ | रौतहट | ८६,८३५ | ५६,६१० | ३०,२२५ | १४,६९९ | १८,९४५ | २९,०७२ | २४,११९ | ४७,२२० | ३९,६१५ |
| १० | बारा | ८४,१३८ | ५५,२९८ | २८,८४० | ९,६४४ | १८,९५४ | २६,९६९ | २८,५७१ | ५३,०८४ | ३१,०५३ |
| ११ | पर्सा | ६०,२१७ | ३७,९५४ | २२,२६३ | ८,४०७ | १३,५२३ | १९,२६९ | १९,०१८ | ३९,०८७ | २१,१२९ |
| १२ | चितवन | ८९,५१९ | ६०,०३१ | २९,४८८ | १५,१३६ | २०,८४४ | २७,६४७ | २५,८९१ | ५१,५५५ | ३७,९६४ |

| क्र. सं. | जिल्ला | भोगचलनका कुल जग्गा (Number of holdings) | घरधुरीको मुख्य आम्दानी स्रोत | | घरधुरीको कुल आम्दानीमध्ये कृषि क्षेत्रको आम्दानीको हिस्सा (प्रतिशतमा) | | | | घरधुरीको उपभोगका लागि कृषि उपजको पर्यासता | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषी | गैरकृषी | <२५ | २५-४९ | ५०-७४ | ७५-१०० | पर्याप्त हुने | अपर्याप्त हुने |
| १३ | परासी पूर्व | ५५,४१२ | ३३,४४२ | २१,९७० | ९,७१२ | १३,४३३ | १५,५३३ | १६,७३३ | २७,३७३ | २८,०३९ |
| १४ | परासीपश्चिम | ५५,०९८ | ३६,८५२ | १८,२४७ | १०,४७६ | ११,८१५ | १६,७९९ | १६,००९ | ३५,६७७ | १९,४२१ |
| १५ | रुपन्देही | ११७,३३३ | ७५,४४९ | ४१,८८४ | १८,४६७ | ३०,९३९ | ३९,८५८ | २८,०६९ | ७९,८७६ | ३७,४५७ |
| १६ | कपिलवस्तु | ८४,६७५ | ६५,०३६ | १९,६३९ | ७,४४२ | १६,८८१ | ३३,८७६ | २६,४७६ | ४९,६८१ | ३४,९९३ |
| १७ | दाङ | १०१,८८० | ६१,८२८ | ४०,०५२ | १८,८३० | २३,२२८ | ३४,९७७ | २४,८४५ | ५१,७६६ | ५०,११४ |
| १८ | बाँके | ६७,८८५ | ४६,४४८ | २१,४३८ | १२,५०६ | १५,३७४ | २१,४४२ | १८,५६४ | ३८,०८५ | २९,८०१ |
| १९ | बर्दिया | ८०,७४४ | ५८,५३४ | २२,२११ | १३,५२० | १८,०३२ | २८,३६० | २०,८३२ | ५२,७७८ | २७,९६६ |
| २० | कैलाली | १२७,०१६ | ८०,४१७ | ४६,६०० | २७,२६७ | ३०,६४० | ४०,६२२ | २८,४८७ | ७६,३१२ | ५०,७०४ |
| २१ | कञ्चनपुर | ८६,१७० | ६१,२१० | २४,९५९ | ११,९१९ | १८,५५७ | २८,११७ | २७,५७६ | ५४,७२१ | ३१,४४८ |
| तराई- मधेशको कुल | | १,९९५,२९३ | १२९३४८९ | ७०१,८०३ | ३६२८८४ | ४४८६५० | ६२१०४८ | ५६२७११ | १,१५३,१४१ | ८४२,१५२ |
| प्रतिशत | | | ६५ | ३५ | १८ | २२ | ३१ | २८ | ५८ | ४२ |
| २२ | उदयपुर | ६१,५४६ | ४७,९३० | १३,६१६ | १०,४५२ | १२,६३३ | २१,६७७ | १६,७८४ | २६,०६५ | ३५,४८१ |

| क्र. सं. | जिल्ला | भोगचलनका कुल जग्गा (Number of holdings) | घरधुरीको मुख्य आम्दानी स्रोत | | घरधुरीको कुल आम्दानीमध्ये कृषि क्षेत्रको आम्दानीको हिस्सा (प्रतिशतमा) | | | | घरधुरीको उपभोगका लागि कृषि उपजको पर्याप्तता | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषी | गैरकृषी | <२५ | २५-४९ | ५०-७४ | ७५-१०० | पर्याप्त हुने | अपर्याप्त हुने |
| २३ | काठमाडौं | ५०,८५७ | २२,८४१ | २८,०१६ | १८,७०२ | १०,८२२ | ११,६४१ | ९,६९१ | १६,४६२ | ३४,३९५ |
| २४ | भक्तपुर | २५,९८३ | ११,१५५ | १४,८२८ | ४,९१५ | ७,९७१ | ७,२६२ | ५,८३५ | ९,४९३ | १६,४९० |
| २५ | ललितपुर | २९,९९१ | १५,०९५ | १४,८९६ | ५,६५२ | ५,४६१ | ९,९०३ | ८,९७४ | १०,८०० | १९,१९१ |
| २६ | सिन्धुली | ५४,७३५ | ४३,६२५ | ११,११० | ३,८८५ | ८,५१८ | २०,६८९ | २१,६४३ | २६,५५२ | २८,१८३ |
| २७ | मकवानपुर | ६७,५२३ | ५४,८१५ | १२,७०९ | ५,१५० | ११,८४७ | २५,४५३ | २५,०७४ | ३८,२२२ | २९,३०१ |
| २८ | कास्की | ५३,२२८ | २६,१९४ | २७,०३४ | १३,९४२ | १४,४५६ | १३,८२४ | ११,००६ | २०,८३१ | ३२,३९७ |
| २९ | सुर्खेत | ६२,५२६ | ४८,१५३ | १४,३७३ | ७,७६२ | १४,५८६ | २२,६१४ | १७,५६४ | २७,१४९ | ३५,३७८ |
| अध्ययन क्षेत्रको कुल | | २,४०१,६८२ | १,५६३,३६२ | ८३८,४२१ | ४३३,३६३ | ५३४,९६६ | ७५४,१४२ | ६७९,३१२ | १,३२८,७७१ | १,०७३,०११ |
| प्रतिशत | | | ६५ | ३५ | १८ | २२ | ३१ | २८ | ५५ | ४५ |
| नेपालको कुल | | ४,१३०,७८९ | २,९०६,६०७ | १,२२४,१८२ | ६३९,५७९ | ९५७,९५३ | १,४१८,५०२ | १११४७५५ | १,८५६,७९४ | २,२७३,९९५ |
| | | | ७० | ३० | १५ | २३ | ३४ | २७ | ४५ | ५५ |

स्रोत : राष्ट्रिय कृषि गणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

# परिच्छेद ९ : निष्कर्ष एवम् सुझाव

द्वितीय स्रोतको तथ्याङ्कामा आधारित रही तयार गरिएको यस प्रतिवेदनले नेपालमा मधेशी समुदायको वस्तुस्थिति चित्रण गर्ने दृष्टिकोणले महत्वपूर्ण कार्य गरेको छ । यस प्रतिवेदनले नेपालमा मधेशी समुदायको आकार यकीन गर्ने, मधेशी समुदायका भाषभाषीको सङ्ख्या यकीन गर्ने, मधेशी समुदायसँग सम्बन्धित प्रमुख कला, संस्कृति, परम्पराको एकीकृत अभिलेख कायम गर्ने तथा नेपालको मूल प्रवाहमा मधेशी समुदायको आर्थिक तथा सामाजिक अवस्थाको पहिचान गर्ने दिशामा उपलब्ध साधन स्रोत तथा तथ्याङ्कलाई मध्यनजर गर्दा यस प्रतिवेदनको योगदान निकै महत्वपूर्ण रहेको अपेक्षा गरिएको छ ।

## ९.१ निष्कर्ष

यस अध्ययनका प्रमुख निष्कर्षहरु देहायअनुसार रहेका छन् ।

१. मधेशी समुदायको स्पष्ट सर्वमान्य परिभाषा कायम नभएको हुँदा मधेशी समुदायको आकार यकीन गर्ने, मधेशी समुदायसँग सम्बन्धित भाषा, कला, संस्कृति, परम्परा जस्ता विषयहरुको यकीन गर्नेलगायतका कार्यहरु कठिन हुन गएको छ ।

२. मधेशी समुदायको मुल बसोवास रहेको तराई–मधेश क्षेत्रमा विगत आधी शताव्दीयता जनसङ्ख्या तीव्र रूपमा वृद्धि हुँदै आएको छ । हाल यस क्षेत्रमा नेपालको बहुमत जनसङ्ख्या केन्द्रिकृत भएको छ । (तालिका–८)

३. नेपालमा मधेशी समुदायको कुल जनसङ्ख्या थारू र मुसलमान समुदायबाहेक करिब २५ प्रतिशत रहेको देखिएको छ । (तालिका–९)

४. तराई–मधेशका २१ जिल्लामा मधेशी समुदायको हिस्सा कुल जनसङ्ख्याको ४० प्रतिशत रहेको छ । (तालिका–७)

५. भित्री–मधेशका चारवटा जिल्लाहरु (उदयपुर, सिन्धुली, मकवानपुर, सुर्खेत) मा मधेशी समुदायको हिस्सा कुल जनसङ्ख्याको ५.२ प्रतिशत रहेको छ ।

६. काठमाडौं उपत्यकामा मधेशी समुदायको हिस्सा ४.१ प्रतिशत र पोखरा उपत्यका (कास्की) मा २.३ प्रतिशत रहेको छ ।

७. राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजमा नेपालमा कुल १२६ भाषाभाषी

पहिचान गरेकोमा मधेशी आयोगले पहिचान गरेका मधेशी समुदायहरूले बोल्ने भाषा-भाषीको सङ्ख्या ३७ वटा रहेको पाइयो ।

८. सङ्घ तथा प्रदेश सरकारले समावेशी नीति प्रवर्द्धन गर्दै मधेशी समुदायलगायत अन्य समुदायहरूका लागि आरक्षणको व्यवस्था गरिएको छ । महत्वपूर्ण सार्वजनिक क्षेत्रहरू जस्तै- निर्वाचन, निजामती सेवा, सशस्त्र प्रहरी, प्रहरी सेवा, शिक्षक सेवा, स्वास्थ्य सेवालगायतका क्षेत्रमा मधेशी समुदायलगायत अन्य समुदायलाई आरक्षणको व्यवस्था गरिएको छ (परिच्छेद ५) । यसैगरी नेपालका सातवटै प्रदेश सरकारहरूले पनि मधेशी समुदायलगायत अन्य समुदायलाई निजामती सेवामा आरक्षणको व्यवस्था गरिएको छ । यसरी सङ्घीय तथा प्रदेश सरकारहरूले कार्यान्वयनमा ल्याएको समावेशी नीतिले राज्यका महत्वपूर्ण निकाय तथा अङ्गहरूमा मधेशीलगायत अन्य समुदायको उपस्थिति/सहभागिता वृद्धि गर्न महत्वपूर्ण सहयोग पुगेको देखिएको छ । तर समग्र जनसङ्ख्याको अनुपातमा मधेशी समुदायको समानुपातिक प्रतिनिधित्व भइसकेको छैन (तालिका १८) । केही उदाहरणहरू-

- ♦ नेपाली सेनामा मधेशी जनसङ्ख्याको प्रतिनिधित्व (मधेशी समुदायका कर्मचारीको हिस्सा) २.९ प्रतिशत, सशस्त्र प्रहरीमा ७.०९ प्रतिशत, राष्ट्रिय मानव अधिकार आयोगमा १४.८ प्रतिशत, राष्ट्रिय महिला आयोगमा ७.४ प्रतिशत, लोक सेवा आयोगमा ६.० प्रतिशत, सङ्घीय संसद् सचिवालयमा ४.५ प्रतिशत, त्रिभुवन विश्वविद्यालयमा २.१ प्रतिशत, रेडियो नेपालमा ११.८ प्रतिशत रहेको ।

१. मधेशी समुदायअन्तर्गत १५० जातजाति, ८९ भाषाभाषी, अनेकौं संस्कृति एवम् परम्परा रहेकोले यो समुदाय सांस्कृतिक विविधताले भरिपूर्ण समुदायका रूपमा रहेको देखिएको छ । विविधतापूर्ण जातिगत संरचना, भाषा र संस्कृतिले यस समुदायलाई सम्पन्न बनाएको छ ।

१. मधेशी समुदायका ब्राह्मण क्षेत्रीको अवस्था यस समुदायका अन्य जातिको तुलनामा सुदृढ रहेको देखिन्छ । तर राजनीतिक दलमा सहभागिताका दृष्टिकोणले समग्रमा कमजोर नै रहेको छ । केही उदाहरण-

- ♦ कुल जनसङ्ख्यामा मधेशी ब्राह्मण क्षेत्रीको हिस्सा ०.८ र अन्य मधेशी जातको हिस्सा १४.५ प्रतिशत रहेको छ भने निजामति सेवामा मधेशी ब्राह्मण क्षेत्री ३.३ प्रतिशत र अन्य मधेशी जात ९.७ प्रतिशत रहेका छन् (तालिका-१७) ।

- राजनीतिक दलका केन्द्रीय समितिमा तराईका ब्राह्मण क्षेत्रीको प्रतिनिधित्व ४.१ प्रतिशत मात्र रहेको छ । पहाडी ब्राह्मणको २४.३ प्रतिशत र पहाडी क्षेत्रीको १८.१ प्रतिशत रहेको छ ।

**१. मधेशका दलितहरूको अवस्था सामाजिक आर्थिक रुपमा अन्य समुदायको तुलनामा निकै कमजोर रहेको देखिन्छ । केही उदाहरणहरू :**

- तराईका ब्राह्मण क्षेत्रीको प्रौढ साक्षरता दर ८० प्रतिशत रहेको छ भने तराई दलितको प्रौढ साक्षरता दर २३.१ प्रतिशत मात्र रहेको छ (तालिका २१) ।
- आधुनिक शौचालय सुविधामा घरधुरीको पहुँच हेर्दा तराई ब्राह्मण क्षेत्री ४९ प्रतिशतका घरमा आधुनिक शौचालय सुविधा रहेको देखिन्छ भने तराई दलितमध्ये ५.५ प्रतिशतका घरमा मात्र आधुनिक शौचालय सुविधा रहेको पाइन्छ (तालिका २१) ।
- तराईका ब्राह्मण क्षेत्रीहरुमा जमिनमाथिको स्वामित्व औसत ०.५७९९ हे (०.८५ बिघा) रहेको देखिन्छ भने तराईका तराईका दलितहरुमा ०.१८९५ हे (०.२८ बिघा) मात्र रहेको देखिन्छ (तालिका २१) ।
- तराईका ब्राह्मण क्षेत्रीहरुको आर्थिक पहुँच सूचक ०.५२११ रहेको देखिन्छ भने तराई दलितको आर्थिक पहुँच सूचक ०.२३१० रहेको देखिन्छ (तालिका २१) ।
- गरिबीको दृष्टिकोणले हेर्दा तराईका ब्राह्मणहरुमध्येमा १८.६१ प्रतिशत गरिबीको रेखामुनि, तराईका मध्यम जातिहरुमध्ये २८.६९ प्रतिशत गरिबीको रेखामुनि र तराईका दलितमध्ये ३८.१६ प्रतिशत गरिबीको रेखामुनि रहेको देखिन्छ (तालिका २५) ।

## ९.२ सुझाव

१. सङ्घीय, प्रदेश, स्थानीय तह तथा अन्य संस्थाहरुले कर्मचारी, पदाधिकारी नियुक्तिलगायतका कार्यहरुमा जनसाङ्ख्यिक अनुपातलाई आधार लिई समानुपातिक रूपमा सम्बन्धित समुदायभित्र प्रतिस्पर्धा गराई उपलब्ध गराउनु बाञ्छनीय देखिन्छ ।

२. मधेशी समुदायभित्र पनि तराई दलितको अवस्था अन्य मधेशी समुदायको तुलनामा निकै पछि परेको हुँदा मूल प्रवाहीकरण तथा सामाजिक आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्न तराई दलितहरु रहेको क्षेत्रलाई केन्द्रीकृत गर्न र तराई दलितलाई लक्षियत वर्गका रूपमा छनोट गर्नु आवश्यक देखिन्छ ।

## ३. सन्दर्भ सामग्री

१. विद्यमान सरकारी सेवामा आरक्षणको प्रभाव अध्ययन प्रतिवेदन, २०७६, राष्ट्रिय समावेशी आयोग, पुल्चोक ललितपुर

२. मधेसी संस्कृति र यसको सामाजिक रुपान्तरण, हिरालाल कर्ण, HISAN Journal, Vol -8, No- 1, Dec. 2022)

१. मिथिलाका चाडपर्व र तिनको वैशिष्ट्य - साहित्य सङ्ग्रहालय (sahityasangraha.com)

२. The Nepal Multidimensional Social Inclusion Index, march, 2014, Central Department Of Sociology/Anthropology, Tribhuvan University, Kathmandu.

३. Nepal National Governance Survey, Nepal Administrative Staff College, Lalitput, 2017/18

४. Gender Equality and Social Inclusion Diagnostic of Selected Sectors in Nepal, October 2020, Asian Development Bank.

५. https://hamrakura.com/news-details/163211/2024-01-27

६. https://nepalisahityaghar.com/2021/07/24/5499/

७. https://www.prasashan.com/2020/05/21/179611/

८. https://www.prasashan.com/2020/01/03/158737/

९. https://www.nayapatrikadaily.com/news-details/77575/2021-12-30

१०. https://beta.gorkhapatraonline.com/arts/2020-03-07-9799

११. https://www.nepalgunjnews.com/views/20180726139/

१२. https://ratokalam.com/news/detail/74881/

१३. https://indigenousvoice.com/ra-java-sha

१४. https://kathmandupost.com/national/2023/07/21/numerical-strength-of-nepal-army-comes-into-focus-once-again

१५. https://hi.wikipedia.org/wiki/%E0%A4%AD%E0%A5%8B%E0%A4%9C%E0%A4%AA%E0%A5%81%E0%A4%B0%E0%A5%80_%E0%A4%AD%E0%A4%BE%E0%A4%B7%E0%A4%BE

१६. https://hindivivek.org/370